
# लेखापरीक्षण प्रतिवेदन

# सुन्दरहरैंचा नगरपालिका, मोरङ

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## सुन्दरहरैंचा नगरपालिका, मोरङ

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/482

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
सुन्दरहरैँचा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
बिराटचोक, मोरङ।

**कैफियतसहितको राय**

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेस गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.४२ करोड ८५ लाख १३ हजार, पर्यटन पूर्वाधार विकास आयोजनाको रु.८० लाख १२ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१ करोड ३४ लाख १९ हजार समेत गरी जम्मा रू.४४ करोड ९९ लाख ४४ हजार समावेश गरेको छैन।

२.नगरपालिकाको रु.३ अर्ब २३ करोड ४५ लाख ७४ हजार लेखापरीक्षण गरिएकोमा रु.४ करोड ३६ लाख ४४ हजार (१.३५ प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.६५ लाख १७ हजारको प्रतिक्रियाबाट फस्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.२४ लाख ५९ हजार, नियमित गर्नुपर्ने रु.२ करोड १७ लाख ५३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१ करोड २४ लाख ९५ हजार र पेस्की बाँकी रु.४ लाख २० हजार रहेको छ । गत वर्षसम्म रु.५२ करोड ७५ लाख २० हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.२८ करोड६२ लाख रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित न्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने सुन्दरहरैँचा नगरपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी सुन्दरहरैँचा नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।



( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८६ | ९७ | ४३६४४०९१ | ० | ११ | ६५१६९४२ | ० | ८६ | ८६ | ३७१२७१४९ | २४५८५९७ | २१७५३२२३ | १२४९५३२९ | ० | ० | ३४२४८५५२ | ४२००००० |

अद्यावधिक बेरुजु स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मोरङ | ५२७५२०००० | ० | २७९१८५७५९ | २४८३३४२४१ | ७३८३८० | ३७१२७१४९ | २८६१९९७७० |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५ | आन्तरिक लेखापरीक्षण | ४२५० |
| ३ | २०८०/८१ | ४४ | पारिवारीक सरुवा भ्रमण भत्ता भुक्तानी | १३७०० |
| ४ | २०८०/८१ | ४९ | पारिवारीक भ्रमण भत्तामा बढी भुक्तानी | १६४०० |
| २ | २०८०/८१ | ५९ | शिक्षातर्फ | १३४०६४ |
| ५ | २०८०/८१ | ६७ | परामर्श सेवा | ६३४८५२८ |
| **प्रतिक्रियाबाट फस्यौंट भएको जम्मा** | | | | **६५१६९४२** |
| १ | २०७९/८० | १३ | कर्मचारी करार | १४५६६६०७ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| २ | २०७९/८० | १६ | सामाजिक सुरक्षा कोष | २९२४३४० |
| ३ | २०७९/८० | २९ | उपभोक्ता समितिको अंश | ४८०००० |
| ४ | २०७९/८० | ३१ | पेस्की बाँकी | ५६८०५०० |
| ५ | २०७९/८० | ३४ | करारका कर्मचारीलाई महंगी भत्ता | १०५६००० |
| ६ | २०७९/८० | ३५ | कर्मचारीको तह वृद्धि | २२४८८ |
| ७ | २०७९/८० | ३७ | स्पेशिफिकेशन | ३९५५०० |
| ८ | २०७९/८० | ४०.४ | पुनर्ताजगी तालिम | ७८३०० |
| ९ | २०७९/८० | ४१ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता कार्यक्रम | ५५१३६२ |
| १० | २०७९/८० | ४४ | पारिश्रमिक कर | १२६५५ |
| ११ | २०७९/८० | ५१ | कृषि अनुदान | ४६२६२५ |
| १२ | २०७९/८० | ५२ | धान बाली प्रवद्बन कार्यक्रम | १०५१७९ |
| १३ | २०७९/८० | ६५ | लागत अनुमान तथा कोटेशन | २९४००० |
| १४ | २०७९/८० | ७६ | अन्य निकायको खर्च | २१०९४९२ |
| १५ | २०७९/८० | ७७ | गत वर्षको खर्च भुक्तानी | १२२१६२९७ |
| १६ | २०७९/८० | ८३ | हर्जाना असुल गर्नुपर्ने | ७८७२२२ |
| १७ | २०७९/८० | ९४ | कोटेशन नलिइ खरिद | ८२७८३६ |
| १८ | २०७९/८० | ९५ | शीर्षक फरक पारी खर्च | ३८१२६८८ |
| १९ | २०७९/८० | ११४ | उपभोक्ता समितिको इकाई | ३९३२००० |
| २० | २०७९/८० | ११८ | अधुरो कार्य | ९४३८०७ |
| २१ | २०७९/८० | १२२ | आर्थिक व्ययभार | ८८४३५६ |
| २२ | २०७९/८० | १२४ | भुक्तानी बाँकीको कच्चावारी वेगर भुक्तानी | २४९३३८० |
| २३ | २०७९/८० | १२५ | कार्यालयको काम उपभोक्ता समिति मार्फत गराएको | २७४६४३० |
| २४ | २०७८/७९ | २४ | करार कर्मचारी व्यवस्थापन | ९४८४४१० |
| २५ | २०७८/७९ | २५ | कर्मचारी प्रोत्साहन भत्ता | ३६२२८०७ |
| २६ | २०७८/७९ | २६ | कर्मचारी कल्याण कोष | २०००००० |
| २७ | २०७८/७९ | ३४ | पेश्की बाँकी | १४८११८८ |

| | | | | |
|---|---|---|---|---|
| २८ | २०७८/७९ | ४२ | नदीजन्य पदार्थ ठेक्का | २६२२०१२० |
| २९ | २०७८/७९ | ४९ | अमानतबाट सरसफाई कार्य | ३६०००० |
| ३० | २०७८/७९ | ५२ | कर्मचारी बढुवा | ४९७९२३ |
| ३१ | २०७८/७९ | ५५ | पारिश्रमिक कर | २७९२५ |
| ३२ | २०७८/७९ | ५९ | राजस्व सम्बन्धी तालिम | ६८५३९८ |
| ३३ | २०७८/७९ | ६० | निर्वाचन खर्च | २१७६०० |
| ३४ | २०७८/७९ | ६३ | सभासञ्चालन बैठक भत्ता | ५१०० |
| ३५ | २०७८/७९ | ६९ | मास्कखरिद तथा वितरण | १९९८८०० |
| ३६ | २०७८/७९ | ७० | कानूनी सल्लाहकार | ४८०००० |
| ३७ | २०७८/७९ | ७१ | क्याटलग सपिङ | २४९१७६३ |
| ३८ | २०७८/७९ | ७६ | कार्यसम्पादन जमानतको म्याद थप गर्नुपर्ने | ४८३००० |
| ३९ | २०७८/७९ | ७८ | टुक्रेखरिद | ४९४९९७ |
| ४० | २०७८/७९ | ८० | सोझै खरिद | ६४२२२५६ |
| ४१ | २०७८/७९ | ८३ | सीमाभन्दा बढीको कार्य उपभोक्ता समितिबाट गराएको | ११०५१९७० |
| ४२ | २०७८/७९ | ९० | सामान खरिदका योजना प्रतिस्पर्धाबाट नगराएको | ६४२६६३० |
| ४३ | २०७८/७९ | ९३ | नगरअस्पताल खर्च | ७२५०७१० |
| ४४ | २०७८/७९ | ९५ | कार्यसम्पन्न प्रतिवेदन | ३६००००० |
| ४५ | २०७८/७९ | १०२ | महङ्गी भत्ता | २४००० |
| ४६ | २०७८/७९ | १०९.३ | सामाजिक सुरक्षातर्फ | ३०५६४९२ |
| ४७ | २०७८/७९ | ११६.२ | कोभिडनगर अस्पताल विज्ञ नियुक्ती | १०५०००० |
| ४८ | २०७८/७९ | ११७ | लागत अनुमान | ९९९२९२१ |
| ४९ | २०७८/७९ | ११८ | मूल्य अभिवृद्धि कर विजक | ८८२१६९ |
| ५० | २०७८/७९ | ११९ | गत वर्षको खर्च भुक्तानी | १४९१५६५ |
| ५१ | २०७७/७८ | २१ | सल्लाहकार | ४८०००० |
| ५२ | २०७७/७८ | ३१.१ | नमुना विद्यालय | १०००००० |
| ५३ | २०७७/७८ | ३७ | नापी किताब नभएको | १००७८१० |

| | | | | |
|---|---|---|---|---|
| ५४ | २०७७/७८ | ५३ | विस्तृत नापजाँच गर्नुपर्ने | ५१४२९१५ |
| ५५ | २०७७/७८ | ५७ | प्राथमिक स्वास्थ्य केन्द्र हरैंचामा कम्पाउण्ड वाल फ्रेमिङ्ग | २४६९३ |
| ५६ | २०७७/७८ | ७२.५ | परिमाण एकिन गर्नुपर्ने | ६०५४००० |
| ५७ | २०७७/७८ | ७५.४ | सामाजिक सुरक्षा | १०३२७१२० |
| ५८ | २०७७/७८ | ७८ | फरक शीर्षकबाट आर्थिक सहायता | ४९९४६३ |
| ५९ | २०७७/७८ | ८२ | खेलाडी प्रोत्साहन | ५००००० |
| ६० | २०७७/७८ | ८३ | सोझै खरिद | ६१७८६७८ |
| ६१ | २०७७/७८ | ८४ | प्रथम मेयर कप | १५००००० |
| ६२ | २०७७/७८ | ९७ | कृषितर्फ सोझै खरीद | ३४९०२३६ |
| ६३ | २०७७/७८ | ९६ | मर्मत सम्भार कोष तर्फ | १३०४२२५ |
| ६४ | २०७७/७८ | ९८ | नापी किताब जडान प्रमाणित नभएको | २४९०५४८ |
| ६५ | २०७७/७८ | १०२ | वितरण भरपाई नभएको | २७७९९९ |
| ६६ | २०७७/७८ | १०३ | आन्तरिक लेखापरीक्षण | १८३७६१ |
| ६७ | २०७७/७८ | ११६ | पेस्की बाँकी | २००००० |
| ६८ | २०७७/७८ | ११९ | विभाज्य कोष फिर्ता | १३८९०८१४ |
| ६९ | २०७७/७८ | १२० | कर्मचारी करार | ७४१५३५० |
| **नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमार्फत सम्परीक्षण भएको जम्मा** | | | | **२३०१५०४२०** |
| १ | २०७४/७५ | ९ | कर्मचारीलाई प्रोत्साहन भत्ता भुक्तानी | ६९२३२०० |
| २ | २०७४/७५ | १९ | उपभोक्ता समितिको साझेदारी घटि अनियमित | ३९९७०४ |
| ३ | २०७४/७५ | २१ | मा.शि.द्वि. दामोदर तिम्सिनाको बढी ग्रेड भुक्तानी | १६३४६ |
| ४ | २०७४/७५ | २१ | प्रा.शि.तृ. कृष्णा गौतमको बढी ग्रेड भुक्तानी | १०५६७ |
| ५ | २०७५/७६ | २३ | एजिङको काममा अनियमित | ११७३७५५ |
| ६ | २०७५/७६ | २७ | बाटो सम्याउने कार्य अनियमित | २१३१८ |
| ७ | २०७५/७६ | २९ | गैरसरकारी संस्थाबाट तालिम सञ्चालन अनियमित | ४१०९०० |
| ८ | २०७५/७६ | ३२ | स्वीकृत ढाँचामा आम्दानी नबाँधेको अनियमित | ७८९३७५ |
| ९ | २०७५/७६ | ३४ | निर्माण सामाग्री उपभोक्ता समितिबाट खरिद | ७२५२८५ |

| | | | | |
|---|---|---|---|---|
| १० | २०७५/७६ | ७१ | कार्यपत्र पेश नभएको अनियमिति भएको | ३५४०० |
| ११ | २०७५/७६ | ७२ | परामर्श सेवाबाट प्राप्त प्रतिवेदन नगरसभाले अनुमोदन नगरेको अनियमित | ६८०४१७४ |
| १२ | २०७५/७६ | ८७ | प्रौढ कक्षा सञ्चालन अनुदान सुकुना मा.वि. | ५५४००० |
| १३ | २०७५/७६ | ८८ | प्रौढ कक्षा सञ्चालन अनुदान मा.वि. सुन्दरहरैंचा २ | ५५४००० |
| १४ | २०७५/७६ | ८९ | नापी किताब र कार्यसम्पन्न पेश नभएको | ३६००००० |
| १५ | २०७५/७६ | ९२ | नियुक्ति पत्र पेश नभएको | २१९६००० |
| १६ | २०७५/७६ | ५८ | वितरणको भरपाई पेश नभएको | ४९९८० |
| १७ | २०७५/७६ | ४५ | असुल गर्नु पर्ने | ६६६१४ |
| १८ | २०७५/७६ | ६१ | असुल गर्नु पर्ने | १३१३२५ |
| १९ | २०७५/७६ | ६९ | असुल गर्नु पर्ने | ३५४०० |
| २० | २०७५/७६ | ७५ | असुल गर्नु पर्ने | ६५८५ |
| २१ | २०७५/७६ | ८५ | असुलगर्नु पर्ने | ६००० |
| २२ | २०७५/७६ | १०४ | असुल गर्नु पर्ने | ६७४५ |
| २३ | २०७६/७७ | ११ | कर्मचारी नियुक्ति अनियमित | ६७६६४९० |
| २४ | २०७६/७७ | १३ | प्रोत्साहन भत्ता | ६५९५८६९ |
| २५ | २०७६/७७ | १८ | नगर प्रमुखको स्वकीय सचिव | ६४५९३० |
| २६ | २०७६/७७ | ३८.२ | गुणस्तर परीक्षण नगरी खर्च | १९६३१८१ |
| २७ | २०७६/७७ | ३९.१ | सम्झौताको सर्त बमोजिम काम नभएको | १०८५०६ |
| २८ | २०७६/७७ | ८० | नगर सभाबाट असुली सम्बन्धमा अनुमोदन नभएको | १६४७००० |
| २९ | २०७६/७७ | ८४ | मोटरसाईकल खरिद | १६४७२०० |
| ३० | २०७६/७७ | १०९ | लागत अनुमान तयार नगरी सिमाभन्दा बढीको सोझै खरिद | ५१४४९० |
| **मेनुयल रुपमा सम्परीक्षण भएको जम्मा** | | | | **४९०३५३३९** |
| **कुल जम्मा** | | | | **२८५७०२७०१** |

# (८०११३४०८३०० - सुन्दरहरैंचा नगरपालिका, मोरङ )

## परिचय

१

**(क) कार्यालयको परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १२ वडा, ६४ सभा सदस्य, ११०.१६ वर्ग किलोमिटर क्षेत्रफल तथा १२०२१३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१/०८/११ देखि २०८१/०८/२० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्बनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको आय-व्ययतर्फ रु.३,२३,४५,७४,३६९।१७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरू** - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरू अनुसूची -२ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रू.३,८६,३३,८२७।३१ असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| कार्यक्रम/ ब.उ.शि.नं. | वापत | रकम | मिति | दाखिला भएको बैंक |
|---|---|---|---|---|
| चालु | भ्रमण तथा बैठक भत्ता वापत बढी भुक्तानी भएको विभिन्न रकम असुली | २९२५५४ | विभिन्न | कृषि विकास बैंक लिमिटेड |
| चालु | पारिश्रमिक कर वापतको विभिन्न कर्मचारीबाट असुली | २६२१५८.२६ | विभिन्न | कृषि विकास बैंक लिमिटेड |
| पुँजीगत | प्रकृति एण्ड प्रसन्न कन्स्ट्रक्सन प्रा.लि.बाट असुली | १६१२४ | ०८/१६/२०८१ | कृषि विकास बैंक लिमिटेड |
| संघीय ससर्त चालु | भत्ता बढी भुक्तानी भएको असुल दाखिला | ४२५० | ०८/१६/२०८१ | राष्ट्रिय वाणिज्य बैंक |
| पुँजीगत | कोल्ड स्टोर निर्माण वापतको असुली दाखिला | १३२६३१ | ०८/१३/२०८१ | कृषि विकास बैंक लिमिटेड |
| चालु | भ्रमण तथा बैठक भत्ता वापत बढी भुक्तानी भएको विभिन्न रकम असुली | ६५२९६ | ०९/१४/२०८१ | कृषि विकास बैंक लिमिटेड |
| विभाज्य कोष | प्रदेश संचित कोष दाखिला हुने दहत्तर बहत्तरको रकम | ७१७८८०० | ०९/२१/२०८१ | कृषि विकास बैंक लिमिटेड |
| चालु | पारिश्रमिक कर | ७४०४ | ०९/२४/२०८१ | कृषि विकास बैंक लिमिटेड |
| संघीय चालु | पारिश्रमिक कर | १८९८० | ०९/०७/२०८१ | कृषि विकास बैंक लिमिटेड |
| संघीय चालु | पारिश्रमिक कर | ४२४३० | ०९/१४/२०८१ | कृषि विकास बैंक लिमिटेड |
| संघीय चालु | सम्परीक्षणको क्रममा असुली | ५१७४७.०५ | ०८/१६/२०८१ | कृषि विकास बैंक लिमिटेड |
| शिक्षा | कर कट्टी नभएको | ४०६२३ | २०८१ मंसिरको विभिन्न मिति | कृषि विकास बैंक लिमिटेड |
| पुँजीगत | बढी भुक्तानी | ३२५५५ | ०८/१२/२०८१ | कृषि विकास बैंक लिमिटेड |
| विविध | बैठक भत्ता वापतको असुली | ५९५० | १०/०३/२०८१ | कृषि विकास बैंक लिमिटेड |
| पेस्की | गत आ.व.को पेस्की बाँकी असुल दाखिला | ८८०० | ०८/२७/२०८१ | कृषि विकास बैंक लिमिटेड |
| पुँजीगत | श्री साजिलाल मा.वि. को कर कट्टी नभएको असुल दाखिला | ४२८२५ | ०९/२५/२०८१ | कृषि विकास बैंक लिमिटेड |
| शिक्षा चालु | बैठकको खाजा खर्च नर्म्सभन्दा बढी असुल दाखिला | ४७०० | १०/०३/२०८१ | कृषि विकास बैंक लिमिटेड |
| संघीय ससर्त | पाठ्यपुस्तक बढी निकासा असुल | २३९६० | १०/०३/२०८१ | कृषि विकास बैंक लिमिटेड |
| संघीय ससर्त | नर्म्स भन्दा बढी भुक्तानी असुल | २०४० | १०/०४/२०८१ | कृषि विकास बैंक लिमिटेड |
| संघीय पुँजीगत | सर्त विपरित दिएको पेस्की रकम असुल | ३०४००००० | १२/११/२०८१ | |

| | | | |
|---|---|---|---|
| **जम्मा** | **३८६३३८२७.३१** | | |

२ **प्राप्ति भुक्तानी हिसाब (म.ले.प.फा.नं.२७०-१)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरूको आर्थिक वर्ष २०८०।८१ मा प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ:

| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | गत आ.ब. को कारोबार |
|---|---|---|---|
| | | जम्मा | जम्मा |
| | **राजस्व अनुदान र अन्य प्राप्ति** | | |
| ११००० | कर | २१८७७४८७०.४८ | ४१८३७९७०३.१२ |
| १३००० | अनुदान | ६३९०००२३५.०५ | ६४७४३०५६२.७५ |
| १४००० | अन्य राजस्व | १६४२३८७४८.३५ | १०५४५५४४९.१६ |
| १५००० | विविध प्राप्ति | ३५४००.०० | २५०२०५.०० |
| ३३१४३ | अन्य संस्थाहरूबाट ऋण प्राप्ति | २५९७२८२६.०० | १६४५९६२७.०० |
| **क** | **कुल जम्मा प्राप्ति** | **१०४८०२२०७९.८८** | **११८७९७५५४७.०३** |
| **३** | **चालु** | **५९९१५६१३१.९२** | **६९३३९३३९७.१६** |
| २१००० | पारिश्रमिक / सुविधा | ३७८२३१५०४.५३ | ३६८६०२७३२.६६ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | २०४१७७७११.०१ | २८९१८७८९४.५० |
| २४००० | ब्याज सेवा शुल्क तथा बैंक कमिशन | ९१८६१६.३८ | ०.०० |
| २५००० | सहायता (Subsidy) | ४२३०८९३.०० | ७४८७०००.०० |
| २६००० | अनुदान | २७९७३११.०० | ०.०० |
| २७००० | सामाजिक सुरक्षा | ५२१७६९८.०० | ७२६९५५८.०० |
| २८००० | अन्य खर्च | ३५८२३९८.०० | २०८४६२१२.०० |
| **४** | **पुँजीगत** | **४४८९८९०४०.००** | **४७९२९७२७२.५८** |
| ३१११० | भवन तथा संरचना | ४१५७६०६३.०० | ६४३३६८३३.०० |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | ५५९४७०२.०० | १७७८८६३९.०० |
| ३११३० | अन्य पुँजीगत खर्च | ५१५६७२१.०० | ६७७१८१८.०० |
| ३११५० | सार्वजनिक निर्माण | ३९६२७६३३७.०० | ३८९६०२८८०.५८ |
| ३११७० | पुँजीगत सुधार खर्च | ३८५२१७.०० | ७९७१०२.०० |
| **५** | **वित्तीय** | **२००००००.००** | **०.००** |
| ३३१९५ | ऋणपत्र मार्फत प्राप्त ऋण साँवा भुक्तानी | २००००००.०० | ०.०० |
| **ख)** | **कुल जम्मा भुक्तानी** | **१०५०१४५१७१.९२** | **११७२६९०६६९.७४** |
| **ग)** | **बचत /कमी (ग = क-ख )** | **-२१२३०९२.०४** | **१५२८४८७७.२९** |
| **घ)** | **धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)** | **१२६८८४७२३.३९** | **-९७१९९४०.२९** |
| **घ.१)** | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | **-०.०१** | **-२०१७९२.००** |
| **ङ)** | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | **१२४७६१६३१.३५** | **५५६४९३७.००** |
| **च)** | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | **२१४०८४८०३.१२** | **२०८५१९८६६.१२** |
| **छ)** | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | |
| **ज)** | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | **३३८८४६४३४.४७** | **२१४०८४८०३.१२** |

३ **एकीकृत आर्थिक विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम आर्थिक वर्ष २०८०/८१ को यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय आय-व्यय हिसाबको एकीकृत संक्षिप्त विवरण निम्नानुसार रहेको छः

| सि.नं. | आय<br>विवरण | रकम | सि.नं. | व्यय<br>विवरण | रकम |
|---|---|---|---|---|---|
| १ | **गत वर्षको जिम्मेवारी** | **२१४०८४८०२.६२** | १ | **संघीय समानीकरण अनुदान** | **१४६३५६८४५.००** |
| | क. स्थानीय संचितकोष खाता | १७४०६०७५०.४४ | | क. चालु | ०.०० |
| | ख. स्थानीय तह धरौटी खाता | २९५३४५८४.१८ | | ख. पुँजीगत | १४६३५६८४५.०० |
| | ग. प्रकोप व्यवस्थापन कोष खाता | १५९०७९४.०० | २ | **संघीय ससर्त** | **३९७७७९३७१.७१** |
| | घ. विविध खर्च खाता | १०२९६४८.०० | | क. चालु | ३२५१७६२९१.७१ |
| | ङ. स्थानीय तह विविध कोष खाता | ७८६९०२६.०० | | ख. पुँजीगत | ७२६०३०८०.०० |
| २ | **राजश्व आय** | **३८३२१८८७४.३३** | ३ | **संघीय समपूरक अनुदान पुँजीगत** | **१३६८३८३५.००** |
| | क. आन्तरिक राजश्व | १३६६६८८२१.३५ | ४ | **आन्तरिक स्रोत** | **२४४२६४३०२.९१** |
| | ख. राजश्व बाँडफाँट (संघीय) | २१९२१४३१५.३३ | | क. चालु | १५६४५३०३०.९१ |
| | ग. राजश्व बाँडफाँट (प्रदेश) | १७२७४८१७.१५ | | ख. पुँजीगत | ८७८११२७२.०० |
| | घ. राजश्व बाँडफाँट (स्थानीय) | १००६०९२०.५० | ५ | **राजश्व बाँडफाँट** | **२०३६५७६९४.३०** |
| ३ | **संघ सरकारबाट हस्तान्तरण** | **५९४२०८२०६.७१** | | क. चालु | १११७९५७२८.३० |
| | क. वित्तीय समानीकरण अनुदान | १८२७४५०००.०० | | ख. पुँजीगत | ८९८६१९६६.०० |
| | ख. ससर्त अनुदान चालु | ३२५१७६२९१.७१ | | ग. वित्तीय | २००००००.०० |
| | ग. ससर्त अनुदान पुँजीगत | ७२६०३०८०.०० | ६ | **प्रदेश समानीकरण अनुदान** | **१२९११०००.००** |
| | घ. समपूरक अनुदान पुँजीगत | १३६८३८३५.०० | | क. चालु | २१९४४४८.०० |
| ४ | **प्रदेश सरकारबाट हस्तान्तरण** | **३०२३०३७२.००** | | ख. पुँजीगत | १०७१६५५२.०० |
| | क. वित्तीय समानीकरण अनुदान | १२९११०००.०० | ७ | **प्रदेश समपूरक अनुदान पुँजीगत** | **६०५८९३१.००** |
| | ख. समपूरक अनुदान पुँजीगत | ६०५८९३१.०० | ८ | **प्रदेश ससर्त अनुदान** | **११२६०४४१.००** |
| | ग. ससर्त अनुदान चालु | ३५३६६३३.०० | | क. चालु | ३५३६६३३.०० |
| | ग. ससर्त अनुदान पुँजीगत | ७७२३८०८.०० | | ख. पुँजीगत | ७७२३८०८.०० |
| ५ | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **४४९९४३५७५.००** | ९ | **जनसहभागिता पुँजीगत** | **१४१७२७५१.००** |
| | क. सामाजिक सुरक्षा तथा संरक्षण | ४२८५१२९१०.०० | १० | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **४४९९४३५७५.००** |
| | ख. पर्यटन पूर्वाधार विकास आयोजना | ८०११६६५.०० | | क. सामाजिक सुरक्षा तथा संरक्षण | ४२८५१२९१०.०० |
| | ग. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १३४१९०००.०० | | ख. पर्यटन पूर्वाधार विकास आयोजना | ८०११६६५.०० |
| ६ | **कार्यसञ्चालन कोष** | **८९८००९८८.६३** | | ग. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १३४१९०००.०० |
| | क. प्रकोप व्यवस्थापन कोष खाता | १८११०६३९.४७ | ११ | **कार्यसञ्चालन कोष** | **३५६२३८०७.६५** |
| | ख. विविध खर्च खाता | ३२४२७१०६.०० | | क. प्रकोप व्यवस्थापन कोष खाता | ६३६२१०७.०० |
| | ग. स्थानीय तह विविध कोष खाता | ३९२६३२४३.१६ | | ख. विविध खर्च खाता | १४८६०६०६.६५ |
| ७ | **धरौटीको प्राप्ती** | **१८६८५७१३.१९** | | ग. स्थानीय तह विविध कोष खाता | १४४०१०९४.०० |
| ८ | **जनसहभागिता** | **१४५६१६५६.३४** | १२ | **धरौटी फिर्ता** | **९१३२८९३.३४** |
| ९ | **विभाज्य कोष** | **७३०४५७८८.५६** | १३ | **विभाज्य कोषबाट बाँडफाँट** | **१००६०९२०.५०** |
| १० | **आन्तरिक ऋण** | **२५९७२८२६.००** | १४ | **मौज्दात रकम (स्रेस्ता अनुसार)** | **३३८८४६४३४.९७** |
| | | | | क. स्थानीय संचितकोष खाता | १७१९३७६५८.४० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ख. स्थानीय तह धरौटी खाता | ३९२५७२५९.५३ |
| | | | | ग. प्रकोप व्यवस्थापन कोष खाता | १३३३९३२६.४७ |
| | | | | घ. विविध खर्च खाता | १८५९६१४७.३५ |
| | | | | ङ. स्थानीय तह विविध कोष खाता | ३२७३११७५.१६ |
| | | | | च. विभाज्य कोष | ६२९८४८६८.०६ |
| | **जम्माः** | **१८९३७५२८०३.३८** | | **जम्माः** | **१८९३७५२८०३.३८** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७९।०८।२० मा नेपाल सरकारबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः

४.१ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रू.२१,४२,८६,५९५।१२ मौज्दात रहेकोमा यो वर्ष निम्नानुसार रू.२१,४०,८४,८०३।१२ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू.२,०१,७९२।- घटी जिम्मेवारी सारेको देखिन्छ । फरक रकम सम्बन्धमा पालिकाले छलफलको क्रममा फरक रकम स्थानीय संचितकोष खातामा गत आ.व.को कर कट्टी दाखिलामा सो रकम बढी दाखिला भएकोले ऋणात्मक देखाएकोमा म.ले.प. प्रतिवेदनमा सो रकम समेत समावेश गरी बाँकी कायम भएकोले रकम फरक (घटी) देखिएको भनाई राखेको र आर्थिक विवरणसँग भिडान गर्दा समेत सो पाईएको छ । पालिकाले आर्थिक विवरणलाई पारदर्शी तवरले तयार गरी लेखापरीक्षणमा पेश गर्नु पर्दछ ।

| कोष/खाता | आ.व. २०७९/८० को मलेप प्रतिवेदनमा उल्लेख भएको मौज्दात | आ.व.२०८०/८१ मा जिम्मेवारी सारेको रकम | फरक जिम्मेवारी (घटी) |
|---|---|---|---|
| क. स्थानीय संचितकोष खाता | १७४२६२५४२.४४ | १७४०६०७५०.४४ | -२०१७९२.०० |
| ख. स्थानीय तह धरौटी खाता | २९५३४५८४.१८ | २९५३४५८४.१८ | ०.०० |
| ग. प्रकोप व्यवस्थापन कोष खाता | १५९०७९४.०० | १५९०७९४.०० | ०.०० |
| घ. विविध खर्च खाता | १०२९६४८.०० | १०२९६४८.०० | ०.०० |
| ङ. स्थानीय तह विविध कोष खाता | ७८६९०२६.०० | ७८६९०२६.०० | ०.०० |
| च. विभाज्य कोष खाता | ०.५० | ०.५० | ०.०० |
| **जम्मा** | **२१४२८६५९५.१२** | **२१४०८४८०३.१२** | **-२०१७९२.००** |

४.२ **दुई लेखाप्रणाली** - एउटा कार्यालयमा एक लेखा प्रणाली हुनुपर्दछ । सार्वजनिक निकायमा एक भन्दा बढी लेखा प्रणाली भएमा आय व्ययलाई एकीकृत गर्न, विश्लेषण गर्ने र प्रतिवेदन गर्ने ती लेखा प्रणालीका बीच अन्तरसम्बन्ध कायम गरिनुपर्दछ । स्थानीय तहमा दुई लेखा प्रणाली SUTRA (Sub-National Treasury Regulatory Application) र CGAS(Computerized Government

Accounting System) बाट लेखा राख्ने गरिएको छ । तर ती दुबै प्रणालीका बीच एकै कार्यक्रमका खर्चलाई एकीकृत गर्ने र प्रतिवेदन दिने व्यवस्था रहेको छैन। पालिकामा संघ, प्रदेश र स्थानीय बजेटमध्ये अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS प्रणालीमा र स्थानीय श्रोतलाई SUTRA प्रणालीमा प्रविष्टि गर्दा एकै कार्यक्रम/योजनाको हकमा दुवै प्रणालीमा बजेट खर्च अलग अलग अभिलेखन हुने र उल्लिखित दुई प्रणालीबीच अन्तरसम्बन्ध कायम नहुने हुँदा त्यस्ता आयोजनाको कुल खर्चसमेत यकिन गर्न नसकिने स्थिति छ। अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS मा मात्र अभिलेख गरिने हुँदा SUTRA प्रणालीबाट प्रतिवेदन गरिने वार्षिक वित्तीय प्रतिवेदन म.ले.प. फाराम २७० मा समावेश हुन नसक्ने देखियो। सोका कारण वर्षभरि भएको कारोवारको वास्तविक प्रतिवेदन समेत प्राप्त नहुने र एकै कार्यक्रममा दुई प्रणालीबाट खर्च लेख्दा सो खर्च दोहोरो हुन नदिन लेखाप्रणालीले नियन्त्रण गर्न सक्ने अवस्था देखिएन । एक निकायमा एक लेखाप्रणाली लागू गर्नुपर्ने र दुई लेखाप्रणाली लागू गर्न आवश्यक भए ती प्रणालीका बीच अभिलेख एकीकृत हुने व्यवस्था लागू गर्ने व्यवस्था गर्न सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

४.३ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारीमा रु.०.५०, यस वर्षको प्राप्तिमा रु.४४९९४३५७६.००, यस वर्षको भुक्तानीमा रु.४४९९४३५७५.०० र बैंक मौज्दातमा रु.०.५० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समावेश गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको खर्च/भुक्तानी | बैंक मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको आर्थिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७०) | २१४०८४८०३.१२ | १२२९७२४४२४.७६ | ११०४९६२७९३.४१ | ३३८८४६४३४.४७ |
| एकीकृत आर्थिक विवरण अनुसार | २१४०८४८०२.६२ | १६७९६६८०००.७६ | १५५४९०६३६८.४१ | ३३८८४६४३४.९७ |
| **फरक** | **०.५०** | **४४९९४३५७६.००** | **४४९९४३५७५.००** | **०.५०** |

४.४ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.४२,८५,१२,९१०।-, पर्यटन पूर्वाधार विकास आयोजनाको रु.८०,११,६६५।- र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.१,३४,१९,०००।- गरी जम्मा रू.४४,९९,४३,५७५।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४.५ **बैंक हिसाव विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात फरक देखिएको छ । पालिकाको देहाय बमोजिम श्रेस्ता अनुसार आषाढ मसान्तको बैक मौज्दात रू.३३,८८,४६,४३४।९७ देखिएकोमा सो अवधिमा बैंक अनुसार बैक मौज्दात रू.३३,९९,३३,०७५।९७ देखिएको छ । पालिकाको नविल बैंकको खाता नं. ०८७०१०१७५००३२६ मा रु.१०,८६,६४१।- श्रेस्ता भन्दा बैंक बढी देखिएको सम्बन्धमा बैक हिसाव मिलान विवरण (म.ले.प.फा.न.२१२) तयार गरी बढी देखिएको रकम यकिन गरी श्रेस्तामा आम्दानी बाँधेको प्रमाण पेश गर्नु पर्दछ ।

| कोष/खाता | श्रेस्ता अनुसारको मौज्दात रकम | बैंक स्टेटमेन्ट अनुसारको मौज्दात | फरक |
|---|---|---|---|
| आन्तरिक राजस्व खाता | ०.०० | ०.०० | ०.०० |
| बाँडफाँटबाट प्राप्त राजस्व खाता | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक अनुदान खाता | ०.०० | ०.०० | ०.०० |
| स्थानीय तह विभाज्य कोष खाता | ६२९८४८६८.०६ | ६२९८४८६८.०६ | ०.०० |
| स्थानीय तह सञ्चित कोष खाता | १७१९३७६५८.४० | १७१९३७६५८.४० | ०.०० |
| स्थानीय तह धरौटी खाता | ३९२५७२५९.५३ | ३९२५७२५९.५३ | ०.०० |
| चालु खर्च खाता - विजोर वर्ष | ०.०० | ०.०० | ०.०० |
| पुँजीगत खर्च खाता - विजोर वर्ष | ०.०० | ०.०० | ०.०० |
| विविध खर्च खाता | १८५९६१४७.३५ | १८५९६१४७.३५ | ०.०० |
| स्थानीय तह विविध कोष खाता | ३२७३११७५.१६ | ३२७३११७५.१६ | ०.०० |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १३३३९३२६.४७ | १३३३९३२६.४७ | ०.०० |
| खाता नं. ०८७०१०१७५००३२६ नविल बैंक खाता | ०.०० | १०८६६४१.०० | १०८६६४१.०० |
| **जम्मा** | **३३८८४६४३४.९७** | **३३९९३३०७५.९७** | **१०८६६४१.००** |

## ५ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२ र ३ ) मा स्थानीय तहले आफ्नो आर्थिक कारोबारको कानुन बमोजिम आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने उल्लेख छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहीको विवरण सहित पालिका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्ष २०८०/८१ को आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदन प्राप्त गरेको देखियो । आन्तरिक लेखापरीक्षणबाट कायम भएका बेरुजुहरूमध्ये निम्नानुसारका बेरुजु अन्तिम लेखापरीक्षण अवधिसम्म समेत फर्स्यौट नभएको हुँदा उल्लेख भए अनुसारको बेरुजुमा उल्लेखित व्यहोरा अनुसार फर्स्यौट गराई पेश गर्नुपर्ने रु.

| भौ.नं. | मिति | बेरुजुको बेहोरा | बेरुजु रकम |
|---|---|---|---|
| पालिकातर्फ | | | |
| १४२ | २०८०।०७।०१ | विविध खर्च भुक्तानीमा कृष्ण होटल एण्ड रेस्टुरेन्टको विलमा दर र परिमाण उल्लेख नगरी बीजक जारी गरेको, सवारी साधन मर्मत वापतको भुक्तानीमा मर्मत आदेश स्वीकृत र मर्मत अभिलेख खाता विना भुक्तानी दिएको अनियमित रू. | ३२०६० |
| १४६ | २०८०।०७।०२ | सवारी साधन मर्मत खर्च भनि सुगम ट्रेडर्स लाई रु.४५,३९७।- भुक्तानी भएको देखिन्छ । जसमा उक्त सवारी साधनको नम्बर, मर्मत आदेश, मर्मत अभिलेख खाता, तथा भुक्तानी सिफारिस विना भुक्तानी भएको अनियमित रू. | ४५३९७ |
| १५० | २०८०।०७।०२ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९ (५) अनुसार खर्च गर्दा खर्चको विल भरपाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । यस भौ. नं. बाट पत्रपत्रिका किताबको प्रशान्ति बुक हाउसलाई भुक्तानीमा सक्कल विल राखेको नदेखिँदा प्रमाण पेश हुनुपर्ने रू. | ५२५० |
| १७६ | २०८०।०७।०२ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को ३९(१०)अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था रहेकोमा यस भौचर नम्बरबाट विभिन्न ऐन कानुन राजपत्रमा प्रकाशन गर्न भनी बैठक बसी वैठक भत्ता खर्च लेखेको देखिन्छ । नियमानुसार उक्त ऐन कानुनहरू राजपत्रमा प्रकाशन भएको प्रमाण पेश गर्न सुझाव दिइन्छ । | |
| १८२ | २०८०।०७।२२ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९ (५) अनुसार खर्च गर्दा खर्चको विल भरपाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । यस भौचर नम्बरबाट विभिन्न खर्च वापत भनि सूचना प्रकाशनको नेशनल क्रिएसन एण्ड मिडिया सर्पोट प्रा.लि.लाई भुक्तानीमा सक्कल विल राखेको नदेखिँदा प्रमाण पेश गर्नुपर्ने रू. | १५८११ |
| २१८ | २०८०।०८।२१ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९ (५) अनुसार खर्च गर्दा खर्चको विल भरपाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । यस भौचर नम्बरबाट पत्रपत्रिका सूचना तथा लोक कल्याणकारी सूचना सौगात प्रकाशन प्रा. लि.लाई भुक्तानीमा बीजक राखेको नदेखिँदा प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनु पर्ने रू. | १११५० |
| २२५ | २०८०।०८।२२ | नगरमा प्रयोग भएको गाडीभाडा तिर्थराज न्यौपाने र प्रेम कुमार मास्केलाई भुक्तानीमा उक्त सवारी साधन कहाँ कहाँ प्रयोग भएको हो सो विवरण खुल्ने गरी प्रमाणीत सवारी लगवुक संलग्न गर्नुपर्ने सो नगरी भुक्तानी दिएको अनियमित रू. | १५४००० |
| ३९० | २०८०।१०।२४ | नदिजन्य पदार्थ उत्खनन र सङ्कलनको अनुगमनमा खटिने कर्मचारीले अनुगमन गरेको अनुगमन प्रतिवेदन पेश गरी खर्च लेख्नु पर्नेमा सो नगरी अनुगमन समितिको बैठक बसी भत्ता भुक्तानी लिएको देखिएकोले सो भत्ता नियमित गरी अनुगमन अवधीभर सम्पादन गरेका कार्यहरू विवरण खुल्ने अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रू. | ३०८००० |
| १०७१ | २०८१।३।२३ | कर्मचारी तथा जनप्रतिनिधिहरूको अध्ययन अवलोकन भ्रमण गुणनिधि दाहाल मार्फतको भुक्तानीमा गाडी भाडा सम्झौता, विलबुक र सवारी चालक अनुमति पत्र नदेखिएको । | |
| निसर्त पुँजीगत | | | |
| ३४ | २०८०।६।१८ | क्रमागत भुक्तानी दिन बाँकी वडा कार्यालय वाल निर्माण सु. ह. १ को भुक्तानीमा प्राविधिकले पेश गरेको कार्य सम्पन्न प्रतिवेदनमा घटी भएको कामको रकम नघटाइ भुक्तानी भएको हुँदा उक्त बढी रकम असुल हुनुपर्ने रू. | ४१३८ |
| १३० | २०८०।०७।०१ | वडा नं. ८ को वडा कार्यालय अगाडीको बाटो कालोपत्रेको भुक्तानीमा नगरस्तरीय अनुगमन प्रतिवेदन संलग्न नदेखिएको। | |
| ३६८ | २०८१।१।१० | बरगाछि मिनिपार्क निर्माण उ. स. सु. ह.११को अन्तिम बिल भुक्तानीमा योजनाको नाम पार्क निर्माण भनिएको छ । तर काम चाहि ग्याबियन बक्स र फिलिङ भएको देखिन्छ । योजनाको नाम र काममा एकरुपता हुनुपर्ने देखिन्छ । | |
| ससर्त चालु | | | |
| १७३ | २०८१।०३।०५ | आधारभुत तथा माध्यमिक तहका cfO टि श्रोत शिक्षकहरूका लागी सूचना प्रविधि सम्बन्धी ५ दिने क्षमता विकास तालिम, एकीकृत पाठ्यक्रम तथा मूल्याङकन सम्बन्धी क्षमता विकास तालिममा प्रशिक्षक भत्ता भुक्तानी कार्यसञ्चालन निर्देशिका अनुसार भएको देखिएन । तपसिल अनुसारको बढी भत्ता लिएको पाइयो । | ३४०० |

| | | | |
|---|---|---|---|
| | | लिलादेवि ओझा रु.२,०४०।-, गणेश प्रसाद दाहाल रु.१,३६०।- असुल हुनुपर्ने साथै उक्त तालिमहरूको कार्यतालिका र कार्यपत्र समेत पेश हुनु पर्ने रू | |
| निसर्त शिक्षा | | | |
| २९ | २०८०।१२।२९ | तहगत रुपमा अक्षरलेखन प्रतियोगीता नेपाली र अंग्रेजी कार्यक्रमको पेस्की फस्र्यौट गर्दा प्रस्तावना, प्रतिवेदन, भरपाइ तथा उपस्थितिमा मिति उल्लेख नभएको, निर्णायक, सहयोगी र प्रतिवेदनकर्ताको उपस्थिति विना भत्ता वितरण गरेको र व्यानरको भुक्तानी भएको तर व्यानर देखिने फोटो नदेखिएकोले यि आवश्यक कागजात पेश गर्नुपर्ने रू. | ५०००० |
| ५१ | २०८१।२।२२ | सामुदायिक विद्यालयको गुणस्तर सुधार अन्तरकृया कार्यक्रममा भएको खर्च भुक्तानीमा कार्यक्रमको कार्यतालिका र कार्यपत्र नदेखिएकोले सो कागजात पेश गर्नुपर्ने रू. | २९४०० |
| अन्तरसरकारी अख्तियारीतर्फ | | | |
| | | निर्माण व्यवसाय कोष कट्टा: निर्माण व्यवसाय नियमावली, २०५६ को नियम १४ मा निर्माण व्यवसायीले स्वीकृत ठेक्का अंकको ०.१०(शुन्य दशमलव एक शुन्य) प्रतिशतको दरले हुन आउने रकम कोषमा दाखीला गर्नुपर्ने व्यवस्था रहेको छ। ठेक्का नं. SHM/MOR/NCB/W/51/077/078 का निर्माण व्यवसायी सिएम-महांकाल जे.भि.लाई चौथो रनिङ बिल र पाँचौ रनिङ विलको भुक्तानीमा निर्माण व्यवसाय कोषको रकम कट्टा गरेको पाइएन । निर्माण व्यवसायीलाई चौथो र पाँचौ रनिङ विलमा भुक्तानी भएको रू.७९,२६,४८८१।- (भ्याट बाहेक तर पि एस सहित) को ०.१० प्रतिशतले हुने रू.७,९२६।- असुल गर्नुपर्ने रू. | ७९२६ |
| | | तलबी प्रतिवेदन :- निजामति सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ । पालिकाले आ.व. २०८०/८१ मा तलबी प्रतिवेदन पारित नगराई अन्तरसरकारी अख्तियारी चालु अन्तर्गत स्वास्थ्यतर्फका कर्मचारीहरूको २०८० मंसीर देखी २०८१ असार सम्मको तलब भत्ता रू ८६,१९,०००।८० खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना ग्रेड भिडान गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ । | |
| | | **जम्मा** | **६,६६,५३२** |

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,६६,५३२ |

## ६ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।०८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेकोमा पालिकाले हालसम्म आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्वेश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तिको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानुनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्धन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाइ यथाशीघ्र कार्यान्वयन गर्नु पर्दछ । आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका अन्य व्यहोराहरू देहायबमोजिम रहेका छन् -

**बजेट व्यवस्थापनतर्फ**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको पुर्ण प्रगति तयार नगरेको,
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा नगरेको,
- दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दीर्घकालीन योजना तयार नगरेको र मध्यमकालीन लक्ष्यहरू तोकि मूल्याङ्कन नगरेको,
- पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

**खरिद व्यवस्थापनतर्फ**

- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- सञ्चालित योजनाहरूको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वियन गर्नुपर्नेमा सो अनुसार गरेको छैन,
- पालिकाबाट संचालन भएका विभिन्न योजनामा निर्माण कार्य गर्न गठन भई सम्झौता गर्ने उपभोक्ता समिति संस्था दर्ता ऐन, २०३४ को दफा ३ को व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नभएको,
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मूल्याङ्कन नगरेको,
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख नराखेको,
- पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख राखेको देखिएन । त्यसले गर्दा एकै स्थानमा दोहोरो पर्ने गरी मर्मत कार्य भए नभएको यकिन गर्न सकिएन ।
- खन्ने तथा पुर्ने कार्य गर्दा कटिङ्गको परिमाण देखिने क्रससेक्सन ड्रइङ राखी भुक्तानी दिनुपर्नेमा सो नगरेको कारण कटिङ्गको क्षेत्रफल नापीमा राखेको बराबर हो होइन भनी यकिन गर्न नसिकएको ।

**शिक्षातर्फ**

- स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,
- कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन पूर्ण रूपमा नभएको,
- संस्थागत विद्यालयहरूको शुल्क निर्धारण नगरेको,

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

- भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरूको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गर्ने गरेको र भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको,
- गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नुपरेमा पालिका अध्यक्षले ३ दिनसम्मको भ्रमण आँफै र सो भन्दा बढी ७ दिन सम्मको कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्नेमा सो अनुसार गर्ने नगरेको ।
- भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा भएको व्यवस्था अनुसार अतिरिक्त भत्ता भुक्तानी पाउने कर्मचारीको भ्रमण भत्ता भुक्तानी गर्दा सो रकम गणना गरी भ्रमण विलमा नघटाएको ।
- भ्रमण अभिलेख खाता पूर्ण रूपमा अध्यावधीक गरी नराखेको ।
- भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ बमोजिम भ्रमण विलको साथै पेश गर्नु पर्ने भ्रमण प्रतिवेदन पेश नगर्ने, केही पदाधिकारी/कर्मचारीले पेश गरेकोमा पूर्ण रुपमा भ्रमणलाई पुष्टी गर्ने गरी भ्रमण अवधी भरको कार्य विवरण नखुलेको ।

**विविध**

- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई आर्थिक वर्षको अन्तमा मात्र दिइएको,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,
- म.ले.प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरूप बेरूजुको अभिलेख नराखेको ,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेस्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार असुल फर्स्यौट तथा सम्परीक्षण कार्य नगरेको,

अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नु पर्दछ ।

## ७ बजेट तथा कार्यक्रम

७.१ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समिति गठन गरेको पाईयो । ऐनमा तोकिएको समयभित्र बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७.२ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भए

तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७.३ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप-प्रमुख श्री अकली चौधरीले मिति २०८०।०३।१० मा रू.१ अर्व ७२ करोड ८ लाख २२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।२२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।२८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

७.४ **बजेट तथा कार्यक्रम कार्यान्वयन** - पालिकाले यो वर्ष आर्थिक, सामाजिक क्षेत्रका विविध कार्यक्रम सहित पूर्वाधार क्षेत्रका कार्यक्रमहरू सञ्चालन गरेको छ । पालिकाले २०८१ असार १५ मा पारित गरेको बजेट वक्तव्यमा आर्थिक वर्ष २०८०/८१ मा कार्यान्वयन गर्ने लक्ष्य रहेका कार्यक्रमहरूमध्ये देहायका केही कार्यक्रमहरू कार्यान्वयनको स्थिति निम्नानुसार रहेका छन्:

| क्र.सं. | कार्यक्रम | वार्षिक बजेट (रू.हजार) | वित्तीय प्रगति |
|---|---|---|---|
| १ | गैर आवासिय भवन निर्माण नगरपालिका प्रशासनिक कार्यालय | १५००० | ० |
| २ | थारु कल्याणकारी सभाको कार्यालय भवन निर्माण सु. ह. ४ | २००० | ० |
| ३ | धाती भुटाइटोल हुलाकी मार्ग कालोपत्रे निर्माण कार्य | ७४८५ | २७.९३ |
| ४ | लवटोलिया (नयाँ टोल) को बाटो पेवल्स सु. ह. ५ | १८०० | ० |
| ५ | सुन्दरहरैँचा नगर अस्पताल भवन निर्माण, सुन्दरहरैचा-१ | २०००० | ० |
| ६ | शिव मन्दिर कविता खडकाको घर दक्षिणबाट पुर्ब भुटाइटोल जोडने बाटोमा कल्भर्ट निर्माण | १००० | ० |
| ७ | बंगाली टोलबाट राम आ.वि. जाने बाटो पेवल्स निर्माण योजना | ३००० | ० |
| ८ | बरगाछी चोक देखि जनसेवा आधारभुत स्कुल हुदै नयाँ टोल सम्म जाने बाटो कालोपत्रे | २१०० | ० |
| ९ | थापा चोक हुँदै भलुवा सम्मको कालोपत्रे सडक स्तरोन्नति सु.ह. ४ | ३००० | ० |
| १० | नगर गौरव योजना सडक वत्ती परीयोजना | १०००० | ० |
| ११ | बुधबारे कृषि बजार भवन तथा पूर्वाधार निर्माण कार्य | ५६५५१ | ४५.९३ |
| १२ | फोहोरमैला व्यवस्थापन | ५००० | ० |
| १३ | गछिया खोला तटबन्ध | ५००० | ० |
| १४ | सलकपुर पचाम सडक कालोपत्रे निर्माण | ८०४६ | ० |
| १५ | लक्ष्मीपुर हरैँचा सगरमाथाचोक रोड तथा कुमारगाउँ सडक कालोपत्रे | ७००२ | ० |
| १६ | मध्यालीमार्ग कालोपत्रे | ३००० | ० |

पालिकाले यस वर्ष बजेटमा उल्लिखित नगर तथा वडास्तरीय ८४ योजनाहरू कार्यान्वयन गरेको देखिएन । बजेटले परिलक्षित गरेका कार्यक्रम कार्यान्वयन गरी उद्देश्य हासिल गर्नु पर्दछ ।

७.५

**अबण्डा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो बर्ष निम्न शीर्षककमा बजेट अबण्डा राखेको तथा मर्मत सम्भार कोष तथा प्रकोप व्यवस्थापन कोष स्थापना भईसकेको अवस्थामा मर्मत सम्भार वापत विनियोजन गरेको रकम कोषमा ट्रान्सफर नगरी कार्यपालिकाको पटक पटकका निर्णयबाट साविकका आयोजनामा थप तथा नयाँ आयोजनामा रू.२४ लाख ४२ हजार बाँडफाँट गरी खर्च गरेको देखियो । सुरु बजेटमा अबण्डामा राखी पुनः कार्यपालिकाबाट आयोजनामा थप तथा संशोधन गरी पटक पटक बजेट बाँडफाँट गर्ने र कार्यपालिकाको निर्णयबाट खर्च गर्ने तत्पश्चात विशेष र त्यसपछीको सभामा अनुमोदन गराउने गरेको देखियो । सभाबाट बजेट स्वीकृत भइसकेपछि प्राप्त बजेट र कार्यक्रम स्वीकृत कार्यविधिको आधारमा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्नुपर्नेमा कार्यपालिकाको निर्णयको आधारमा बजेट बाँडफाँट गर्नाले ऐनमा भएको व्यवस्थाको पालना भएको देखिएन । यसरी बजेट अबण्डा राख्दा वित्तीय अनुशासन र पारदर्शिता कायम नहुने भएकोले बजेट निर्माण गर्दा सम्बद्ध समिति र पदाधिकारीले ध्यान दिनु पर्ने देखिन्छ ।

| क्र.सं. | कार्यक्रमको नाम | बजेट रकम रू.हजारमा | खर्च रकम रू.हजारमा | बाँडफाँट संख्या |
|---|---|---|---|---|
| १ | भैपरी आउने पुँजीगत | २९०० | ० | ० |
| २ | मर्मत सम्भार बिशेष कोष | १५००० | ३६६ | २ |
| ३ | प्रकोप ब्यबस्थापन बिशेष कोष | ५६५० | २०७६ | ७ |
| ४ | भैपरी आउने चालु | ३५०० | रकमान्तर | |
| **जम्मा** | | **२७०५०** | **२४४२** | |

७.६ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०/८१ मा निम्न अनुसार योजनामा बजेट विनियोजन गरेको छः

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रू.२० लाखमाथिका योजना सङ्ख्या | रू.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रू.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | १५५ | ६३ | ६६ | ५ |
| २ | वडास्तरीय | २२३ | १६ | ११४ | ९३ |
| **जम्मा** | | **३७८** | **७९** | **१८०** | **९८** |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २९४ योजनामात्र कार्यान्वयन भई ८४ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले वस्तुनिष्ठ तवरले योजना छनौट र प्राथिमिकीकरण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

७.७ **त्रैमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहायबमोजिम छः

| क्र.सं. | बजेट शीर्षक उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| १ | पालिका पुँजीगत | ३४८९११९३८६ | ३८७९१२१५ | ६३९५१८३६ | ८४२५७१४९ | १६१९११९१८६ | ७६३४७९७५ |
| २ | संघीय ससर्त पुँजीगत | ७२६०३०८० | ० | ६५४१६०० | ९९५०० | ६५९६१९८० | ३५४५६७०३ |
| ३ | संघीय समपूरक पुँजीगत | १३६८३८३५ | ० | ० | ० | १३६८३८३५ | १३६८३८३५ |
| ४ | प्रदेश ससर्त पुँजीगत | ७७२३८०८ | ० | ० | १२५०००० | ६४७३८०८ | २६०१९६१ |
| ५ | प्रदेश समपूरक पुँजीगत | ६०५८९३१ | ० | ० | ० | ६०५८९३१ | ३८९१९३१ |
| **जम्मा** | | **४४८९८९०४०** | **३८७९१२१५** | **७०४९३४३६** | **८५६०६६४९** | **२५४०९७७४०** | **१३१९८२४०५** |
| **खर्च प्रतिशत** | | **१००.००** | **८.६४** | **१५.७०** | **१९.०७** | **५६.५९** | **२९.४०** |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार पुँजीगततर्फ रू.४४,८९,८९,०४०।- खर्च भएकोमा प्रथम त्रैमासिकमा रू.३,८७,९१,२१५।- (८.६४ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.७,०४,९३,४३६।- (१५.७० प्रतिशत), तेस्रो त्रैमासिकमा रू.८,५६,०६,६४९।- (१९.०७ प्रतिशत) र चौथो त्रैमासिकमा रू.२५,४०,९७,७४०।- (५६.५९ प्रतिशत) खर्च गरेको देखिएको छ । त्यस्तै आषाढ महिनामा मात्र रू.१३,१९,८२,405।- अर्थात २९.४० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिँदा सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

७.८ **क्षेत्रगत बजेट खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०/८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छः

| क्र.सं. | मुख्य क्षेत्र | वार्षिक बजेट | खर्च रकम | कुल खर्च प्रतिशत | क्षेत्रगत खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३३६९०००० | २०१५२३७१ | ५९.८१ | १.९२ |
| २ | सामाजिक क्षेत्र | ४५२११२००० | ३८००१७८५९ | ८४.०५ | ३६.२२ |
| ३ | पूर्वाधार विकास क्षेत्र | ८१३५४०७४१ | ४२६७३२४१० | ५२.४५ | ४०.६७ |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन | २७७५०००० | १२१३५७८८ | ४३.७३ | १.१६ |
| ५ | वित्तीय व्यवस्थापन र सुशासन | ४५०७४३४८ | २०४५२९१७ | ४५.३८ | १.९५ |
| ६ | कार्यसञ्चालन तथा प्रशासनिक खर्च | २५४७८८७७२ | १८९६९०८०५ | ७४.४५ | १८.०८ |
| **जम्मा** | | **१६२६९५५८६१** | **१०४९१८२१५०** | | **१००.००** |

पालिकाले क्षेत्रगत वार्षिक बजेट अनुसार सामाजिक विकासमा सबैभन्दा बढी ८४.०५ प्रतिशत र पूर्वाधार विकासमा सबैभन्दा कम ४३.७३ प्रतिशत खर्च गरेको छ । उल्लिखित ६ क्षेत्रको क्षेत्रगत खर्च प्रतिशतमध्ये वातावरण तथा विपद् व्यवस्थापनमा सबैभन्दा कम १.१६ प्रतिशत र पूर्वाधार विकास क्षेत्रमा सबैभन्दा बढी ४०.६७ प्रतिशत खर्च भएको छ । कार्यसञ्चालन तथा प्रशासनिक खर्च तथा सामाजिक विकासको खर्चमा नियन्त्रण गरी आर्थिक विकास, पूर्वाधार विकास, सुशासन लगायतका क्षेत्रका गतिविधिमा समेत जोड दिनु पर्ने देखिन्छ ।

## ८ खर्च विश्लेषण

पालिकाले यस वर्ष आन्तरिक आयबाट रू.१३,६६,६८,८२१।३५, गत आर्थिक वर्षको मौज्दातबाट रू.१७,४०,६०,७५०।४४, राजस्व बाँडफाँटबाट रू.२४,६५,५०,०५२।९८ र संघीय तथा प्रदेश अनुदानबाट रू.६२,४४,३८,५७८।७१ समेत रू.१,१८,१७,१८,२०३।४८ प्राप्त गरेकोमा चालुतर्फ रू.५९,९१,५६,१३१।९२, पुँजीगततर्फ रू.४४,८९,८९,०४०।- र वित्तिय व्यवस्थातर्फ रू.२०,००,०००।- गरी जम्मा रू.१,०५,०१,४५,१७१।९२ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १३.०१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रू.१,६०,५७,५०५।५० खर्च भएको छ जुन आन्तरिक आयको ११.७५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ५७.०७ प्रतिशत चालु, ४२.७५ प्रतिशत पुँजीगत निर्माणमा र ०.१९ प्रतिशत वित्तिय व्यवस्थामा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ९ आम्दानी खर्चको विश्लेषण

पालिकाले विगत दुई वर्ष र आ.व.२०८०/८१ मा प्राप्त गरेको आन्तरिक राजस्व र खर्चको विवरण निम्नानुसार रहेको छ । आम्दानीतर्फ २०७८/७९ को तुलनामा २०७९/८० मा बढेको देखिन्छ भने २०८०/८१ मा घटेको देखिन्छ । त्यस्तै चालु खर्च २०७८/७९ को तुलनामा २०७९/८० मा बढेको तर २०८०/८१ मा घटेको देखिन्छ । पुँजीगत खर्चतर्फ २०७८/७९ बाट क्रमिक रुपमा घट्दो क्रम देखिन्छ । स्थीर पुँजी निर्माण गर्ने र पालिकाको आन्तरिक आम्दानीलाई टेवा पुग्ने प्रकृतिका पुँजीगत निर्माण गरी पुँजीगत खर्च बढाउनु पर्ने देखिन्छ ।

| **आर्थिक वर्ष** | **२०८०।८१** | **२०७९।८०** | **२०७८।७९** |
|---|---|---|---|
| राजस्व आम्दानी | १३६६६८८२१.३५ | १५२८१८३७०.८४ | १२७९१६८३६.६३ |
| चालु खर्च | ५९९१५६१३१.९२ | ६९३३९३३९७.१६ | ६३७७८२५८६.२४ |
| पुँजीगत खर्च | ४४८९८९०४०.०० | ४७९२९७२७२.५८ | ५०१५४३७१६.४० |

## १० जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धी देखिएको बेहोरा निम्नानुसार छः

- पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा उक्त प्रतिवेदन म.ले.प. फारम नं.४११ बमोजिम तयार गरेको देखिएन। जिन्सी निरीक्षण प्रतिवेदनमा जिन्सी सामानको मूल्यांकन गरी मर्मत गर्नुपर्ने, लिलाम विक्रि गर्नुपर्ने, मिन्हा गर्नुपर्ने र संरक्षण गर्नुपर्ने जिन्सीको अवस्था उल्लेख नगरेकोले जिन्सीको अवस्था सम्बन्धमा थप विश्लेषण गर्न सकिएन । तोकिएको फारमको प्रयोग गर्नुपर्दछ ।
- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरूको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा पालिकाले खरिद गरेका जिन्सी सामग्रीहरूको पूर्ण रूपमा PAMS मा अभिलेख राखेको देखिएन साथै वडागत रूपमा खरिद भएका जिन्सीहरू समेत वडा कार्यालयमा जिन्सी खाता तयार गरी मेनुयल रूपमा दाखिला गरी प्रविष्टी गरेको पाइयो । अनिवार्य रूपमा PAMS मा जिन्सी दाखिला गरी एकीकृत जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ ।
- पालिकाले एकै किसिमको मालसमानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसमानको तुलनात्मक विवरण तयार गरेको छैन ।

- पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसँग सम्बन्धित सामानको विवरण तयार गरी कार्यकक्षमा टाँस गरेको देखिएन । यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वास्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गाधनी पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धित निकायहरूमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण भएका र पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरूमा रहेका कोष तथा पालिका खाताहरूमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख अद्यावधिक नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरू एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९६ (२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसमान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरी सम्पत्ति तथा जिन्सी समानको श्रेस्ता अध्यावधिक गर्नुपर्ने व्यवस्था रहेतापनि यस पालिकामा विगत बर्षदेखि रहेका विभिन्न सवारी साधन तथा प्राप्त भएको जग्गाहरूको मूल्य खुलाई अद्यावधिक गरेको नदेखिएकोले पालिलकामा रहेका सवै सम्पत्ति तथा जिन्सीको मूल्यांकन गरी गराई जिन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ।
- वर्ष भरिमा मर्मत गरिएका सामग्री र जिन्सी प्रतिवेदनमा औंल्याइएका मर्मत गर्नुपर्ने सामग्रीको अलग अलग विवरण तयार गरी कार्यालयका सामग्री खरिद वा मर्मत गर्दा वार्षिक बजेट विनियोजन यथार्थपरक बनाउनुपर्दछ ।
- पालिकाको स्वामित्वमा रहेका घरजग्गाको विवरण PAMS मा प्रविष्टि गरेको देखिएन । पालिकाको नाममा रहेका सबै घर जग्गाको विवरण PAMS मा अभिलेख राख्नुपर्दछ ।
- महालेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष २०८१/८२ बाट सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2) लागु गरेको र PAMS-V2 मा यस अघी PAMS मा दाखिला गरेका खर्च भएर नजाने जिन्सीको मौज्दात मात्र अल्या गर्ने र खर्च भएर जाने जिन्सीको मौज्दात अल्या नगर्ने भएकोले आर्थिक वर्ष २०८०/८१ को अन्त्यमा रहेका खर्च भएर जाने जिन्सीको मौज्दात मेनुयल रूपमा जिम्मेवारी सार्नु पर्नेमा पालिकाले सो गरेको छैन । गत वर्षको बाँकी मौज्दात चालु वर्ष जिम्मेवारी सारी सोको प्रमाण पेश गर्नु पर्दछ ।

## ११ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

## १२ कोषहरूको अभिलेख

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा पालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरूमा रहेका कोष तथा साविक पालिकाका खाताहरूमा रहेको सबै मौज्दात एकीकृत गरी अभिलेख राखेको छैन । पालिकाले ऐनको व्यवस्था बमोजिम कोषहरूको अभिलेख अद्यावधिक गरी पालिकाको वास्तविक सम्पत्तिको अभिलेख पेश हुनुपर्दछ ।

१३ **आयोजना बैंक**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकूल हुनुपर्ने विभिन्न अन्तरसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । योजना बनाउदा आर्थिक विकास र गरिबी निवारण प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना सञ्चालन गनुपर्ने व्यवस्था छ । पालिकाले आयोजना बैँक बनाई कार्यान्वयनमा ल्याएको पाइएन । स्थानीय आयोजना बैंकको अवधारणा कार्यान्वयन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

१४ **योजना छनौट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजनाहरूको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले योजना बनाउँदा सामुदायिक भवन, सडक, पैनी, कल्भर्ट निर्माण, औषधी खरिद लगायतमा सालवसाली बजेट विनियोजन गरी खर्च गरेतापनि आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयको सूची तयार गरी सोमध्येबाट प्राथमिकीकरण गरी योजना छनौट गरेको देखिएन । स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजनाहरूको सूची तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु पर्दछ ।

१५ **दिगो विकास लक्ष्यहरूको स्थानीयकरण**

संयुक्त राष्ट्रसंघद्वारा गठित वातावरण र विकास सम्बन्धी विश्व आयोग ब्रुटल्याण्ड कमिसनद्वारा सन् १९८७ मा प्राकृतिक स्रोत साधन, वातावरण, जनसंख्या र विकास गतिविधिहरूको उचित एवं सन्तुलित तालमेलका लागि ल्याएको हाम्रो साझा भविष्य नामक अवधारणा बमोजिम संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले संयुक्त रुपमा अङ्गिकार गरी सन् २०१६ बाट कार्यान्वयनमा ल्याइएको आवधिक विकासका साझा मार्ग चित्रलाई दिगो विकास नाम दिइएको छ । यस अन्तर्गत तय भएका लक्ष्यहरू प्राप्तिका लागि नेपालका तिनै तहका सरकार समान रुपले जिम्मेवार छन् । यस पालिकाले तयार गरेको आवधिक विकास योजना समेत दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रतिबद्धता जाहेर गरेको छ । पालिकाको वार्षिक बजेट र संचालन गरिने कृयाकलापहरूलाई दिगो विकास लक्ष्य प्राप्तितर्फ केन्द्रित गर्नका लागि यसका सूचकहरूलाई स्थानीयकरण गर्न अपरिहार्य हुन्छ । दिगो विकासका लक्ष्यहरू आन्तरिकीकरण नगरी योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूमा योगदान पुग्ने कार्यक्रमहरू तर्जुमा हुन नसक्ने जोखिम रहने भएकोले पालिकाले दिगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण गरी दिगो विकासका मध्यकालीन लक्ष्य निर्धारण गर्ने र सो बमोजिम भएको प्रगतिको मूल्याङ्कन गर्नुपर्दछ ।

१६ **कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय योजना कार्यक्रमका रकम खर्च गर्दा कानुन, मापदण्ड, कार्यविधि बनाइ सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । खर्च गरिएको रकमको सदुपयोग भए नभएको यकिन गर्ने अनुदान उपलब्ध गर्ने निकायले समय समयमा अनुगमन नियमन र प्रतिवेदन जस्ता कार्य गर्नुपर्दछ । तसर्थ अनुगमन कार्यलाइ प्रभावकारी बनाइ संघीय, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरो नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आए नआएको यकिन गरी रकमको पुर्ण सदुपयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१७ **पुँजीगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं सम्भव भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नु पर्दछ । पालिकाले यो वर्ष पुँजीगत शीर्षकबाट खर्च गरेकोमा रू.५४ करोड ७३ लाख २६ हजार बोलपत्रबाट खरिद सम्झौता गरी केही सम्पन्न भएका छन् भने केही चालु रहेका छन् । कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रू.१ करोड २५ लाख

९४ हजार, सोझै रू.८९ लाख २७ हजारको र उपभोक्ता समितिबाट रू.१२ करोड ६५ लाख १० हजारको खरिद गरेको छ । सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

१८ **वार्षिक खरिद योजना/गुरूयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रू. १० करोडभन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रू १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.४४,८९,८९,०४०।- पुँजीगत खर्च गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा सार्वजनिक खरिद ऐन, नियम बमोजिम वार्षिक खरिद योजना बनाएको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद गुरूयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१९ **खरिद तथा ठेक्का अभिलेख**

१९.१ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखबाट कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेस्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । कार्यालयले उक्त विवरण देखिने गरी ठेक्का अभिलेख राखेको देखिएन ।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

१९.२ **खरिद कारवाही अभिलेख** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको छुट्टै फाइल खडागरी नियम १४९(२) मा उल्लिखित कागजातहरू संलग्न राख्नु पर्ने तथा नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने उल्लेख छ । पालिकाले गरेको खरिद कार्यको अभिलेख राखेको देखिएन । खरिद तथा योजनाहरूमा हुनसक्ने दोहोरोपना नियन्त्रण गर्नका लागि नियमावलीको व्यवस्था बमोजिम अभिलेख तयार गर्नु पर्दछ ।

२० **गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले योजनामा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चित हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चित हुनुपर्दछ ।

२१ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२२ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यका लागि निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्धित लागत अनुमानको २ प्रतिशत वर्क चार्ज स्टाफमा र २ प्रतिशत सानातिना कार्यका लागि खर्च गर्न मिल्ने व्यवस्था छ । कन्टिन्जेन्सी रकम खर्च गर्दा कुन निर्माण कार्यसँग सम्बन्धित खर्च हो सो प्रष्ट हुने गरी योजनागत छुट्टै अभिलेख राखुपर्नेमा कार्यालयले राखेको पाइएन। यसले गर्दा कन्टिन्जेन्सी रकमको सीमा नाघे ननाघेको र सम्बन्धित

खर्च रहे नरहेको यकिन गर्न सकिएन । निर्माण कार्यका योजनागत कन्टिन्जेन्सी रकमको अभिलेख राखी योजनासँग सम्बन्धित कार्यमा मात्र कन्टिन्जेन्सीको सीमा भित्र रही आवश्यकता अनुसार खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ ।

## २३ कानुन निर्माण एवं कार्यान्वयन

२३.१ **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानुनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३ वटा ऐन, १ वटा नियमावली, ७ वटा कार्यविधि र १ वटा निर्देशिका गरी जम्मा १२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले नमुना कानुनका आधारमा कार्यसञ्चालन निर्देशिका लगायतका आवश्यक कानुनहरू निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । संविधान तथा प्रचलित कानुन बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको विषय कार्यान्वयनका लागि आवश्यक कानुन बनाई संघीय तथा प्रदेश सरकारसँगको आवश्यक सहकार्य, समन्वय र साझेदारीमा जोड दिनुपर्दछ ।

२३.२ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ८६ वटा र यो वर्ष २१२ वटा विवाद दर्ता भई जम्मा २९८ उजुरी रहेकोमा २२९ वटा फस्र्यौट भई फस्र्यौट हुन बाँकी ६९ वटा देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## २४ सेवा प्रवाह अवस्था

कार्यालयको मूख्य उद्देश्य सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । पालिकाले यस वर्ष आर्थिक, सामाजिक र पूर्वाधार विकासका अतिरिक्त नियमित सेवातर्फ निम्नानुसार सिफारिस तथा सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउनेतर्फ ध्यान दिनु पर्दछ ।

| क्र.सं. | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ४५०८ | ४५०८ |
| २ | घरबाटो सिफारिस | ६३०९ | ६३०९ |
| ३ | नाता प्रमाणित | २८८२ | २८८२ |
| ४ | व्यक्तिगत घटना दर्ता | ४७३६ | ४७३६ |
| ५ | अन्य | १८१६२ | १८१६२ |

## २५ सिप विकास तथा रोजगारी मुलक तालिम

पालिकाले हरेक वर्ष लक्षित वर्गका लागि सिपमूलक तथा रोजगारमुखी तालिमहरू संचालन गर्ने गरेकोमा हालसम्म के कति जनाले कुन प्रकारका तालिम लिए तालिमको उदेश्य अनुसार स्वरोजगार वा रोजगारी श्रृजना भएका छन् कि छैनन्, तालिम लिएका लाभग्राहीको सिप तथा क्षमता विकास भएर जीवनस्तरमा सुधार भै समुदायमा सकरात्मक परिवर्तन भएको छ की छैन भनी पालिकाले अनुगमन गरी तालिममा भएको लागत खर्च र उपलब्धिको विश्लेषण गरी तालिम लिई सकेका र लिनु पर्ने लक्षित वर्गको कुनै अभिलेख राखेको देखिएन । पालिकाको श्रोत र साधन तथा लक्षित वर्गको लागि आवश्यकता भएको तालिमको पहिचान गरी तालिम कार्यक्रम राखेको देखिएन । पालिकाले गत वर्ष देखि एकै प्रकारका तालिमहरू एकै प्रकारका तालिम दाताहरूबाट संचालन गरी रहेकोले तालिमका सहभागिहरू एकै

प्रकारको तालिममा दोहोरीएका वा एकै व्याक्तिले धेरै प्रकारका तालिममा सहभागिता जनाएका छन् कि छैनन् प्रष्ट हुने अभिलेख नदेखिएकोले कार्यक्रमबाट अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन ।

२६ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, आर्थिक विवरण बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा प्रत्येक महिनाको ७ गते भित्र मासिक प्रतिवेदन एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र ७६ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा ५६ वटाको मात्र विवरण दाखिला गरेको पाइयो । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्थाबारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२७ **सूचना प्रविधी सञ्चालन**

पालिकाले सम्पादन गर्नुपर्ने विभिन्न कार्यहरू विद्यूतीय प्रणालीबाट सम्पादन गर्ने गरी सफ्टवेयरहरू सञ्चालनमा ल्याएको छ । पालिका अन्तर्गत प्रयोग भएका सफ्टवेयरको प्रयोगकर्ताहिरूको विवरण, पासवर्ड परिवर्तन, भण्डारण तथा डाटा व्याकअप सम्बन्धी अभिलेख मलेप फाराम नं ९०१, ९०२ र ९०३ को ढाँचामा राखी विद्यूतीय सुरक्षा सम्बन्धी व्यवस्था कार्यान्वियनमा ल्याउनु पर्नेमा सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरेको छैन । कुन कुन सफ्टवेयर क-कसले सञ्चालन गर्ने गरेका छन्, आधिकारिक रुपमा क-कसलाई सञ्चालनको अनुमति दिइएको छ, डाटा व्याकअपको अवस्था के कस्तो छ भन्ने विषयमा कार्यालयको ध्यान जान सकेको देखिएन । यसबाट अनधिकृत व्यक्तिको प्रणालीमा पहुँच हुन सक्ने, तथ्यांकमा भएका परिवर्तको जिम्मेवारी को सँग हुने भन्ने किटान नहुने एवं ब्याकअप नियमित रुपमा गर्ने र प्रमाणित गर्ने व्यवस्था नभएकोले तथ्यांक हराउने वा सच्याउन सकिने जस्ता जोखिम रहेको देखिन्छ । अत: विद्युतीय तथ्यांकको सुरक्षा सम्बन्धमा भएका व्यवस्थाको पालना गर्नुपर्दछ ।

२८ **तालिम कार्यक्रम सञ्चालन**

कार्यालयले विभिन्न मितिमा विभिन्न तालिम कार्यक्रमहरू सञ्चालन गरे वापत भुक्तानी गर्दा उक्त कार्यक्रमहररुको प्रस्तावना कार्यसंचालन निर्देशिका बमोजीम भएको नदेखिएको, तालिम कार्यक्रम सम्वन्धी सूचना, कार्यपत्र, सहभागीहरूको उपस्थिति, कार्यक्रम सम्बन्धी निर्णय र तालिम प्राप्त गर्ने ब्यक्तिहरूको अद्यावधिक अभिलेख राखी सार्वजनिक गर्नुपर्न, सार्वजनिक खरिद नियमावली को नियम ९९ मा गैर सरकारी संस्थाबाट काम गराउने सम्बन्धी व्यवस्थानुसारका प्रकृया पुरा गरी प्रमाण कागजात प्राप्त गरी सम्बन्धित पक्षहरूलाइ भुक्तानी गर्नुपर्नेमा उल्लेखित कागजातहरू आंशिक रुपमा प्राप्त गरी भुक्तानी भएको देखिएकोले भुक्तानीलाइ प्रमाणीत गर्ने कागजातहरू प्राप्त गरी भुक्तानी गर्नुपर्ने देखिन्छ ।

२९ **संगठन तथा कर्मचारी व्यवस्थापन**

२९.१ **तलबी प्रतिवेदन** - निजामती सेवा ऐन, २०४९ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१८, मिति २०७६।५।१८ को पत्रबाट पालिकाका कर्मचारी र संघबाट कामकाजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराउनुपर्ने स्पष्ट निर्देशन रहेकोमा पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई रू.३,८३,१६,९१२।३८ कर्मचारीको पारिश्रमिक खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा भुक्तानी दिनुपर्ने रकमभन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२९.२ **प्रशासकीय संगठन तथा जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ७ मा ऐन प्रारम्भ हुँदाका बखत स्थानीय तहमा रहेका कर्मचारीको स्थायी दरबन्दीको विवरण ऐन प्रारम्भ

भएको मितिले तीन महिनाभित्र प्रदेश किताबखानामा पद दर्ता गर्न पठाउनु पर्ने उल्लेख छ । पालिकामा वडा कार्यालय समेत प्रमुख प्रशासकीय अधिकृत सहित ११९ जनाको दरबन्दी स्वीकृत रहेकोमा ५९ जना स्थायी र ७९ जना करार गरी जम्मा १३८ जना पदपूर्ति भएको देखिन्छ । तसर्थ प्रदेश किताबखानामा पद दर्ता गरी दरबन्दी बमोजिम पदपूर्ती गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२९.३ **करार कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३(८) र स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ मा पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । यसरी सेवा लिएको अवस्थामा सेवा करार वापत दिइने पारिश्रमिक सम्बन्धित स्थानीय तहको आन्तरिक स्रोतबाट व्यवस्थापन गर्नुपर्ने उल्लेख छ । सेवा करार सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन् :

(क) पालिकाले यस वर्ष विभिन्न पदमा ७९ जना कर्मचारी करारमा राखी निजहरूको तलब भत्ता बापत राजस्व बाँडफाँट तथा आन्तरिक श्रोतबाट रू.३,४६,५९,७०३।- खर्च लेखेको छ । यस वर्ष पालिकाको आन्तरिक आम्दानी रू.१३ करोड ६६ लाख ६९ हजार रहेको छ । सोको तुलनामा करारमा कर्मचारी पदपूर्ती गरी आन्तरिक आम्दानीको २५.३६ प्रतिशत खर्च गरेको देखिन्छ । ऐनको व्यवस्था बमोजिम आन्तरिक आयले धान्न सक्ने गरी करारमा कर्मचारी पदपूर्ती गर्नुपर्दछ ।

(ख) पालिकाले ऐन बमोजिम करार सेवामा नियुक्ती गर्न सकिने पद बाहेक रिक्त दरबन्दीमा ३० जना कर्मचारी करार सेवा मार्फत पदपूर्ति गरी खर्च लेखेको छ । रिक्त पदहरू पूर्ती गरी करारका कर्मचारीहरूमा भई रहेको खर्च कम गर्न पहल गर्नुपर्दछ ।

(ग) पालिकाले स्वीकृत दरबन्दी बाहिर ३२ जना करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरूको तलब भत्ता बापत रू.१,४०,३९,३७३।- भुक्तानी गरेको छ । यसरी स्वीकृत दरबन्दीमा समावेश नभएका तथा करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १,४०,३९,३७३ |

२९.४ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) मा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका सर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि तयार नगरी भत्ता भुक्तानी दिएको देखियो । पालिकाले दशौं नगरसभाको निर्णय नम्बर १६ मा सेवा प्रवाहलाई पारदर्शी, छिटो छरितो र प्रभावकारी बनाउन नगरपालिकामा कार्यरत कर्मचारीहरूलाई कार्यबोझ र कार्य कुशलताको आधारमा सुरु तलब स्केलको ५० प्रतिशत सम्म थप प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्ने निर्णय बमोजिम विभिन्न स्तरका ८ जना कर्मचारीहरूलाई वार्षिक रुपमा मासिक खाइपाई आएको तलबको ५० प्रतिशतका साथै दैनिक रू.३००।- खाजा खर्च, ३ जना कर्मचारीलाई फाल्गुण देखि असार सम्म ५ महिना मासिक तलबको ५० प्रतिशत र ५ जना कर्मचारीलाई चैत्र देखि असारसम्म ४ महिनाको २५ प्रतिशतका दरले कूल जम्मा रू.३५,५२,७३०।- रकम प्रोत्साहन स्वरुप खर्च लेखेको पाइयो । लेखापरीक्षणको क्रममा बुझ्दा पालिकाले कार्यबोझका आधारमा थप समय कार्य गर्नु पर्ने भएकाले प्रोत्साहन भत्ता भुक्तानी दिएको साथै सुन्दरहरैँचा नगरपालिकाको २०८१/०७/२१ मा बसेको २१९औँ कार्यपालिका बैठकले सुन्दरहरैँचा नगरपालिकाका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०८१ स्वीकृत गरेको र पालिकाले आगामी दिनमा स्वीकृत मापदण्ड अनुसार गरिने समेत प्रतिवद्धता जनाएको छ । अतिरिक्त कार्यहरूको कार्यविवरण तथा ई-हाजिरी तथा लिखित हाजिर प्रमाणित गराएर प्रगति विवरण (कार्यसम्पादन सूचक) समेत पेश गरेर मात्र आन्तरिक आयलाई मध्यनजर गरी मितव्ययी तवरले यस्तो भुक्तानी हुनु पर्दछ ।

२९.५ **कर्मचारी कल्याणकोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण,औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश

कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले २०७६ श्रावण पछि नियुक्त कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा र सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरे तापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकास कोषमा जम्मा गर्ने गरेको पाइएन । पालिकाले कोषको रकम परिचालन गरी कोष बृद्धि गर्न सो रकमको परीचालन सम्बन्धी कानुनी व्यवस्था समेत गरेको देखिएन ।

३० **वार्षिक प्रतिवेदन**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

३१ **आर्थिक सहायता र विविध खर्च**

३१.१ **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा,पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन । यस वर्ष पालिकाले विभिन्न खर्च शीर्षकमा बजेट विनियोजन गरी आर्थिक सहायता वितरण सम्बन्धी मापदण्ड तयार गरी विभिन्न व्यक्ति तथा संस्थाहरूलाई निम्नानुसार रू.६८ लाख ५९ हजार खर्च लेखी आर्थिक सहायता वितरण गरेको छ । पालिकाले आन्तरिक आय तथा आवश्यकताको आधारमा मात्र यस्ता खर्च गर्नेतर्फ ध्यान दिनु पर्ने र खर्चमा मितव्ययीता कायम गर्नु पर्ने देखिन्छ । वितरण गरेको रकम प्राप्त गर्ने नागरीकको विवरण तयार गरी पालिकाले आफ्नो वेभसाईटमा विवरण सार्वजनिक गरेको छैन । वितरणको एकीकृत विवरण तयार गरी वेभसाईटमा प्रकाशन गर्नु पर्दछ ।

| बजेट शीर्षक | स्रोत | बजेट | खर्च तथा वितरण |
|---|---|---|---|
| अन्य संस्था सहायता | आन्तरिक श्रोत | २५,००,०००.०० | २४,९६,१००.०० |
| उद्दार, राहत तथा पुनर्स्थापना खर्च | राजस्व बाँडफाँट - संघीय सरकार | २०,००,०००.०० | ७,२०,४३७.०० |
| शैक्षिक संस्थाहरूलाई सहायता | राजस्व बाँडफाँट - संघीय सरकार | १०,००,०००.०० | ९,११,५२०.०० |
| धार्मिक तथा सांस्कृतिक संस्था सहायता | राजस्व बाँडफाँट - संघीय सरकार | १०,००,०००.०० | ५,४०,८५३.०० |
| उपभोक्ता समिति तथा गैर सरकारी संस्था सहायता | राजस्व बाँडफाँट - संघीय सरकार | १०,००,०००.०० | २,८२,४२०.०० |
| आदिवासी जनजातीका जात्रा/पर्व मेला सहयोग कार्यक्रम (सिरुवा, ल्होसार, छठ लगायतका पर्व) | राजस्व बाँडफाँट - संघीय सरकार | ८,००,०००.०० | ७,७५,०००.०० |
| भाषा कला संस्कृति प्रबर्द्धन कार्यक्रम | राजस्व बाँडफाँट - संघीय सरकार | ३,००,०००.०० | १,८५,०००.०० |
| विपत् व्यवस्थापन कोषको उद्धार राहत तथा पुनर्स्थापना खर्च | नेपाल सरकार - समानिकरण अनुदान | ४२,३५,०००.०० | ४,००,०००.०० |
| विपत् व्यवस्थापन कोषको उद्धार राहत तथा पुनर्स्थापना खर्च | आन्तरिक श्रोत | १,३३,५०,०००.०० | ५,४७,२००.०० |
| **जम्मा** | | **२,६१,८५,०००.००** | **६८,५८,५३०.००** |

३१.२ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको सुत्रको विवरण अनुसार विविध खर्चमा पालिकातर्फ रू.३५,५०,६६६।- र वडातर्फ १२ वडाको विविध खर्चमा रू.२०,७५,०००।- गरी कुल रू.५६,२५,६६६।- खर्च गरेको छ । पालिकाले अधिकांश भुक्तानीमा कार्यक्रम, सहभागी संख्या नखुलाई विभिन्न होटल तथा रेस्टुराँको बिल भरपाई संलग्न गरी खाना खाजा लगायतका खर्च गर्ने गरेकोले पालिकाको विविध खर्चको यर्थाथता परीक्षण गर्न सकिएन । उक्त रकम पालिकाको कुल आन्तरिक आय रू१३,६६,६८,८२१।३५ को ४.१२ प्रतिशत हुन आउँछ । पालिकाले विविध खर्चमा नियन्त्रण गर्न प्रयोजन खुलाई आन्तरिक आयको परिधि भित्र रही खर्चलाई मितव्ययी बनाउनु पर्दछ ।

३२ **खर्च वर्गीकरण तथा कर्मचारीलाई सोधभर्ना**

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम ८ मा सेवा प्रदायक तथा आपूर्तिकर्तालाई पच्चिस हजार रूपैयाँ भन्दा बढी रकम भुक्तानी गर्दा एकाउण्टपेयी चेक मार्फत गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा कार्यालयको विभिन्न शीर्षकको रकम भुक्तानी गरेको श्रेस्ता नमुना छनौट गरी परीक्षण गर्दा सेवा प्रदायक तथा सम्बन्धित आपूर्तकलाई सोझै भुक्तानी नगरेको, दाखिला प्रतिवेदनमा जिन्सी खाता पाना नम्बर उल्लेख नगरेको तथा व्यवस्थित जिन्सी खाता नभएको, इन्धन खर्चको लगबुक विवरण नभएको तथा चिया खाजामा स्पष्ट मापदण्ड बनाइ मितव्ययी तवरले खर्च गरेको नदेखिएको साथै वडा कार्यालयको खर्चमा एकरूपता नदेखिने तथा पालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ । तसर्थ पालिकाले ऐन तथा नियमावलीको व्यवस्था बमोजिम एकाउण्टपेयी चेक मार्फत सेवा प्रदायक तथा आपूर्तिकर्ताको नाममा भुक्तानी गर्नुपर्दछ ।

३३ **पेस्की बाँकी**

३३.१ **मोबिलाइजेशन पेस्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेस्की फस्र्यौट सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले गत आर्थिक वर्षसम्ममा र यस आर्थिक वर्षमा निर्माण व्यवसायीलाई दिइएको मोबिलाइजेशन पेस्की रू.८,६२,९४,१८०।- आर्थिक वर्षको अन्त्यसम्म पनि फस्र्यौट नभई बाँकी रहेको देखिन्छ । पालिकाले निर्माण व्यवसायीसँग भएको सम्झौताको सर्त र नियमानुसार बाँकी पेस्की फस्र्यौट गर्नुपर्दछ ।

| क्र.सं. | निर्माण व्यवसायी नाम | पेस्कीको विवरण | चालु आर्थिक वर्षको | गत आर्थिक वर्षसम्मको | जम्मा बाँकी |
|---|---|---|---|---|---|
| १ | कमलाशान्ति-मत्स्यपोखरी जे. भी. | सलकपुर-पचाम सडक कालोपत्रे निर्माण ३ सुन्दरहरैंचा नगरपालिका वडा नं. १ | ० | २४४२००० | २४४२००० |
| २ | ए.एम.कन्स्ट्रक्सन कम्पनी प्रा. लि. | शहरी पूर्वाधार विकास आयोजना - नगर विकास कोष | ० | १०२८७२६७ | १०२८७२६७ |
| ३ | ए. एम. कन्स्ट्रक्सन कम्पनी प्रा. लि. | समपूरक कोष (तराई मधेस समृद्धी लगानी बोर्ड शहरी शासकिय सुधार कार्यक्रम संस्कृती प्रबर्द्धन कार्यकम पर्यटन पूर्वाधार विकास आयोजना संघीय/प्रदेश समपूरक लुमन्ती आवास भारतीय दुतावास लगायत अन्य संघ संस्था | ० | ६५९८८१३ | ६५९८८१३ |
| ४ | कमला शान्ती-मत्स्य पोखरी जे.भि. | वडा नं.११ सिमानाबाट हुलाकी मार्ग जाने सडक कालोपत्रे सु ह २ | ० | ९२६१०० | ९२६१०० |
| ५ | गोविन्द निर्माण सेवा | वडा नं. १० को सिमाना देखि आदर्शचौक सम्म | ० | २५३००० | २५३००० |
| ६ | आर्ष कन्स्ट्रक्सन प्रा.ली. | त्रिवेणी चौक देखि पानीटंकी मार्ग कालोपत्रे | १०८४००० | ० | १०८४००० |
| ७ | लामा।बानियाँ जे.भी | Urban Development Grant दिने | ३०४००००० | ० | ३०४००००० |
| ८ | आर्ष कन्स्ट्रक्सन प्रा.ली. | त्रिवेणी चौक देखि पानीटंकी मार्ग कालोपत्रे | १०८३००० | ० | १०८३००० |
| ९ | लामा।बानियाँ जे.भी | Urban Development Grant दिने | ३०४००००० | ० | ३०४००००० |
| १० | सिएम-महांकाल जे.भि. | अन्य सार्वजनिक निर्माण | ० | २८२०००० | २८२०००० |
| **जम्मा** | | | **६२९६७०००** | **२३३२७१८०** | **८६२९४१८०** |

३३.२ **पदाधिकारी, कर्मचारी तथा व्यक्तिगत पेस्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेस्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ । पालिकाले विभिन्न कार्यक्रम सञ्चालन गर्न निम्नानुसार पदाधिकारी, कर्मचारी तथा व्यक्तिहरूलाई दिएको पेस्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रू.३०,९५,५२४।- बाँकी रहेकोमा ले.प. को क्रममा रू५,६७,७६२।- फर्स्यौट गरी पेश गरेको छ । नियमावलीले तोकेको अवधीभित्र पेस्की फर्स्यौट गर्नेतर्फ पेस्की लिने र दिने दुवैले ध्यान दिनु पर्दछ । बाँकी पेस्की फर्स्यौट गरी प्रमाण पेश गर्नु पर्ने रू.

| क्र.सं. | गो. भौ. न. | पेस्कीको विवरण | पेस्की लिने ब्यक्ति फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | चालु आ. व. को | गत आ. व.सम्मको | जम्मा बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | पदाधिकारी | | | | | | | |
| १ | ४२० | विपद् व्यवस्थापन कोष | खेम प्रसाद न्यौपाने | वडा अध्यक्ष | ० | १००००० | १००००० | |
| २ | ४२० | विपद् व्यवस्थापन कोष | गणेश चौधरी | वडा अध्यक्ष | ० | १००००० | १००००० | |
| ३ | ४२० | विपद् व्यवस्थापन कोष | राज कुमार राई | वडा सदस्य | ० | १००००० | १००००० | |
| २ | कर्मचारी | | | | | | | |
| १ | २९ | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती, रक्तसंचार, उत्प्रेरणा सेवा, न्यानो झोला र निःशुल्क गर्भपतन कार्यक्रम | ममता न्यौपाने | पब्लिक हेल्थ नर्स | ० | ८८०० | ८८०० | ले.प.को क्रममा असुल दाखिला गरेको प्रमाण पेश । |
| २ | ४२० | विविध तथा बैठक खाजा खर्च | केशव प्रसाद तिम्सिना | नायव सुब्बा | ० | ४५८२ | ४५८२ | |
| ३ | ४२० | कर्मचारीको बैठक भत्ता | निरज न्यौपाने | सहायक पाँचौ | ० | ५०००० | ५०००० | |
| ४ | ४२० | गत आर्थिक बर्षमा सिस्टम लक भएर भुक्तानी दिन बाँकी रकम | रोशन खनाल | कम्प्यूटर अपरेटर | ० | ७३८३८० | ७३८३८० | |
| ५ | ४२० | पानी तथा बिजुली | रोहित निरौला | नायव सुब्बा | ० | ५००० | ५००० | |
| ६ | ४२० | बिमा तथा नवीकरण खर्च | रोहित निरौला | नायव सुब्बा | ० | १४०००० | १४०००० | |
| ७ | ४२० | संचार महसुल | रोहित निरौला | नायव सुब्बा | ० | २०००० | २०००० | |
| ८ | ४२० | विविध खर्च | लक्ष्मीभक्त पोखरेल | सहायक पाँचौ | ० | २००००० | २००००० | |
| ९ | ४२० | कर्मचारी तालिम खर्च | शेखर ढकाल | लेखा अधिकृत | ० | २५००० | २५००० | |
| १० | ९७६ | बिमा तथा नवीकरण खर्च | लिला प्रसाद रिमाल | सहायक पाँचौ | ५६७७६२ | ० | ५६७७६२ | ले.प.को क्रममा फस्र्योट भएको । |
| ३ | व्यक्तिगत | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४२० | विविध खर्च | कृष्ण बहादुर न्यौपाने | | ० | ३०००० | ३०००० | |
| २ | ४२० | संचार महसुल | गिता देवी अधिकारी | | ० | १०००० | १०००० | |
| ३ | ४२० | सवारी साधन मर्मत खर्च | दिनेश कार्की | | ० | ३५००० | ३५००० | |
| ४ | ४२० | विपद् व्यवस्थापन कोष | प्रकाश श्रेष्ठ | | ० | १००००० | १००००० | |
| ५ | ४२० | विपद् व्यवस्थापन कोष | बिदुर प्रसाद ढुङ्गाना | | ० | १००००० | १००००० | |
| ६ | ४२० | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | रोशन खनाल | | ० | १५००० | १५००० | |
| ७ | ४२० | मसलन्द तथा कार्यालय सामाग्री | रोशन खनाल | | ० | २५००० | २५००० | |
| ८ | ४२० | विविध कार्यक्रम खर्च | रोशन खनाल | | ० | २५००० | २५००० | |
| ९ | ४२० | संचार महसुल | रोशन खनाल | | ० | १५००० | १५००० | |
| १० | ४२० | सेवा र परामर्श खर्च | रोशन खनाल | | ० | २०००० | २०००० | |
| ११ | ४२० | इन्धन (पदाधिकारी) | लक्ष्मी भक्त पोख्रेल | | ० | ७००० | ७००० | |
| १२ | ४२० | विविध कार्यक्रम खर्च | लक्ष्मी भक्त पोख्रेल | | ० | ७००० | ७००० | |
| १३ | ४२० | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | लक्ष्मी भक्त पोख्रेल | | ० | ५९००० | ५९००० | |
| १४ | ४२० | संचार महसुल | लक्ष्मी भक्त पोख्रेल | | ० | ७००० | ७००० | |
| १५ | ४२० | कर्मचारी तालिम खर्च | शेखर ढकाल | लेखा अधिकृत | ० | ५००० | ५००० | |
| १६ | ४२० | विपद् व्यवस्थापन कोष | सन्तोष लिङ्देन | | ० | १००००० | १००००० | |
| १७ | ४२० | सवारी साधन मर्मत खर्च | समुन्द्र विश्वकर्मा | | ० | २०००० | २०००० | |
| १८ | ४२० | मसलन्द तथा कार्यालय सामाग्री | सुशिल खतिवडा | | ० | ३६००० | ३६००० | |
| १९ | १९५ | विविध खर्च | भगवती पराजुली | | १५०००० | ० | १५०००० | |
| २० | १९६ | मसलन्द तथा कार्यालय सामाग्री | लक्ष्मी भक्त पोख्रेल | | २७०००० | ० | २७०००० | |
| **जम्मा** | | | | | **९८७७६२** | **२१०७७६२** | **३०९५५२४** | |

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| ३३.२.१ | भगवती पराजुली | १५०,००० |
| ३३.२.२ | लक्ष्मी भक्त पोख्रेल | २७०,००० |

| | |
|---|---|
| पेश्की | ४,२०,००० |

३४ **धरौटी फिर्ता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) मा कार्यालयले निर्माण लगायत अन्य कार्यको भुक्तानी गर्दा कट्टा गरेको रिटेन्सन मनि फिर्ता भुक्तानी गर्दा सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहायको धरौटी फिर्ता दिँदा कर विवरण पेश गरेको प्रमाण कागजात नलिई धरौटी फिर्ता गरेको देखियो । पालिकाबाट भुक्तानी लिएको मूल्य अभिवृद्धि कर सम्बन्धित कर कार्यालयमा विवरण पेश गरी कर समायोजन भएको पत्र पेश हुनु पर्ने रू.

| **गो.भौ.नं.र मिति** | **धरौटी फिर्ता लिने फर्मको नाम** | **धरौटी फिर्ता रकम** |
|---|---|---|
| ४३-२०८०/०६/२३ | गोविन्द निर्माण सेवा | २०७९८३ |
| ५६-२०८०/०७/१९ | हरिपूर्णिमा कन्स्ट्रक्सन | १०४९९८ |
| ७५-२०८०/०८/२० | डि.आर.ए. कन्स्ट्रक्सन | १६३२८९ |
| | जाल्पादेवी निर्माण सेवा | २५४८६ |
| | लाइट विल्डर्स प्रा.लि. | ४२३२० |
| **जम्मा** | | **५४४०७६** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,४४,०७६ |

३५ **गैर सरकारी संस्था मार्फत कार्यक्रम**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा गैर सरकारी संस्थाबाट काम गराउनका लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य संचालन विधि सहितको कार्यक्षेत्रगत सर्त र लाग्ने रकमको अनुमान तयार गर्नुपर्ने, सार्वजनिक निकायले दश लाख रुपैया सम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उदेश्य राखी प्रचलित कानुन बमोजिम दर्ता भएको, मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा प्रस्ताव माग गरी पारदर्शी रुपमा छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न लक्षित समूह तथा वर्गको कार्यक्रम तथा तालिम सञ्चालन गर्नका लागि छनौट भएको संघ संस्थाहरूको छनौट प्रकृया नियमावली बमोजिम पारदर्शी रहेको पाइएन । साथै विभिन्न कार्यक्रम तथा तालिम वडा कार्यालयले आँफै कार्यदेश दिएको र सोझै संस्था छनौट गरेको पाइयो । अधिकांश कार्यक्रम तथा तालिममा खर्चको नर्म्स, लागत अनुमान तयार नगरी तालिम सञ्चालन गरेको र सहभागीहरूको छनौटको मापदण्ड स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । यस्ता कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्गको सही पहिचान गरी सहभागी छनौट गर्ने, कार्यक्रम तर्जुमा गर्दा उद्यमशिलता विकास, रोजगारीको अवसर, स्थानीय स्रोत साधन र क्षमताको प्रयोगलाई विचार गरी कार्यक्रमको छनौट गर्नु पर्दछ । उदाहरणको लागि देहायबमोजिम रहेका छन्ः

| गो.भौ.नं.-मिति | सेवा प्रदायक | कार्यक्रमको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १०१६-२०८१/०३/२१ | जेष्ठ नागरिक समाज | जेष्ठ नागरिकसँग उपमेयर भलाकुसारी कार्यक्रम | २०००००.०० |
| १००४-२०८१/०३/२० | जनसहयोग युवा क्लब | लागु औषध दुर्व्यसनी विरुद्ध युवा जागरण कार्यक्रम | १६००००.०० |
| ८६६-२०८१/०३/०६ | जेष्ठ नागरिक समाज | जेष्ठ नागरिक सम्मान कार्यक्रम वडा नं.१ | ४९९००.०० |
| ९१६-२०८१/०३/१४ | जेष्ठ नागरिक समाज | जेष्ठ नागरिक सम्मान कार्यक्रम वडा नं.२ | ४९०२०.०० |
| ७४७-२०८१/०२/२१ | नेपाल आदिवासी जनजाति महासंघ | जनजाती लक्षित कार्यक्रम वडा नं.६ | ५००००.०० |
| ८९१-२०८१/०३/१२ | वडा मिलिजुली समुह सुन्दरहरैंचा ७ | अपाङ्ग बिउपुँजी कार्यक्रम वडा नं.७ | ५००००.०० |
| ७००-२०८१/०२/०१ | जेष्ठ नागरिक समाज सुन्दरहरैंचा | जेष्ठ नागरिक कार्यक्रम वडा नं.९ | ५००००.०० |
| ९८३-२०८१/०३/१९ | सृजनशिल समाज | लैङ्गिक समावेशीकरण कार्यक्रम वडा नं.११ | ५४०००.०० |
| ७८८-२०८१/०२/२४ | जेष्ठ नागरिक समाज सुन्दरहरैंचा | जेष्ठ नागरिक सम्मान तथा भ्रमण कार्यक्रम वडा नं.११ | ५००००.०० |
| १०११/२०८१/०३/३१ | नेपाल अपाङ्ग महिला संघ | अपाङ्ग सम्बन्धी कार्यक्रम वडा नं.११ | ५९९००.०० |
| ९५९-२०८१/०३/१७ | परिवर्तनका लागि युवा | लागु पर्दाथ दुर्व्यसनी विरुद्ध युवाहरूको लागी चेतनामुलक कार्यक्रम वडा नं.१२ | ४९४३०.०० |
| ६८८-२०८१/०१/३० | जेष्ठ नागरिक समाज सुन्दरहरैंचा | जेष्ठ नागरिक कार्यक्रम वडा नं.१२ | ७५०००.०० |
| १०१२-२०८१/०३/२१ | नेपाल अपाङ्ग महिला संघ | अपाङ्ग सम्बन्धी सिपमुलक तथा आयमुलक कार्यक्रम वडा नं.१२ | ४९९००.०० |

### ३६ भ्रमण खर्च व्यवस्थापन

गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नुपरेमा पालिका प्रमुखले ३ दिनसम्मको भ्रमण आँफै र सो भन्दा बढी ७ दिन सम्मको कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्ने र कर्मचारीको हकमा भ्रमण नियमावली, २०६४ मा ब्यवस्था भए बमोजिम भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नुपर्ने छ र भ्रमणबाट फर्किएको ३ दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको व्यहोरा सहितको भ्रमण प्रतिबेदन समेत पेश गर्नुपर्दछ । पालिकाले भ्रमण खर्चमा रू.४२,४२,०८७।- खर्च लेखेको छ । पालिकाका पदाधिकारी र कर्मचारीहरूको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण अभिलेख खाता प्रयोग नगरेको, भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गरेको र फर्किदा प्रतिवेदन पूर्ण अवधीको कार्य विवरण खुल्ने गरी पेश गरेको देखिएन । साथै एउटै भ्रमणको दोहोरो भुक्तानी गरेको, भ्रमण खर्च भुक्तानी गरेकोमा भ्रमण अवधिको बिचमा पालिकाको बैठकमा उपस्थित भएको समेत देखिन्छ । पालिकाका प्रमुखले आफ्नो भ्रमण आदेश स्वयम् स्वीकृत गर्ने गरेकोमा कार्यपालिकाबाट अनुमोदन भएको पाइएन । पालिकाले भ्रमण खर्च गर्दा उल्लेखित नियम तथा कार्यविधिहरूको पालना गर्दै भ्रमण खर्चलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

### ३७ मसलन्द तथा कार्यालय सामग्री खरिद

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी मार्गदर्शन, २०७७ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरू, सबै पदाधिकारी एवं कर्मचारीहरूले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष सोझै खरिद विधिबाट पालिकातर्फ रू.४७ लाख ७० हजार र वडातर्फ १२ वटा वडाको प्रति वडा रू.१ लाख १० हजारका दरले रू.१३ लाख २० हजार गरी जम्मा रू.६० लाख ९० हजार मसलन्द तथा कार्यालय सामाग्री शीर्षकमा खर्च गरेको छ । पालिकाले खरिद गरेको सामाग्री पाम्समा दाखिला गरी खर्च लेखेको तर वडा कार्यालयबाट भएको खरिद पाम्समा दाखिला नगरी खर्च

लेखेको छ । यसरी एकीकृत रुपमा खरिद गरी वडा कार्यालयमा पालिकाबाट कार्यालय सामाग्री उपलब्ध नगराएको कारण वडा कार्यालयले खरिद गरेकोले मसलन्द तथा कार्यालय सामाग्रीको एकीकृत विवरण प्राप्त हुन नसकेको हुँदा वडा कार्यालयबाट हुने खरिदलाई पाम्समा दाखिला गरेर मात्र खर्च लेख्नु पर्दछ ।

३८ **वितरणमुखी खर्च**

स्थानीय तहले योजना छनोट गर्दा रोजगारी सृजना हुने जन जीवनस्तर उठाउने आय आर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरूको छनोटमा ध्यान दिनुपर्दछ । पालिकाले संघीय सरकारबाट सिमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक आय पनि सिमित रहेको अवस्थामा सिमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरूमा केन्द्रित भई योजनाहरू कार्यान्वियन गर्नुपर्नेमा प्रस्तावनाका आधारमा कार्यापालिकाको निर्णयबाट वितरणमुखी योजना र कार्यक्रमहरू सञ्चालन गर्ने गरेको देखियो । साथै वडागत कार्यक्रमतर्फ प्राय सबै वडाहरूले खरिद गर्ने र लक्षित वर्गलाई बाँड्ने जस्ता वितरणमुखी कार्यक्रमहरू सञ्चालन गरेको देखिन्छ । यस्तो योजना र कार्यक्रमहरूले पालिकाको अर्थतन्त्रमा उल्लेखनीय योगदान नपुर्‍याउने तथा पालिकाको आर्थिक व्ययभार बढ्न गई प्राप्त आयले धान्न नसक्ने हुनाले वास्तविकता र आवश्यकतामा आधारित रहि पारदर्शी ढंगले सम्पन्न गर्ने र अनावश्यक रुपमा हुने यस्ता वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपर्दछ । यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन् :

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक तिर्थाटन कार्यक्रम | १००००० | ९८९१९ |
| २ | पिछडा वर्ग पर्व मेला कार्यक्रम | १००००० | २५००० |
| ३ | जेष्ठ नागरिक सँग उपमेयर भलाकुसारी कार्यक्रम | ३००००० | २००००० |
| ८०११३४०८२०१ सुन्दरहरैंचा नगरपालिकावडा नं.१ | | | |
| ८ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | ५०००० | ४९९०० |
| ९ | अति बिपन्न ब्यक्तिलाई न्यानो कपडा बितरण | १००००० | ८७६०० |
| ८०११३४०८२०२ सुन्दरहरैंचा नगरपालिकावडा नं.२ | | | |
| ११ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | ५०००० | ४९०२० |
| ८०११३४०८२०३ सुन्दरहरैंचा नगरपालिकावडा नं.३ | | | |
| १३ | जेष्ठ माता/पिता सम्मान कार्यक्रम | २५०००० | २१९८५७ |
| ८०११३४०८२०४ सुन्दरहरैंचा नगरपालिकावडा नं.४ | | | |
| १४ | अति विपन्न परिवारलाई न्यानो कपडा वितरण कार्यक्रम सु ह ४ | १५०००० | १५०००० |
| १५ | ज्येष्ठ नागरिक तिर्थाटन कार्यक्रम सु ह ४ | १००००० | ९९९५० |
| ८०११३४०८२०६ सुन्दरहरैंचा नगरपालिकावडा नं.६ | | | |
| १८ | बालबालिकाहरूलाई ट्रयाक सुट वितरण | १५०००० | १४८१७६ |
| ८०११३४०८२०७ सुन्दरहरैंचा नगरपालिकावडा नं.७ | | | |
| २१ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | १३०००० | १२९७३६ |
| ८०११३४०८२०९ सुन्दरहरैंचा नगरपालिकावडा नं.९ | | | |
| २४ | जेष्ठ नागरिक कार्यक्रम | ५०००० | ५०००० |
| ८०११३४०८२११ सुन्दरहरैंचा नगरपालिकावडा नं.११ | | | |
| २५ | जेष्ठ नागरिक सम्मान तथा भ्रमण कार्यक्रम | ५०००० | ५०००० |
| ८०११३४०८२१२ सुन्दरहरैंचा नगरपालिकावडा नं.१२ | | | |
| २८ | जेष्ठ नागरिक कार्यक्रम | ७५००० | ७५००० |
| **कुल जम्मा** | | **१६५५०००** | **१४३३१५८** |

## ३९ लुमन्ती आवास

पालिकाले लुमन्तिसँग मिति २०८०।१२।३० मा पालिकाबाट छनौट भएका १०० विपन्न परिवारहरूलाई आवास सहयोग उपलब्ध गराउन प्रति परिवार रू.२,२०,०००।-का दरले १०० परिवारका लागि रू.२,२०,००,०००।- र पालिकाको तर्फबाट प्रति परिवार रू.५०,०००।- दरले रू.५०,००,०००।-उपलब्ध गराउने सम्झौता भएको देखिन्छ । उक्त सम्झौतामा पालिकाले लक्षित परिवारले घरको फाउण्डेशन लेभल सम्पन्न गरे पश्चात लुमन्तिले सिफारिस पेश गर्ने र सिफारिश पश्चात पालिकाले लाभान्वित परिवारलाई रकम प्रदान गर्ने उल्लेख छ। पालिकाले यस वर्ष ३१ घरपरिवारको लागि भौचर नं.१६७ बाट रू.५ लाख र ५८४ बाट रू.१० लाख गरी रू.१५,५०,०००।- लाभग्राहीहरूलाई भुक्तानी दिएको देखिन्छ । आवास निर्माणको फाउण्डेशनको कार्य पश्चात पालिकाबाट रकम

भुक्तानी भएकोमा कार्यसम्पन्न भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन गरेको देखिएन । सम्झौता बमोजिम कार्य सम्पन्न भए नभएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गर्नु पर्दछ ।

४० **विपन्न परिवार खानेपानी धारा जडान**

स्थानीय तहले आफ्नो आन्तरिक श्रोत समेतलाई विश्लेषण गरी अनुत्पादक, पुँजी वृद्धि नहुने, महत्वाकांक्षी एवं वितरणमुखी योजनाहरूलाई निरुत्साहित गर्दै उत्पादनमुलक योजनाहरूमा बजेट विनियोजन गर्नुपर्दछ । पालिकाले भौचर नं ६०३-२०८१।३।२२ बाट विपन्न परिवार खानेपानी धारा जडान तथा विस्तार कार्यको लागि इन्द्रपुर साना शहरी खानेपानी तथा सरसफाइ आयोजना उपभोक्ता समितिलाई रू.११ लाख भुक्तानी दिएको छ । वडा नं १२ मा ८७ थान खानेपानी पाइप लाइन मिटर सहित जडान गर्ने कार्य भएकोमा लाभग्राही छनौटको आधार तथा वडा कार्यालयको सिफारिस संलग्न भएको देखिएन । श्रेस्तासाथ संलग्न तस्विरहरूमा आरसिसि घरहरूमा समेत खानेपानी धारा जडान तथा विस्तार कार्य भएको देखिएकोले विनियोजित बजेटको उद्देश्य अनुसार कार्यसम्पन्न भएको सम्बन्धमा आश्वस्त हुन सकिएन । विनियोजित बजेटको उद्देश्य बमोजिम वास्तविक लाभग्राहीहरू छनौट गरी योजना सञ्चालन गर्नुपर्दछ । साथै यस्तो खर्चमा पारदर्शिताका लागि लाभग्राहीको नाम पालिकाको वेभसाइटमा प्रकाशन गर्नुपर्दछ ।

४१ **आन्तरिक आय व्यवस्थापन**

४१.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू.१४ करोड ७६ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०/८१ मा रू.१३ करोड ६६ लाख ६९ हजार अर्थात अनुमानको ९२.५९ प्रतिशतभन्दा आय प्राप्त गरेको छ । आम्दानीका अन्य सम्भावित स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाउन र राजस्व आय वृद्धि गर्नु पर्दछ ।

४१.२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०/८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहायबमोजिम छः

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५५७८२००५१.७१ | १३६६६८८२१.३५ | २४.५० |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २४.५० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४१.३ **आन्तरिक राजस्व अनुमान तथा असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यो वर्ष पालिकाले रु.१४,७६,००,०००।- आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेकोमा देहायअनुसार रु.१३,६६,६८,८२१।३५ आम्दानी गरेकोले लक्ष्यको तुलनामा ७.४१ प्रतिशत घटी आम्दानी गरेको देखियो । शीर्षकगत अनुमान र असुलीको विवरण निम्नानुसार रहेको छ:

| क्र.सं. | आम्दानी शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | ११३१३ - सम्पत्ति कर | २०५०००००.०० | ३१६०११३.०० | १५.४२ |
| २ | ११३१४ - भुमिकर/मालपोत | २५५०००००.०० | ५४६२५२६.०० | २१.४२ |
| ३ | ११३१७ - वहाल कर | १५०००००००.०० | ३६७९१९६.४८ | २४.५३ |
| ४ | ११३१८ - वहाल विटौरी कर | १२०००००.०० | ०.०० | ०.०० |
| ५ | ११४५१ - सवारी साधन कर (साना सवारी) | ०.०० | ९०१५०.०० | ०.०० |
| ६ | ११४५२ - पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ५००००००.०० | ०.०० | ०.०० |
| ७ | ११६११ - व्यवसायले भुक्तानी गर्ने | ०.०० | २७२४२६५.०० | ०.०० |
| ८ | ११६२१ - व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ०.०० | २०००.०० | ०.०० |
| ९ | ११६९१ - अन्य कर | ५०००००.०० | २७०००.०० | ५.४० |
| १० | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | १००००००.०० | ५४९१६५.०० | ५४.९२ |
| ११ | १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | ३५०००००.०० | ३०५२००.०० | ८.७२ |
| १२ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | २५०००००.०० | ९७७७९०.१३ | ३९.११ |
| १३ | १४२४२ - नक्सापास दस्तुर | १२३७५०००.०० | ५१६७०७७.७६ | ४१.७५ |
| १४ | १४२४३ - सिफारिश दस्तुर | ३९०००००००.०० | ६७२१२३५.९० | १७.२३ |
| १५ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | १००००००.०० | १८५३००.०० | १८.५३ |
| १६ | १४२४५ - नाता प्रमाणित दस्तुर | ५०००००.०० | ८६७५०.०० | १७.३५ |
| १७ | १४२४९ - अन्य दस्तुर | ५०००००.०० | ५४९७५९.८५ | १०९.९५ |
| १८ | १४२५३ - व्यवसाय रजिष्ट्रेशन दस्तुर | १७००००००.०० | ०.०० | ०.०० |
| १९ | १४३११ - न्यायिक दण्ड जरिवाना र जफत | २५०००.०० | ३२९०.०० | १३.१६ |
| २० | १४३१२ - प्रशासनिक दण्ड जरिवाना र जफत | १००००००.०० | १०१३२२.०० | १०.१३ |
| २१ | १४५२९ - अन्य राजस्व | ५०००००.०० | १०६७५५५८५.२३ | २१३५१.१२ |
| २२ | १४६११ - व्यवसाय कर | ०.०० | ८५६९५.०० | ०.०० |
| २३ | १५१११ - बेरूजु | १००००००.०० | ३५४००.०० | ३.५४ |
| **जम्मा** | | **१४७६००००००.००** | **१३६६६८८२१.३५** | **९२.५९** |

माथी उल्लेखित विवरण अनुसार पालिकाले आर्थिक वर्ष २०८०/८१ मा रू.१४ करोड ७६ लाख असुली हुने अनुमान गरेकोमा रू.१३ करोड ६६ लाख ६९ हजार असुली गरेको छ जुन असुली अनुमानको ९२.५९ प्रतिशत हो । कतिपय आम्दानी शीर्षकमा असुली शुन्य देखिन्छ भने कतिपय शीर्षकमा अनुमान शुन्य देखिन्छ । आय अनुमानलाई वैज्ञानिक बनाई आन्तरिक आयलाई व्यवस्थित गर्न पालिकाले ध्यान दिनु पर्ने देखिन्छ ।

४१.४ **राजश्वको अभिलेख -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २८ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाले यस वर्षको अन्त्यमा राजश्व आम्दानीको अभिलेख सुत्रमा राख्न शुरु गरे तापनि सो अधिको राजस्व असुलीको दैनिक राजश्व आम्दानी खाता

(म.ले.प.फा.नं. १०२), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा.नं.१०५), राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा.नं.१०७) राखेको देखिएन । पालिकाले अनिवार्य रुपमा राख्नुपर्ने खाताहरूको प्रयोग गरी आन्तरिक आयको लेखाङ्कनलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

४१.५ **राजस्व दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखि बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाका वडामा संकलित राजस्व लामो समय पछी एकमुष्ठ रुपमा दाखिला गर्ने गरेको देखियो । ऐनको व्यवस्था अनुसार राजस्व समयमै दाखिला गर्ने गराउनेतर्फ पालिकाको ध्यान जानु पर्दछ ।

## ४२ कर असुली

४२.१ **विज्ञापन कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम पालिकाले आफ्नो क्षेत्र भित्र रहेको व्यवसायीक विज्ञापनहरूको करका दर निर्धारण र संकलन गर्ने व्यवस्था भए अनुसार पालिकाले यस आ.व. मा कुनै पनि कर संकलन गरेको छैन । तसर्थ पालिकाको आर्थिक ऐनमा रहेको विज्ञापनका दर अनुसार पालिका क्षेत्र भित्र रहेको व्यवसायिक विज्ञापनहरूलाई करको दायरा भित्र ल्याई कर असुल गर्नु पर्दछ ।

४२.२ **सामुदायिक वनबाट आय** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्बन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।

४२.३ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर अनुमान नगरेकोमा रू.८५६९५.०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## ४३ घर जग्गा बहाल कर

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पुरै वा आंशिक रूपमा बहालमा दिएमा बहालमा लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले बहाल कर सम्बन्धमा घर सर्वेक्षण गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्नेमा सो गरेको देखिएन ।

## ४४ पारिवारीक सरुवा भ्रमण भत्ता भुक्तानी

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१३,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४५ **वडा कार्यालय सरसफाई कर्मचारी**

पालिकाको १२ वटा वडामा दैनिक ज्यालादारीमा सरसफाई कर्मचारी राखी मासिक रुपमा पारिश्रमिक सम्बन्धित वडा सचिवलाई बुझाउने र वडा सचिवले सम्बन्धित कर्मचारीलाई बुझाएको भरपाई पेश गर्ने गरेको देखियो । सो ज्यालादारी कर्मचारीको विवरण पालिकामा समेत नरहेको र वडा कार्यालयमा नै राखेको देखियो । वडा कार्यालयले वार्षिक रुपमा रू.१,६९,०००।- बजेट करार सेवा शुल्कमा विनियोजन गरी सम्पूर्ण रकम खर्च गर्ने गरेको पाईयो । १२ वटा वडामा प्रति महिना रू.१,६९,०००।- का दरले वार्षिक रू.२०,२८,०००।- सरसफाई कर्मचारीको ज्याला भुक्तानी भएको देखिन्छ । वडा कार्यालयमा सरसफाई कर्मचारी आवश्यक भएमा वडा कार्यालयले पालिकामा माग गर्ने र पालिकाले मागको औचित्य समेतलाई ध्यान दिई मितव्ययी तवरले कर्मचारी नियुक्त गरी खर्च गर्नु पर्ने र सो को विवरण पालिकामा रहने व्यवस्था गर्नु पर्दछ । यसरी पालिकामा समन्वय नगरी वडा समितिको अधिकार क्षेत्र बाहिरको कर्मचारी नियुक्त गर्ने कार्यमा नियन्त्रण गरी पालिकाबाट नियुक्त गरेर मात्र यस्तो खर्च लेख्नेतर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

४६ **प्रमाण पेश गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन आवश्यक बिल,भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले देहायबमोजिम भुक्तानी दिँदा आवश्यक प्रमाण कागजात संलग्न नगरी भुक्तानी दिएकोले प्रमाण कागजात पेश गर्नुपर्ने रू.

| भौचर नं र मिति | विवरण | भुक्तानी पाउनेको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| पालिका चालु | | | | |
| ८४४-२०८१/०३/०२ | मालपोत कार्यालय बेलवारीको व्यवस्थापन खर्च | मालपोत कार्यालय बेलवारी | ५००००० | खर्चलाई पुष्टी गर्ने प्रमाण कागजात पेश नभएकोले सो खर्चलाई पुष्टी गर्ने प्रमाण पेश हुनु पर्ने । |
| मर्मत सम्भार कोष | | | | |
| १८-२०८१/०३/२० | जस्तापाता खरिद तथा अन्य मर्मत | पञ्चायत माध्यामिक विद्यालय | १४४००० | खर्चलाई पुष्टी गर्ने प्रमाण कागजात पेश नभएको सम्झौता समावेश गरी भुक्तानी दिएकोले सो खर्चलाई पुष्टी गर्ने प्रमाण पेश हुनु पर्ने । |
| **जम्मा** | | | **६४४०००** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,४४,००० |

४७ **विद्युतमा जरिवाना**

प्रदेश नं १, सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका,२०७९ को बुँदा नं २१ मा बिजुली, पानी, टेलिफोनको महशुल मिटर रिडिङ पछि तोकिएको समयमानै भुक्तानी गरी छुट सुविधा लिने तथा जरिवाना नतिर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले यस वर्ष गो.भौ.नं.२६२ मिति २०८०/०९/१३ बाट नेपाल विद्युत प्राधिकरण बेलवारी वितरण केन्द्र, बेलवारीमा बिद्युत महशुल वापत रू.५,००,०००।- भुक्तानी गर्दा जरिवाना रू.३५,२९३।७३ समेत भुक्तानी गरेको छ । बजेट सुनिश्चित भएको अवस्थामा समेत ढिलाई गरी महशुल भुक्तानी गर्नाको कारण खुलाई नियमित गर्नुपर्ने रू.

| | |
|---|---|
| अनियमित भएको | ३५,२९४ |

४८ **जनप्रतिनिधिलाई थप इन्धन सुविधा**

पालिकाको १२ औँ नगरसभाको निर्णय नं.३७ मा आ.व. २०८०/८१ मा वडा भित्रका विकास निर्माणको कार्यलाई अनुगमन गर्दै वडा र नगरको बीचमा समन्वय गर्न १२ वटा वडा अध्यक्षलाई मासिक ३० लिटर र कार्यपालिका सदस्यलाई १० लिटरका दरले इन्धन

उपलब्ध गराउने निर्णय गरी मासिक रुपमा भुक्तानी दिएको देखियो । पालिकाले २०८० साउनदेखि मंसिरसम्मको प्रयोग विवरण देखिने लगबुक राखी बिलको आधारमा विराट आयल सप्लायर्सलाई भुक्तानी दिएको छ । २०८० पौष देखि २०८१ असारमसान्तसम्मको निर्णय अनुसारको मासिक रुपमा पदाधिकारीको खातामा नै सोझै भुक्तानी दिएको छ । गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ मा भएको सुविधाको व्यवस्था अनुसार सम्पूर्ण रकम भुक्तानी भएको अवस्थामा थप इन्धन सुविधा दिने निर्णय गरी प्रयोग भएको विवरण समेत संलग्न नगरी सम्बन्धितको खातामा इन्धन वापत सोझै भुक्तानी दिएको देखियो । पालिकाले छलफलको क्रममा नगर तथा वडा स्तरीय योजनाहरुको अनुगमन गर्नका लागि सुविधा सम्बन्धी ऐनमा भएको व्यवस्था अनुसारको रकम अपुग भएको हुँदा निर्णय गरी थप भुक्तानी दिएको भनाई राखेको छ । अत: पालिकाले यस्तो रकम भुक्तानी दिँदा अनुगमन गरेको प्रमाण संलग्न गरेर थप भुक्तानी दिनु पर्ने अवस्था देखिएमा मात्र भुक्तानी दिनु पर्दछ । यसरी निर्णय भएकै आधारमा बजेट खर्च लेखी सम्बन्धित पदाधिकारीको खातामा सोझै भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं.-मिति | भुक्तानी पाउने पदाधिकारीको संख्या | महिना | भुक्तानी रकम |
|---|---|---|---|
| २६६-२०८०/०९/१३ | १९ | पौष | ७३१०० |
| ३५६-२०८०/१०/०९ | १९ | माघ | ७३१०० |
| ४६४-२०८०/१२/०६ | १९ | फाल्गुन र चैत्र | १४६२०० |
| ६५८-२०८१/०१/२६ | १९ | बैशाख | ७३१०० |
| ७७४-२०८१/०२/२४ | १९ | जेष्ठ | ७३१०० |
| १०५२-२०८१/०३/२२ | १९ | आषाढ | ७३१०० |
| **जम्मा** | | | **५११७००** |

| अनियमित भएको | ५,११,७०० |
|---|---|

४९ **पारिवारीक भ्रमण भत्तामा बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **१६,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५० **दोहोरो भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा दोहोरो नपरेको यकिन गरी खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले नेपालकै होची महिलाको रुपमा रहेकी मालती ऋषिदेवलाई मासिक रू.२,०००।- का दरले भत्ता उपलब्ध गराउने निर्णय अनुसार मासिक रू.२,०००।- का दरले रू.२४,०००।- भुक्तानी दिनु पर्नेमा रू.३०,०००।- भुक्तानी दिएको देखिन्छ । दोहोरो भुक्तानी भएको रू.५,९४०।- सम्बन्धितबाट असुल गर्नु पर्ने रू.

| गो.भौ.नं.-मिति | भुक्तानी अवधी | बजेट खर्च रकम | १ प्रतिशत सा.सु. कर कट्टी पश्चात भुक्तानी रकम |
|---|---|---|---|
| ९४-२०८०/०६/२५ | २०८० साउन देखि असोज | ६००० | ५९४० |
| ५६१-२०८०/१२/३० | २०८० साउन देखि चैत्र सम्मको | १८००० | १७८२० |
| ९७२-२०८१/०३/१८ | २०८१ बैशाख देखि असारसम्मको | ६००० | ५९४० |
| **जम्मा** | | **३००००** | **२९७००** |

| असुल गर्नुपर्ने | ५,९४० |
|---|---|

५१ **नगर सभा सञ्चालन खर्च**

पालिकाले २०८० असार १० र १५ मा सञ्चालन भएको नगर सभाको भुक्तानी भनी गो.भौ.नं.७० मिति २०८०/०६/२३ बाट त्रिवेणी रिभर साईट रिसोर्टलाई भुक्तानी दिएको देखियो । दुई दिनको नगरसभा सञ्चालन वापत रू४,०१,८५६।- बजेट खर्च लेखी भुक्तानी दिएकोले सभा सञ्चालन गर्दा आफ्नै सभाहलमा सञ्चालन गर्ने र खर्चमा मितव्ययीता कायम गर्नु पर्ने देखिन्छ ।

५२ **इन्धन खर्चको मापदण्ड**

गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ७ मा पदाधिकारीको सवारी साधनको निम्ति सभाबाट स्वीकृत भएको बजेटभित्र रही कार्यपालिकाले निर्णय गरेबमोजिमको मासिक रुपमा तोकिएको सवारी इन्धन तथा मोविल कार्यपालिकाबाट उपलब्ध हुने उल्लेख छ । साथै नेपाल सरकार कार्यसञ्चालन निर्देशिका,२०७७ को बुँदा नं ७.१.१६ का प्रति मोटरसाइकल मासिक १० लि. पेट्रोल पाउने उल्लेख छ । पालिकाले यस वर्ष पालिकातर्फ इन्धनको लागि रू.१,२४,९२,०००।- बजेट विनियोजन गरी रू.९८,३४,७८३।२४ खर्च गरेको छ । त्यस अतिरिक्त वडाहरूमा समेत रू.४,३२,०००।- सहित कुल रू.१,०२,६६,७८३।२४ इन्धन खर्च लेखेको छ । पालिकाले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन । कर्मचारीलाई २०८० असोजबाट र वडा अध्यक्ष र कार्यपालिका सदस्यलाई पौषबाट मासिक रुपमा इन्धन वापतको खर्च तलबसँगै बैंक खातामा जम्मा गरेको छ । एकीकृत उपयोगको विवरण खुल्ने अभिलेख राखी इन्धन खर्च नियन्त्रण गर्दै खर्चमा मितव्ययीता कायम गर्नु पर्नेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

५३ **मर्मत खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन मर्मत गर्दा प्रत्येक पटक मर्मत आदेश स्वीकृत गरी मर्मत गराई गर्नुपर्दछ । सवारी साधन तथा मेशिनेरी औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकामा ८ थान चार पाङ्ग्रे (३ थान जिप, १ थान पिकअप, १ थान अन्य कार जिप, टिपर १ थान, ब्याकहो लोडर १ थान र दमकल १ थान), २१ थान दुइ पाङ्ग्रे रहेकोमा यस वर्ष सवारी साधन मर्मतमा पालिकाले रू.४६,१९,३७६।- खर्च लेखेको देखिन्छ । पालिकातर्फ मर्मत अभिलेख राखेतापनी वडातर्फको मर्मत अभिलेख एकीकृत नभएको, धेरै जसो मर्मत कार्यमा भुक्तानीको लागि बिल पेश गरेपछि मात्र मर्मत आदेश भर्ने र मर्मत अभिलेख खातामा चढाउने गरेको देखिन्छ । पालिकले सवारी साधन तथा मेशिनरी मर्मतमा खर्च गरेको सबै किसिमको मर्मतको अवस्था देखिने गरी मर्मत अभिलेख राखेको छैन । यसवाट यस्ता साधन विस्थापित तथा लिलाम गर्दा साथै वित्तीय विवरणमा वास्तविक मूल्य लेखाङ्कन गर्न समस्या हुने देखिन्छ । नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ ।

५४ **गत वर्षको भुक्तानी (४-२०८०।७।१)-कृषि चालु**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को दफा ३९ मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी प्रमाणित गराई राख्नुपर्ने उल्लेख छ । पालिकाले भगवती मिडिया क्रियशन प्रा.लि.लाई गत वर्ष २०८०।३।३ को बिल संलग्न गरी पर्यटन प्रवर्द्धन शीर्षकबाट रू.१,०५,०००।- भुक्तानी भएकोमा गत वर्ष २०८०।२।१६ को सम्झौता पत्र राखी सो सम्झौतामा कार्यालय पक्षबाट कोही पनि सहभागी नभएको, गत वर्षको भुक्तानी बाँकीको कच्चावारी समेत प्रमाणित नराखी सोझै गत वर्षको भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | १,०५,००० |
|---|---|

५५ **बढी मूल्य अभिवृद्धि कर भुक्तानी**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्यको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले पेवर्स गर्ने

कार्यको लागत अनुमान तयार गर्दा पेवर्सको मूल्यमा मूल्य अभिवृद्धि कर समावेश गरी सोही बमोजिम भुक्तानी दिएकोमा नमुना छनौट गरी परीक्षण गर्दा देहायबमोजिमका उपभोक्ता समितिले पालिकाले पेवर्समा दिएको मूल्य अभिवृद्धि कर भन्दा घटी मूल्य अभिवृद्धि कर रकम भुक्तानी गरेको पाइयो । उपभोक्ता समितिलाई बढी मूल्य अभिवृद्धि कर भुक्तानी हुन गएको रकम असुल गर्नुपर्ने रू.

| भौचर नं र मिति | उपभोक्ता समितिको नाम | पालिकाले उ.स.लाई भुक्तानी दिएको मू. अ. कर रकम | उ.स.ले भुक्तानी गरेको मू.अ.कर रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| २८०-२०८०।१२।१३ | दिपेश मार्ग हुँदै परिवर्तन मार्ग पेवल्स निर्माण उ.स. | १८०९४८ | १४२८०५ | ३८१४३ |
| ३७५-२०८१।१।१० | नर्सरी टोल भित्रको बाटो पेवल्स निर्माण | २०१४८४ | १५८२४२ | ४३२४२ |
| ४०१-२०८१।१।२४ | मंगलदीप टोल सुलभ मार्ग मल्टिपल जोड्ने बाटो एजिङ तथा पेवल निर्माण उ.स.४ | ६५७२४ | ५१६७५ | १४०४९ |
| ४३८-२०८१।२।६ | निलमाणी ओझाको घर उत्तर पूर्व बाटो पेवल्स निर्माण उपभोक्ता समिति | २०२३३४ | १२९०५१ | ७३२८३ |
| ४५४-२०८१।२।२० | एकता बस्ती आधारभुत स्वास्थ्य केन्द्र बाटो पेवल्स उ.स. | १८३४१३ | १३१८५७ | ५१५५६ |
| ४८४-२०८१।२।२५ | सूर्य मार्ग पेवलस तथा ड्रेन निर्माण योजना उ.स. | ६९९५६ | ६४३२१ | ५६३५ |
| ५२९-२०८१।३।१४ | दलित मार्ग पेवल्स निर्माण योजना उपभोक्ता समिति | १२२५९७ | १०६५९९ | १५९९८ |
| ५३०-२०८१।३।१४ | जेष्ठ नागरिक मार्ग पेवल्स उपभोक्ता समिति | १२०९९० | ७८६९० | ४२३०० |
| ५५४-२०८१।३।१८ | मिन मार्ग पेवल एक साईड नाला निर्माण तथा शिव पञ्चायत मन्दिर दक्षिण ट्र्याक खोल्ने उ.स. ४ | ९६२६३ | ६५७८० | ३०४८३ |
| **जम्मा** | | | | **३१४६९०** |

| असुल गर्नुपर्ने | ३,१४,६८९ |
|---|---|

५६ **सामाजिक सुरक्षाकोष**

पालिकाले कुनै पनि कर्मचारीलाई सुविधा दिँदा कानुन निमार्ण गरी आन्तरिक आयलाई समेत ध्यान दिई सुविधा प्रदान गर्नु पर्दछ । कार्यालयले यस बर्ष करारका ३९ जना कर्मचारीहरूलाई मासिक तलब स्केलको २० प्रतिशतका दरले सामाजिक सुरक्षा कोष थप गरी बार्षिक रू.२८,४५,४७५।- भुक्तानी गरेको पाइयो । कानुन निर्माण नगरी करार सम्झौतामा उल्लेख गरी सम्बन्धित कर्मचारीले पाउने तलबको १० प्रतिशत कट्टा गरी र २० प्रतिशत पालिकाले थप गराई ३० प्रतिशत रकम सम्बन्धित कर्मचारीको नाममा सामाजिक सुरक्षा कोषमा जम्मा गरेको देखियो । यसरी कानुन निर्माण नगरी थप सुविधा वापत करार सम्झौतामा उल्लेख गरी भुक्तानी दिएको नियमसम्मत नदेखिएको रू.

| अनियमित भएको | २८,४५,४७५ |
|---|---|

५७ **अवकास रकम भुक्तानी**

पालिकामा कार्यरत कर्मचारीहरूलाई अवकास रकम भुक्तानी दिँदा देखिएका व्यहोराहरू निम्नानुसार छन् :

पालिकाले स.इ.श्री देवेन्द्र भण्डारी मिति २०६४।४।१ मा नियुक्ति भै २०८०।१०।२७ मा मृत्यु भएकोमा निजको अवकाश रकम भुक्तानी दिँदा देहायबमोजिम बढी भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रू.

| उपदान | अन्तिम स्केल | जम्मा हुनुपर्ने भुक्तानी रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी | कर कट्टी पश्चात असुल गर्नु पर्ने रकम |
|---|---|---|---|---|---|
| २० वर्ष | ४१६७८ | १६६७१२० | १७६१८९४ | ९४७७४ | ९२४०४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९२,४०४ |

५८ **औषधी खरिद तथा व्यवस्थापन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष खुल्ला बोलपत्रको माध्यमद्धारा देहायबमोजिम रू.५६,१४,८६१।- को औषधी खरिद गरेको छः

| भौचर नं | शीर्षक | आपूर्तक | खरिद विवरण | भुक्तानी रकम | खरिद विधि |
|---|---|---|---|---|---|
| ९५० | नगरपालिका चालु | राम लक्ष्मण फार्मेसी | औषधी खरिद | ३९,८०,५६१.०० | खुल्ला बोलपत्र |
| ४२ | संघीय ससर्त चालु | हेल्पिङ्ग मल्टिपर्पोज प्रा.लि. | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद | ११,९५,३५९.०० | खुल्ला बोलपत्र |
| २०२ | | राम लक्ष्मण फार्मेसी | | ४,३८,९४१.०० | खुल्ला बोलपत्र |
| **जम्मा** | | | | **५६१४८६१.००** | |

यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छनः

क) पालिकाले आफ्नो अन्तरगतका विभिन्न स्वास्थ्य संस्थाहरूका लागि माग र आवश्यकताका आधारमा औषधी सम्बन्धी खरिद योजना तर्जुमा गरी स्वीकृत योजना बमोजिम औषधी खरिद गरेमा आदर्शतम् परिमाणमा औषधी खरिद गर्न सकिन्छ । पालिकामा कुन औषधी कति परिमाणमा खरिद गर्ने हो सो सम्बन्धमा कुनै योजना नै तयार नगरी पटक पटक विभिन्न शीर्षकबाट औषधी खरिद गरेको देखिन्छ। पालिकाले औषधी खरिद गर्दा खरिद गर्नुपर्ने आवश्यक्ता पुष्टयाई नगरी फरक फरक दरमा खरिद गरेको देखिन्छ । यसरी पुष्ट्याई सहित आवश्यकता निर्धारण नगरी विभिन्न बजेट शीर्षकबाट औषधी खरिद गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

ख) खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन। जसका कारण आपूर्ति भएका औषधी डब्लु.एच.ओ. सर्टिफाइड भए नभएको सम्बन्धमा यकिन हुन सक्ने अवस्था रहेन । साथै औषधीको उत्पादन मिति ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन भनी खुलाएको प्रमाण समावेश भएको देखिएन ।

ग) आपूर्ति भएका औषधी जिन्सी दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको खुलाएको पाइएन। जसकारण औषधीको गुणस्तर सम्बन्धमा यकिन गर्न सकिएन ।

घ) औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

ङ) औषधीको खर्च घटाउँदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको । साथै भौतिक रुपमा औषधी हस्तान्तरण नगर्दै जिन्सीबाट हस्तान्तरण गरी मौज्दात घटाउने गरेको ।

औषधीको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ति र निकासा विच सन्तुलन कायम रहनु पर्दछ । Authorised stock level, Emergency order point औषधी प्राप्त हुने समय, Load time maximum consumption आइटम, Minimum Consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नुपर्नेमा गरेको छैन । आवश्यकताको आधारमा खरिद र प्राप्ति

प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले त्रुटि एवं बढी समेत देखिन सक्छ । साथै मौज्दातमा अधिक औषधी रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्भावना रहेकोले औषधीको माग पहिचान गरी खरिद र खर्च विच सन्तुलन कायम गर्न पर्दछ भने Pushing system लाई निरुत्साहित गरी जनतालाई निशुल्क स्वास्थ्य सेवा पुर्‍याउनेतर्फ ध्यान दिनुपर्दछ । साथै तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भए नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरू जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

५९ **शिक्षातर्फ**

५९.१ **निजी शिक्षक** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ताका लागि ससर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले ससर्त अनुदान अन्तर्गत दरबन्दी भित्रका प्राथमिक शिक्षक, निम्न माध्यमिक शिक्षक, माध्यमिक शिक्षक तथा प्रारम्भिक बाल विकास शिक्षकहरूबाट पठन पाठन कार्य सञ्चालन गरी निजहरूको तलब भत्तामा खर्च लेखेको अतिरिक्त वडा नं.१, ४, ५, ६, ९, १० र ११ ले सामुदायिक विद्यालयको शैक्षिक सुधार कार्यक्रममा बजेट विनियोजन गरी वडाको सिफारिसका आधारमा रू.१८,४३,७१३।- बजेट खर्च लेखि विद्यालयलाई निकासा दिएको देखियो । दरबन्दी स्वीकृत नगरी वडाको सिफारिसका आधारमा शिक्षक नियुक्त गरी भुक्तानी दिएको नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १८,४३,७१३ |

५९.२ **बढी तलब निकासा** - शिक्षा नियमावली, २०५९ को नियम १०० मा शिक्षकले आफ्नो पदमा बहाल गरेको मितिदेखि नेपाल सरकारले तोकिदिए बमोजिमको तलब र भत्ता पाउने उल्लेख छ । पालिकाले श्री महेन्द्र मा.वि.का शिक्षक श्री सुजिता बस्नेत २०८०।५।१२ मा नियुक्ति भएकोमा निजको तलब वापत २०८१।३।३१ सम्म रू.४,१३,७२४।- (५६,७०४+१,०४,७०६+ १,१४,७०६+१,०४,७०६+३२,९०२) निकासा हुनुपर्नेमा रू.४,७८,२७५।- निकासा भएकोले बढी निकासा भएको रू.६४,५५१।- असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६४,५५१ |

५९.३ **कक्षा ८ परीक्षा सञ्चालन**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **३५,४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५९.४ **कक्षा ८ परीक्षा शुल्क** - कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.३०२ मा कक्षा ८ को परीक्षा सञ्चालन बापत प्रति विद्यार्थी रू.२७५।- का दरले खर्च गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले कक्षा ८ र कक्षा ५ को सरकारी र निजी स्कुलको परीक्षामा सामेल विद्यार्थी संख्या कक्षा ८ को १२९८ जना र निजीबाट ११९४ र कक्षा ५ को ११०५ जना गरी जम्मा विद्यार्थी संख्या ३५९५ रहेकोमा संघीय नर्म्स अनुसार प्रति विद्यार्थी रू.२७५ का दरले हुने रकम रू.९,८९,१७५।- खर्च लेख्नुपर्नेमा संघीय ससर्त कार्यक्रमको भौचर नं. १७५-२०८१।३।६ बाट रू.३,९२,३७५।-, नगरपालिका शिक्षा चालु भौचर नं ५८-२०८१।३।६ बाट रू.६,९२,६५१।- गरी जम्मा रू.१०,८५,५२६।- खर्च लेखी भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रू.९६,३५१।- मध्ये संघतर्फ रू.३५,४२५।- असुल बेरुजु कायम भएकोले नगरपालिका शिक्षा चालु शीर्षकबाट रू.६०,९२६।- बढी व्ययभार परेको अनियमित देखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ६०,९२६ |

५९.५ **दिवा खाजा**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **१३,४६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **११,०४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **९,२५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५९.६ **पाठ्यपुस्तक बढी निकासा** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदानको व्यवस्था गरेको छ । जसमा IEMIS मा प्रविष्ट तथ्यांकलाई विद्यार्थीहरूको यथार्थ तथ्यांकसँग सत्यापन गराई सत्यापित यकिन भएका विद्यार्थी सङ्ख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाब गरी अनुदान उपलब्ध गराउने व्यवस्था छ । विवरणका आधारमा पालिकाले देहायबमोजिमको विद्यालयलाई IEMIS मा उल्लिखित विद्यार्थी संख्याभन्दा बढी विद्यार्थी संख्याको दरले पाठ्यपुस्तक वापतको रकम निकासा दिएको देखिएकोले बढी निकासा दिएको रकम असुल गर्नुपर्ने रू.

| क्र.सं. | विद्यालयको नाम | कक्षा | IEMIS अनुसार विद्यार्थी संख्या | खरिद बिल | बढी खरिद संख्या | दर | बढी भुक्तानी | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | ७ | ९१ | १०२ | ११ | ७४८ | ८२२८ | |
| | | ८ | ५७ | ७६ | १९ | ८८२.२ | १६७६१.८ | |
| १ | श्री पंचायत मा.वि. ७ | ९ | ४१ | ६५ | २४ | ७७० | १८४८० | ४३४६९.८ |
| २ | श्री महेन्द्र मा.वि. | ८ | ४० | ५० | ८ | ८८२.२ | ७०५७.६ | ७०५७.६ |
| | | २ | ७५ | ८० | ५ | ५५६.८ | २७८४ | |
| | | ३ | ७३ | ९५ | २३ | ५८०.८ | १३३५८.४ | |
| | | ६ | १७४ | २३४ | ६० | ७०७.३ | ४२४३८ | |
| | | ८ | ३८२ | ४३० | ४८ | ८८२.२ | ४२३४५.६ | |
| ३ | श्री सुकुना मा.वि. | १० | ५८३ | ५९३ | १० | ९२४ | ९२४० | ११०१६६ |
| | **जम्मा** | | | | | | | **१६०६९३.४** |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **२३,४३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **१६,२५५.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **२५,१९३.४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | १,६०,६९३.४ |
|---|---|

६० **सामाजिक सुरक्षातर्फ**

६०.१ नेपालको संविधान बमोजिम नेपाल सरकारले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आँफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको प्रत्याभुतिको लागि ज्येष्ठ नागरिक (६८ वर्ष उमेर पुगेका), ६० वर्ष उमेर पुगेका साविक कर्णालीका जिल्लाहरूका नागरिक र देशभरीका दलित नागरिक अन्य जेष्ठ नागरिक, ज्येष्ठ नागरिक एकल महिला, विधवा, पूर्ण अपाङ्गता भएका, अति अशक्त अपाङ्गता, लोपोन्मुख आदिवासी/जनजाति र नेपाल सरकारले तोकेको क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका बालबालिकालाई नेपाल सरकारले निर्धारण गरेबमोजिम त्रैमासिक रुपमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ । पालिकामा १२ वटा वडा रहेकोमा यस वर्ष EFT मार्फत रू.४२ करोड ८५ लाख १२ हजार ९१० भत्ता वितरण गरेको देखिन्छ । पालिकाले पेश गरेको विवरण अनुसार लक्षित समूह अनुसार गत आ.व.मा वितरण गरेको अन्तिम त्रैमासिकको संख्यात्मक विवरण र यस आ.व.को अन्तिम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता वितरण गरेका लाभग्राहीहरूको संख्यात्मक विवरण यस प्रकार रहेको देखिन्छ:

| **लक्षित समूह** | **आ. व. २०७९ /८० को अन्तिम त्रैमासिकमा भत्ता वितरण गरेका लाभग्राहीको संख्या** | **आ. व. २०८०।८१ को अन्तिम त्रैमासिकमा भत्ता वितरण गरेका लाभग्राहीको संख्या** | **मासिक भत्ता दर रू.** |
|---|---|---|---|
| ज्येष्ठ नागरिक | ६३३६ | ६७५० | ४००० |
| अन्य ज्येष्ठ नागरिक | ३२७ | ३४३ | २६६० |
| एकल महिला | ८८२ | ८२५ | २६६० |
| विधवा | १४९६ | १६०५ | २६६० |
| पूर्ण अपाङ्गता भएका | ३१५ | ३५२ | ३९९० |
| अति अशक्त अपाङ्गता | ४९१ | ५२० | २१२८ |
| बालबालिका | ४२६ | ४३९ | ५३२ |
| **जम्मा** | **१०२७३** | **१०८३४** | |

६०.२ **लाभग्राहीको अभिलेख** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं.१० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वियनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्नुपर्दछ । पालिकाले सो प्रणालीमा लाभग्राहीको विवरण पूर्ण रुपमा अद्यावधिक गरेको देखिएन ।

**निस्कृय खाता** - कार्यविधिको बुँदा नं. २३ र २४ मा बैंक मार्फत भत्ता वितरण गर्दा बैंकले स्थानीय तहबाट प्रणाली मार्फत फर्वाड फिड बमोजिमको लाभग्राहीको विवरण प्राप्त गर्ने र प्राप्त विवरणको आधारमा सम्बन्धित लाभग्राहीको खातामा रकम जम्मा गर्नुपर्ने र खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरू मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ ।कार्यविधिको व्यवस्था बमोजिम पालिकाले बैंकहरूबाट विवरण प्राप्त गरेको पाइएन । कार्यविधिमा व्यवस्था भए बमोजिम बैंकबाट निष्कृय खाताको विवरण माग गरी निष्कृय खाताका लाभग्राहीहरूमध्ये वास्तविक

लाभग्राहीहरू सम्बन्धमा सम्बन्धित वडाबाट यकिन गरी लाभग्राही नभएको अवस्थामा खातामा निस्कृय रहेको रकम नियमानुसार असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

**एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण-** कार्यविधिको दफा २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। पालिकाले सो बमोजिम विवरण प्राप्त गरेको देखिएन। कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी लाभग्राही विवरण अद्यावधिक गर्नुपर्दछ ।

६०.३ **बढी भुक्तानी** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधिको बुँदा नं १५ अनुसार भत्ता खाइपाई आएको कुनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिनसम्मको भत्ता भुक्तानी दिने व्यवस्था गरेको छ । नमुना छनौट गरी वडा नं.६ र १० को EFT वितरण र मृत्यु दर्ता किताब परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीहरूको मृत्यु पश्चात पनि रकम भुक्तानी भएको देखिएकोले मृत्यु पश्चात भुक्तानी भएको रकम सम्बन्धित बैंकबाट फिर्ता माग गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रू.

साथै अन्य वडाहरूको हकमा पालिका आफैंले परीक्षण गरी बढी भुक्तानी भएको रकम असुल गरी संघीय सञ्चितकोषमा जम्मा गर्नुपर्दछ ।

| **लाभग्राही नम्बर** | **नाम** | **मृत्यु मिति** | **मासिक भत्ता दर** | **भत्ता वितरण विवरण** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|
| वडा नं ६ | | | | | |
| 2001071000307 | गौमाया तामाङ | २०८०।९।१५ | ४००० | दोस्रो त्रैमासिक पुरा भुक्तानी | २००० |
| 2018123002222 | शुक्र बहादुर बि क | २०८०।१२।१९ | ३९९० | चौंथो त्रैमासिकसम्म पुरा भुक्तानी | १३४३३ |
| 2008042800764 | राज कुमार भुजेल | २०८०।१२।१५ | ४००० | चौंथो त्रैमासिकसम्म पुरा भुक्तानी | १४००० |
| 2015052400047 | नन्दिमाया श्रेष्ठ | २०८१।१।२६ | २६६० | चौंथो त्रैमासिक पुरा भुक्तानी | ५६७५ |
| 1995123013567 | सिंह बहादुर राई | २०८०।११।११ | ४००० | चौंथो त्रैमासिकसम्म पुरा भुक्तानी | १८५३३ |
| वडा नं १० | | | | | |
| 2007092002057 | जहादु लाल राजवंशी | २०८०।९।१० | ४००० | दोस्रो त्रैमासिक पुरा भुक्तानी | २६६७ |
| 2000032800128 | जय बहादुर तामाङ | २०८०।११।९ | ४००० | चौंथो त्रैमासिकसम्म पुरा भुक्तानी | १८८०० |
| 2011111300815 | गोमा देवी खनाल | २०८०।११।१० | ४००० | चौंथो त्रैमासिकसम्म पुरा भुक्तानी | १८६६७ |
| 2001123024347 | तुलसी कुमारी फुयल | २०८०।११।१९ | ४००० | चौंथो त्रैमासिकसम्म पुरा भुक्तानी | १७४६७ |
| 2007123190749 | देवी माया खत्री | २०८०।६।२२ | ४००० | चौंथो त्रैमासिकसम्म पुरा भुक्तानी | ३७०६७ |
| 2004032900656 | तुलसा रोका | २०८०।८।४ | ४००० | चौंथो त्रैमासिकसम्म पुरा भुक्तानी | ३१४६७ |
| 2009020303839 | ईन्द्र बहादुर लिम्बु | २०८०।८।१९ | ४००० | तेस्रो त्रैमासिकसम्म पुरा भुक्तानी | १७४६७ |
| 2005031101626 | नर बहादुर थापा | २०८०।७।६ | ४००० | चौंथो त्रैमासिकसम्म पुरा भुक्तानी | ३५२०० |
| 1996123021414 | तिल माया थापा | २०८१।२।१५ | ४००० | चौंथो त्रैमासिक पुरा भुक्तानी | ६००० |
| 2009040802125 | लक्ष्मी राई | २०८०।११।८ | ४००० | चौंथो त्रैमासिकसम्म पुरा भुक्तानी | १८९३३ |
| **जम्मा** | | | | | **२५७३७६** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५७,३७६ |

६१ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सुचीकृत बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारीको प्रत्याभुत गराउन एवम् सामुदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उदेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत यस पालिकाका १४ वडामा विभिन्न योजना सञ्चालन गरेको छ । यस बर्ष ६३ जना बेरोजगार व्यक्तिलाई नेपाल सरकारले तोकेको न्यूनतम दैनिक ज्याला रू.६६८।- र स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दररेटको असी प्रतिशतले कायम हुन आउने रकम मध्ये जुन बढी हुन्छ सोही दर कायम हुनेछ भन्ने व्यवस्था भए बमोजिम सोही अनुसार योजनामा रोजगार संलग्न गराई रू.२९ लाख ६३ हजार श्रमिकको ज्याला भुक्तानी गरेको छ । पालिकाको नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजना छनौट गर्दा दोहोरो नहुने गरी छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन ।

६२ **इलाका प्रहरी कार्यालय भवन निर्माण**

पालिकाले आफ्नो क्षेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरूको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ । लागत अनुमान रू.४७,३२,२०४।५८ भएको इलाका प्रहरी कार्यालय बेलबारी ब्यारेक भवन निर्माण कार्यको लागि सुन्दरहरैंचा नगरपालिकाले रू.१५ लाख, बेलबारी नगरपालिकाबाट रू.१५ लाख, केराबारी नगरपालिकाको रू.८ लाख, ग्रामथान गाउँपालिकाले रू.७ लाख ५० हजार लागत सहभागितामा टोल विकास संस्थाबाट भवन निर्माण कार्य गराई रू.४७,३०,७०६।४० को कार्यसम्पन्न भएको देखिन्छ । संघीय सरकारी कार्यालयको भवन निर्माण कार्यको लागि सम्बन्धित निकायको मन्त्रालयको स्वीकृती बेगर पालिकाहरूबाट खर्च गरिएको रकम दोहोरो भए नभएको यकिन गर्न सकिएन । सम्बन्धित निकायको मन्त्रालयको स्वीकृत बेगर संघीय कार्यालयलाई भवन निर्माणको लागि खर्च गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

६३ **अन्य संस्था भवन निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दिर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकामा १२ वडा कार्यालय रहेकोमा हालसम्म ५ वटा नयाँ भवनमा २ वटा पहिलेकै भवनमा रहेको, वडा नं ८ चिरम स्मृति प्रतिष्ठानको भवनमा र वडा नं ७,९,१० र १२ घर भाडामा लिई प्रशासनिक कामकाज गरिरहेको अवस्था छ। पालिकाका वडा कार्यालयहरू घरभाडामा लिई सञ्चालनमा रहिरहेको, पालिकाको प्रशासनिक भवन निर्माण कार्यको लागि जमिन २० वर्षको लागि लिजमा लिएकोमा हालसम्म निर्माण कार्यको सुरुवात नभएको अवस्थामा पालिकाले सुन्दरदुलारी उद्योग वाणिज्य संघको भवन निर्माण कार्यको लागि बजेटमै रकम विनियोजन गरी गो.भौ.नं.५९५-२०८१।३।२२ बाट रु.१,५५,००० भुक्तानी दिएको देखिन्छ । यसरी गैह्र सरकारी संस्थाको भवन उपभोक्ता समिति मार्फत गराई खर्च लेखेको नियमसम्मत देखिएन ।

६४ **ठेक्का नं SHM/MOR/NCB/W/31/2078/079 (धाती भुटाइटोल हुलाकी मार्ग कालोपत्रे)**

पालिकाले धाती भुटाइटोल हुलाकी मार्ग कालोपत्रे निर्माण कार्य गर्न निर्माण व्यवसायी कमला शान्ति-मत्स्यपोखरी जेभीसँग २०७९।७। ३० भित्र सम्पन्न गर्ने गरी २०७९।१।२१ मा रू.१,४९,२८,३१२।८१ को सम्झौता भएकोमा २०८१।२।१५ सम्म चौंथो पटक म्याद थप गरेको छ । पेस्की बाहेक हालसम्म रू.८६,०७,६९४।- भुक्तानी भएको उक्त निर्माण कार्य सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन् :

६४.१ **जोखिममा रहेको पेस्की** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (३) अनुसार सार्वजनिक निकायले पेस्की दिँदा आपूर्तिकर्ता, निर्माण व्यवसायीबाट त्यस्तो पेस्की रकमलाई खाम्ने गरी बाणिज्य बैंकबाट पेस्की फर्स्योट गर्नुपर्ने अवधिभन्दा कम्तीमा ३० दिन बढी म्याद भएको बैंक जमानत लिई पेस्की दिनुपर्ने उल्लेख छ । सोही नियमावलीको नियम ११३ (५) अनुसार सार्वजनिक निकायले पेस्की दिएको रकम सम्झौतामा उल्लेख भए बमोजिम आपूर्तिकर्ता, निर्माण व्यवसायीको प्रत्येक रनिङ बिलबाट कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण व्यवसायीलाई मोबिलाईजेशन वापत अग्रिम पेस्की रू.२६,४६,०००।- भुक्तानी दिएकोमा दोस्रो रनिङ

बिलबाट रू.१३,२३,०००।- र तेस्रो रनिङ बिलबाट रू.३,९६,९००।- पेस्की फर्स्यौट गरी रू.९,२६,१००।- बाँकी रहेको देखिन्छ । निर्माण कार्यको म्याद २०८१।२।१५ मा समाप्त भएकोमा पेस्की जमानतको म्याद २०८१।३।१५ सम्म रहेको देखिन्छ । लेखापरीक्षण अवधि २०८१ मार्गमा पेस्की जमानतको म्याद थप भई आएको जवाफ प्राप्त भएतापनि पेस्की जमानत पत्र माग गरेकोमा प्राप्त नभएकोले पेस्की जमानत पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गरी बैंक दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,२६,१०० |

६४.२ **पूर्व निर्धारित क्षतिपूर्ति** - निर्माण व्यवसायीसँग भएको सम्झौताको SCC को GCC बुँदा नं ५५.१ मा सम्झौतामा तोकिएको म्यादमा कार्य सम्पन्न हुन नसकेमा सम्झौता रकमको १० प्रतिशत नबढ्ने गरी प्रति दिन ०.०५ प्रतिशत प्रति दिनका दरले पूर्व निर्धारित क्षतिपुर्ति लगाउने सहमती गरेको देखिन्छ । निर्माण कार्यको २०८१।२।१५ पश्चात म्याद थप नभएको अवस्था छ । निर्माण व्यवसायीले लेखापरीक्षण अवधि २०८१ मार्गसम्म पनि भुक्तानीको लागि विल पेस गरेको नदेखिएकोले म्याद समाप्त पश्चात निर्माण कार्य गरेको देखिएन । अत: निर्माण व्यवसायीसँग भएको सम्झौताको दफा ५५.१ तथा सार्वजनिक खरिद नियमावली बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी सार्वजनिक खरिद ऐन तथा सम्झौता बमोजिमको कारवाहीसमेत गरी ठेक्का सम्पन्न गर्नुपर्दछ ।

६५ **महेश्वरी मार्ग र गोठगाउँ पूर्वाञ्चल विश्वविद्यालय सडक स्तरोन्नती (ठेक्का नं. NP-DUDBC- 400275-CW-RFB)**

पालिकाले महेश्वरी मार्ग ५.०७५ कि.मी. र गोठगाउँ च्यूरामिल हुँदै पूर्वाञ्चल विश्वविद्यालय सडक ४.७३७ कि.मी. सडक स्तरोन्नती कार्य कार्य सुरू गरेको मिति २०२४ मई ७ बाट ४५५ दिन अर्थात २०२५ अगस्त ५ तदनुसार वि.सं. २०८२।४।२१ भित्र सम्पन्न गर्ने गरी ईन्टरनेशनल कम्पिटिटिभ विडिङबाट छनौट भएको निर्माण व्यवसायी लामा बानियाँ जे.भी. सँग २२ अप्रिल २०२४ (२०८१।१।१६) मा रू.४५८५२३६६९।४५ (२२.८४) प्रतिशत घटीको खरिद सम्झौता गरेको छ । निर्माण व्यवसायीलाई यो वर्ष पेस्की रू. ६,०८,००,००० भुक्तानी भएको छ । उक्त खरिद सम्झौता सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन् –

६५.१ **आयोजना छनौट तथा स्वीकृती** – आर्थिक कार्यविधि तथा वित्तिय उत्तदायित्व नियमावली २०७७ को नियम २६ (६) मा प्रदेश तथा स्थानिय तहमा कर्यन्वयन गरिने योजनाको पहिचान वर्गीकरण, छनौट तथा प्राथमिकिकरण गरी योजना स्विकृत गर्नुपर्ने व्यवस्था रहेको छ। विकास आयोजनाको वजेट तर्जुमा गर्दा सम्भाव्यता अध्ययन र आर्थिक प्राविधिक वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत बिचार गरी त्यस्तो आयोजना स्विकृत भएको हुनुपर्ने उल्लेख छ । योजनाको छनौट नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना बाट भई स्थानीय निकायलाई कार्यान्वियनको लागि हस्तान्तरण भएको देखिन्छ । योजनाको एनपिभी, आईआरआर तथा योजना फिजिबल रहेको आधार खुल्ने संभाव्यता अध्ययन प्रतिवेदन पेश हुन भएन । अत: यो सडकको छनौट आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको दृष्टीलेसमेत उपयुक्त भई छनौट भएको थियो भन्ने कुरामा आशस्वस्त हुन सकिने अवस्था छैन ।

६५.२ **मर्मत सम्भार अवधि** - नेपाल सरकार अर्थमन्त्रालयले जारी गरेको २०८०।८१ को बजेट कार्यान्वियन सम्वन्धी मार्गदर्शनको सि.न. ४३ मा सडक पुल जस्ता लामो समयसम्म सञ्चालनमा रहने रू. ५ करोडभन्दा माथिका पूर्वाधार आयोजनाको हकमा नयाँ ठेक्का व्यवस्थापन गर्दा निर्माण सम्पन्न भएपछि कम्तिमा ५ वर्षसम्म सम्वन्धित निर्माण व्यवसायीलेनै मर्मत गर्ने व्यवस्था मिलाउन निर्देशन भएको छ । शहरी पूर्वाधार विकास आयोजना अन्तर्गत विश्वबैकको ऋण सहयोगमा सञ्चालित महेश्वरी मार्ग र गोठगाउँ च्यूरामिल हुँदै पूर्वाञ्चल विश्वविद्यालय सडकको सम्झौताको विशेष सर्तको सि. न. ४२.१ डिफेक्ट ल्याविलिटि पिरियड ३६५ दिनको हुने उल्लेख छ । पालिकाले गुणस्तर नियन्त्रण सम्वन्धमा मन्त्रालयको निर्देशन पालना गरेको देखिएन ।

६५.३ **काम ढीलो सुरु गरेको** - सम्झौतामा भएको व्यवस्था अनुसार निर्माण व्यवसायीले सम्झौता भएको मितिले १५ दिन भित्र अर्थात निर्माण कार्य २०२४ मई ७ देखि शुरु गर्नु पर्ने थियो । निर्माण व्यवसायीले साईटमा काम सुरू. गरेको जानकारी लेखापरीक्षणको क्रममा माग गर्दा पेश नभएकोले र विश्वबैकबाट Commencement Letter प्राप्त भएको नदेखिएकोले तोकिएको समयमा निर्माण कार्य सुरु भएको देखिएन । निर्माण व्यवसायीले सम्झौता अवधिमा कार्य सम्पन्न गर्न ठेक्का सम्झौताको एससीसीको जीसीसी ३४.१ बमोजिम १५

दिनभित्र कार्यक्रम स्वीकृतिको लागि पेश गर्नुपर्ने र प्रत्येक ६० दिनमा प्रोग्रम अपडेट गर्नु पर्ने उल्लेख छ । निर्माण व्यवसायीले कार्यान्वयन कार्यतालिका तयार गरी स्वीकृतीको लागि पेस गरेको तथा कन्सल्टेन्टले आवस्यक परीक्षण गरी स्वीकृतीको लागि प्रोजेक्ट मेनेजर समक्ष पेस गरेको प्रमाण लेखापरीक्षणको लागि पेस भएको छैन । निर्माण व्यवसायीले २०८१ असारमा पहिलो प्रोग्राम अपडेट र लेखापरीक्षण अवधि २०८१ मार्गसम्म ३ बटा प्रोग्राम अपडेट पेस गरीसक्नुपर्नेमा पेस गरेको देखिएन । समयमा कार्यतालिका पेश नगर्ने निर्माण व्यवसायीबाट विशेष सर्तमा तोकिएबमोजिमको रकम कट्टा गरिने प्रावधान सम्झौताको सामान्य सर्तमा भएकोमा विशेष शर्तमा उक्त कट्टा गरिने रकम N/A उल्लेख गरेकोले निर्माण व्यवसायीलाई जिम्मेवारीबाट उन्मुक्ति दिने गरी सम्झौताको सर्त तयार गरेको देखियो । बिड डकुमेण्ट तयार गर्ने जिम्मेवारी परामर्शदाताको कार्यक्षेत्र अन्तरगत रहेकोले यसबापत लाग्ने रकम यकिन गरी परामर्शदाता GOEC - C2TECH - GIDAN - BEAM - COEMANCO JV बाट असुल गर्नु पर्दछ ।

६५.४ **संयुक्त उपक्रमका पार्टनरको काममा अनुपस्थिति** - संयुक्त उपक्रमले प्राप्त गरेका ठेक्काहरूको काम संयुक्त उपक्रमका पार्टनरहरूबीच भएको सम्झौता अनुसार सबै पार्टनरको सहभागीतामा सम्पन्न गर्नुपर्दछ । स्थलगत निरीक्षणको क्रममा पालिकाले संयुक्त उपक्रमका पार्टनरमध्ये मुख्य पार्टनर रहेको फर्म लामा कन्स्ट्रसन कार्यमा अनुपस्थित भएको, सम्झौता बमोजिमको जनशक्ति, उपकरण, प्रविधि र ज्ञानको परिचालन हुन नसकेको जानकारीसमेत गराएकोले संयुक्त उपक्रमको गठन ठेक्काको काम सम्पन्न गर्न नभई ठेक्का लिन मात्र भएको देखिन्छ । ठेक्काको कार्य सम्पन्न गराउन ठेक्का सम्झौता र खरिद ऐन नियमको कार्यान्वयन नगर्दा संयुक्त उपक्रमका ठेक्काका काम कमसल रहने जोखिम देखिन्छ । अत: सम्झौता बमोजिमको उपकरण, प्रविधि र जनशक्ति सहित संयुक्त उपक्रमका सबै साझेदार उपस्थित नभएमा काम स्थगन गर्ने, पेस्की जमानत जफत गर्ने र सर्त बमोजिम कारवाही अघि बढाउन आयोजना समन्वय एकाई र विश्व बैकसँगसमेत छलफल गर्नु पर्दछ ।

### ६६ SHM/MOR/NCB/W/51/2077-078 (हसिना सिमसार पार्क वडा नं ५)

पालिकाले पर्यटन पूर्वाधार विकास आयोजना कार्यक्रम अन्तर्गत हसिना सिमसार पार्क निर्माण कार्यका लागि रू.५,३९,७४,०८१।९० मा निर्माण व्यवसायी सिएम-महांकाल जे.भि.सँग २०८०।१०।१५ भित्र सम्पन्न गर्ने गरी २०७८।७।१४ मा सम्झौता गरेको छ । प्रथम पटक २०८१।३।२० सम्म म्याद थप भएको र हालसम्म रू.२,६७,६५,८९२।६० को कार्यसम्पन्न भई भुक्तानी भएको (तेस्रो रनिङ बिलसम्मको मूल्य समायोजन रू.२०,०६,९१५।- बाहेक) उक्त निर्माण कार्यका थप व्यहोराहरू निम्नानुसार छन् :

६६.१ **पेस्की** - पालिका र निर्माण व्यवसायीबिच भएको सम्झौताको GCC मा सम्झौता अवधिको ८० प्रतिशत समयावधी भित्र पेस्की फर्स्यौट गरिसक्नुपर्ने उल्लेख छ । साथै सार्वजनकि खरिद नियमावली,२०६४ को नियम ११३(६) मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लिखित समयावधिभित्र सम्पादन नगरेको कारणले नियमानुसार पेस्की फर्स्यौट हुन नसकेमा सार्वजनिक निकायले बैंक जमानतको रकम सम्बन्धित बैंकबाट प्राप्त गरी पेस्की फर्स्यौट गर्नुपर्ने र निजबाट त्यस्तो पेस्की रकमको सयकडा दश प्रतिशत ब्याज समेत असुल उपर गर्नुपर्ने उल्लेख छ । पालिकाले उक्त निर्माण कार्यको लागि २०७८।७।१७ मा प्रथम पेस्की रू.२३,९२,०००।– र दोस्रो पटक २०७८।९।२८ मा रू.२३,०८,०००।– गरी जम्मा रू.४७,००,०००।– पेस्की भुक्तानी दिएको देखिन्छ । पाँचौ रनिङ बिल २०८१।३।१९ सम्म रू.१८,८०,००२।७० मात्र पेस्की फर्स्यौट भई रू.२८,२०,०००।- पेस्की बाँकी रहेको देखिन्छ । मिति २०८१।३।२० मा म्याद समाप्त भएको उक्त निर्माण कार्यको लेखापरीक्षण अवधि २०८१ मार्गसम्म म्याद थप भएको नदेखिएकोले सम्झौताको सर्त तथा नियमावलीको व्यवस्था बमोजिम पेस्की फर्स्यौट गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २८,२०,००० |

६६.२ **निर्माण कार्यको गुणस्तर** - Bid Document को item no.29 मा Providing, laying Interlocking Tyale(Hexagon) 80mm Thick Over Base Course Bedding With Using 50mm Thick Stone Dust माथी व्लकहरूलाई राख्नुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा निर्माण स्थलको अवलोकन गर्दा ब्लक लगाएको क्षेत्रमा Excavation गरी लेवल नमिलाएको कारण ब्लकहरू साइडको प्लम वाल भन्दा धेरै माथि उठेको र किनारामा pcc ले छोपेको देखियो । अतः पालिकाले ब्लक छाप्ने काम सुधार गर्न लगाई RBM तथा बेस कोर्स र ब्लकको स्तर तथा छपाई स्पेशिफिकेशन बमोजिम भएको प्रमाण पेश गर्नु पर्ने रू.

| क्र.सं. | कामको विवरण | परिमाण | दर | मू.अ.कर सहित |
|---|---|---|---|---|
| १ | RBM Work | ११४.१६ | ५०० | ६४५०० |
| २ | Base course | २२२.१६ | १५०० | ३७६५६१ |
| ३ | Interlocking Tyale | १३९४ | ९०० | १४१७६९८ |
| | **जम्मा** | | | **१८५८७५९** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,५८,७५९ |

६६.३ **पूर्व निर्धारित क्षतिपूर्ति** - निर्माण व्यवसायीसँग भएको सम्झौताको SCC को GCC बुँदा नं ५५.१ मा सम्झौतामा तोकिएको म्यादमा कार्य सम्पन्न हुन नसकेमा सम्झौता रकमको १० प्रतिशत नबढ्ने गरी प्रति दिन ०.०५ प्रतिशत प्रति दिनका दरले पूर्व निर्धारित क्षतिपुर्ति लगाउने सहमती गरेको देखिन्छ । निर्माण कार्यको २०८१।३।२० पश्चात म्याद थप नभएको अवस्था छ । निर्माण व्यवसायीले लेखापरीक्षण अवधि २०८१ मार्गसम्म पनि भुक्तानीको लागि विल पेस गरेको नदेखिएकोले म्याद समाप्त पश्चात निर्माण कार्य गरेको देखिएन । अत: निर्माण व्यवसायीसँग भएको सम्झौताको दफा ५५.१ तथा सार्वजनिक खरिद नियमावली बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी सार्वजनिक खरिद ऐन तथा सम्झौता बमोजिमको कारवाहीसमेत गरी ठेक्का सम्पन्न गर्नुपर्दछ ।

६६.४ **मूल्य समायोजन** - पालिका र निर्माण व्यवसायीबिच भएको सम्झौताको सर्तमा ठेक्का सम्झौता रकमको अधिकतम १० प्रतिशतसम्म मूल्य समायोजन दिन सक्ने उल्लेख छ । पालिकाले तेस्रो रनिङ बिलसम्मको मूल्य समायोजन रू.२०,०६,९१५।- भुक्तानी दिएकोमा रनिङ्ग विलको भुक्तानी परीक्षण गर्दा १० प्रतिशत भन्दा बढी भुक्तानी भएको देखियो । कार्यसम्पन्न हुँदा सम्झौता बमोजिम १० प्रतिशत ननाघ्ने गरी भुक्तानी दिनुपर्दछ ।

६७ **परामर्श सेवा**

पालिकाले विश्व बैकको ऋण सहयोगमा निर्माण गरिरहेको महेश्वरी मार्ग ५.०७५ कि.मी. र गोठगाउँ च्यूरामिल हुँदै पूर्वाञ्चल विश्वविद्यालय सडक ४.७३७ कि.मी. सडक निर्माण कार्यको डिजाईन र सुपरभिजन गर्न छनौट भएको परामर्शदाता GOEC - C2TECH - GIDAN - BEAM - COEMANCO JV छनौट गरी २०२३ जनवरी १३ मा रू.२,५८,१७,५५०।- मा सम्झौता गरेको छ । टाईमवेस्ट सम्झौता ३२ महिनाको लागि गरिएकोमा लेखापरीक्षण अवधि २०८१ मार्ग सम्म २३ महिना समाप्त भैसकेको छ । निर्माण कार्यको प्रगति शुन्य भएकोमा परामर्शदाताको अवधि करिव ७४ प्रतिशत अवधि समाप्त भैसकेको अवस्था छ । परामर्शदातालाई गत वर्ष रू.४८,०८,५८७।- र यो वर्ष देहायअनुसार रू.६३,४८,५२८।- समेत हालसम्म जम्मा रू.१,११,५७,११५।-(सम्झौता रकमको ४३.२२ प्रतिशत) भुक्तानी दिएको छ । परामर्श सेवा सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

| गोश्वारा भौचर | परामर्श दाता | रनिङ विल | भुक्तानी रकम |
|---|---|---|---|
| ५।२०८०।९।२६ | GOEC - C2TECH - GIDAN - BEAM - COEMANCO JV | दोस्रो | ४०४१६०० |
| २१।२०८१।३।१९ | GOEC - C2TECH - GIDAN - BEAM - COEMANCO JV | तेस्रो | २३०६९२८ |
| **जम्मा** | | | **६३४८५२८** |

६७.१ **परामर्शदाताको साईटमा उपस्थिति** - परामर्शदाता फर्मसँग भएको सम्झौतामा कन्सल्टेन्टको कामको नगरपालिकाले सुक्ष्म रुपमा सुपरभिजन गर्ने उल्लेख छ । परामर्शदाता फर्मले निर्माण व्यवसायीसँग भएको सम्झौता र स्वीकृत कार्यतालिका अनुसार जनशक्ति परिचालनको योजना तयार गरी पेश गरेको देखिएन । डिजाईन तथा सुपरीवेक्षणको लागि कन्सल्टेन्ट साईटमा उपस्थित भएको र वर्किङ सेड्युलमा उपस्थित रहेको देखिने टाईमसिटमा भुक्तानी दिने निकाय (नगरपालिका) ले प्रमाणित गरेको पाईएन । प्राविधिक प्रस्ताव अनुसारका जनशक्ति उपलब्ध नगराएकोले नगरपालिकाले परामर्शदाता फर्मलाई पटक पटक ताकेता गरे तापनि उक्त ताकेता सम्बन्धमा परामर्शदाता GOEC - C2TECH - GIDAN - BEAM - COEMANCO JV ले जिम्मेवार भई जवाफदेहीता वहन गरेको देखिएन ।

उचीत कारण वेगर प्रस्तावित टिमलिडर तथा कन्सल्टेन्ट परिवर्तन गर्ने, निर्धारित जनशक्ति उपलब्ध नगराउने लगायतका व्यवहारले परामर्शदाता फर्मले केवल बोलपत्र हातपार्ने उद्देश्यले जनशक्तिको विवरण प्रस्तुत गरेको अवस्था देखियो ।

६७.२ **परिवर्तन भई हाजिर हुनु पूर्वको पारिश्रमिक -** कन्सल्टेन्सी फर्मले टिम लिडर र सुपरभिजन तथा क्वालिटी कन्ट्रोल ईन्जिनियर परिवर्तन भएको भनि पत्र नगरपालिकामा दर्ता गरेको देखिन्छ । एक्सपर्टहरूले ब्याक डेटको पत्र बनाई लामो समयपछि मात्र नगरपालिकामा उपस्थित भएकोले सो अवधिसम्म उल्लिखित एक्पर्टहरू नगरपालिकाको काममा रहेको देखिँदैन । कन्सल्टेन्टको उपस्थिति विवरण कार्यालय प्रमुखबाट प्रमाणित गराएको देखिँदैन । कार्यालयमा उपस्थित नभएको कन्सल्टेन्ट फर्मको कर्मचारीलाई परिवर्तन भई कार्यालय उपस्थित हुनु पूर्वको पारिश्रमिक भुक्तानी दिन मिल्दैन । अत : कार्यालयमा उपस्थित भई कार्यसुरु नै नगरेको अवधिमा भुक्तानी दिएको देहायका एक्सपर्टको देहायअनुसारको पारिश्रमिक असुल गर्नु पर्ने रू.

| **एक्सपर्टको नाम** | **पत्र दर्ता मिति भन्दा पहिलेको अवधि** | **सोभन्दा पहिलेको पारिश्रमिक भुक्तानी दिन** | **दैनिक दर** | **रकम** |
|---|---|---|---|---|
| कि एक्सपर्ट | | | | |
| टिम लिडर भुवनेश्वर प्रसाद साह।एस एस कर्माचार्य | २०२३ जनवरी | १५ | | |
| टिम लिडर परिवर्तन भएको बीचको समय | २०२३ फेब्रुवरी १ देखि मार्च १६ | ४४ | | |
| कि एक्सपर्ट जम्मा | | ५९ | ८००० | ४७२००० |
| नन कि एक्सपर्ट | | | | |
| सुपरभिजन तथा क्वालिटी कन्ट्रोल ईन्जिनियर रोहित कुमार श्रेष्ठ/बी पी शाह | २०२३ जनवरी | १५ | | |
| | २०२३ फेब्रुवरी १ देखि मार्च १६ | ४४ | | |
| नन कि एक्सपर्ट जम्मा | | ५९ | ५८३३.३३ | ३४४१६७ |
| सपोर्ट स्टाफ | | | | |
| अफिस सपोर्ट स्टाफ | २०२३ जनवरी | १५ | १००० | १५००० |
| **कुल जम्मा** | | | | **८३११६७** |

| असुल गर्नुपर्ने | ८,३१,१६७ |
|---|---|

६७.३ **हाजिरी समय र हाजिरी प्रमाणित**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **६,३४८,५२८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

६८ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक जापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले ठेक्का नं SHM/MOR/NCB/W/26/2078/079 शान्ति मार्ग(ढकाल चोक पश्चिम) र नमुना मार्ग सडक स्तरोन्नती कार्यका निर्माण

व्यवसायी सुमित निर्माण सेवा(१०७८८८३७६) लाई उक्त निर्माण कार्यको कार्यसम्पन्न रकम रू.४४,०८,८६१।०१ भएकोमा अन्तिम बिल भुक्तानी दिँदा अन्तिम बिलको मूल्यांकन रकम रू.२९,८५,९६०।- मा पेस्की रू.४,२२,०००।- फस्र्योट गरी भुक्तानी दिनुपर्नेमा भौचर नं १०७-२०८०।६।२७ बाट फस्र्योट गर्नुपर्ने पेस्की रकम बाहेक रू.२६,३५,८४०।- भुक्तानी गरेकोले अन्तिम बिल वापत रू.३०,५७,८४०।- भुक्तानी दिएको देखियो । बिल रकम भन्दा रू.७१,८८०।- बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७१,८८० |

६९ **शीतभण्डार निर्माण**

नगरपालिकाले सङ्घीय सरकार समपूरक अनुदानबाट निर्माण सम्पन्न गर्ने गरी रू.१,९९,९९,९३८।- (मूल्य अभिवृद्धि कर समेत) लागत अनुमान रहेको शीतभण्डार निर्माण गर्न निर्माण व्यवसायी बि.एन.एस./डी.सी.ई.पी.एल जेभी नयाँबानेश्वरसँग २०८१।३।२० सम्म कार्य सम्पन्न गर्ने गरी २०८१।२।२ मा मूल्य अभिवृद्धि कर समेत रू.१,७०,००,०००।- को खरिद सम्झौता गरेको थियो । भेरिएशनबाट उक्त कार्यको संशोधित सम्झौता रू. १,६९,१४,६४०।५९ कायम भएको छ । उक्त खरिद सम्झौता सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन् :

६९.१ **गुणस्तर परीक्षण खर्च** - कार्यालय र निर्माण व्यवसायीबीच भएको सम्झौताको जनरल कण्डिशन अफ कन्ट्राक्टको गुणस्तर नियन्त्रण खण्डमा प्रोजेक्ट मेनेजरले निर्माण व्यवसायीलाई निर्माण कार्यको स्पेशिफिकेशनमा उल्लेख नभएको कुनै कुराको गुणस्तर परीक्षण गर्न निर्देशन गरेमा र उक्त परीक्षण कार्यमा निर्माण व्यवसायीले गरेको कार्यको गुणस्तरमा कुनै कमजोरी नदेखिएको अवस्थामा गुणस्तर परीक्षण खर्च वापतको रकमको भुक्तानी निर्माण व्यवसायीलाई दिनुपर्ने उल्लेख छ । निर्माण व्यवसायीलाई स्पेशिफिकेशनमा उल्लेख भएको भन्दा फरक परीक्षणको आदेश गरेको तथा निर्माण व्यवसायीले त्यस्तो प्रकारको परीक्षण गरेको प्रमाण वेगर स्पेशिफिकेशन अनुसार निर्माण व्यवसायीलेनै गर्नु पर्ने परीक्षणको प्रतिवेदन सम्लग्न गरी गुणस्तर परीक्षण वापत दावी गरेको रू.२१,६३०।- प्रोभिजनल समबाट भुक्तानी दिएको देखियो । सम्झौताको सर्त विपरित भुक्तानी दिएको रकम असुल गर्नु पर्ने रू.

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| ६९.१.१ | बि.एन.एस./डी.सी.ई.पी.एल जेभी | २१,६३० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,६३० |

६९.२ **कोष फिर्ता** - विनियोजन ऐन, २०८० को दफा ६ को उपदफा १० मा ससर्त, समपूरक र विशेष अनुदानको रकम खर्च नभई वचत भएमा सोही आर्थिक वर्षभित्र सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नु पर्ने उल्लेख छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० (४) मा आर्थिक वर्षको अन्त्यमा बजेट फ्रिज हुन नदिने उद्देश्यले कसैलाई पेस्की दिन वा त्यस्तो रकम अन्य कुनै कोषमा जम्मा गर्न नहुने उल्लेख छ । कोल्डस्टोर निर्माणको लागि समपूरक अनुदान रू.१,००,००,०००।- प्राप्त भएको छ। कोल्डस्टोर निर्माण कार्यमा यो वर्ष जम्मा रू.१,१०,७६,३१५।३५ खर्च भएको छ । उक्त खर्चको ५० प्रतिशतले हुने रू.५५,३८,१५८।- समपूरक अनुदानबाट खर्च लेखी बाँकी हुने रू.४४,६१,८४२।- समपूरक अनुदान रकम विनियोजन ऐन, २०८० को दफा ६ को उपदफा १० बमोजिम सोही आर्थिक वर्षभित्र सङ्घीय सञ्चित कोषमा फिर्ता भएको नदेखिएकोले उक्त रकम फिर्ता गरी प्रमाण पेश गर्नु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४४,६१,८४२ |

६९.३ **विद्युत जडान** - प्राधिकरणमा सुन्दहरैंचा नगरपालिकाले अग्रिम जम्मा गरेको मौज्दात रू.७,२७,२३६।६८ बाट कोल्डस्टोर सञ्चालनको लागि ३ फेज लाईन जडान गर्न अनुरोध गरेको देखिन्छ । विद्युत जडान कार्य सम्पन्न भई कोल्डस्टोर सञ्चालन भएको प्रमाण पेश हुन सकेन ।

६९.४ **कोल्डस्टोर सञ्चालन कार्यविधि** - निर्माण गरेको कोल्डस्टोरको दिगो उपयोगको लागि पालिकाले सञ्चालन कार्यविधि तयार गर्नु पर्दछ । पालिकाले कोल्डस्टोर सञ्चालन सम्बन्धी कार्यविधि तयार गरेको छैन । सञ्चालन गर्ने जिम्मेवार व्यक्ति/संस्था, स्टोर गर्न सकिने वस्तु,

स्टोर गर्न सकिने अवधि, लाग्ने शुल्क, मर्मतसम्भार व्यवस्थापन तथा पालिकालाई प्राप्त हुने प्रतिफलसमेत स्पष्ट हुने गरी कार्यविधि बनाउनु पर्दछ ।

७० **प्रिमिक्समा बढी भुक्तानी**

सडक विभागको Standard Specification for Road and Bridge Works को clause no. 1310 मा प्रिमिक्सको मोटाई 20mm हुने उल्लेख छ । पालिकाले देहायबमोजिमको ठेक्का अन्तर्गत सडक निर्माण कार्यमा प्रिमिक्स कार्पेटिङ गर्दा 30mm मोटाई राखी देहायबमोजिमको बढी परिमाणको भुक्तानी दिएको देखिन्छ । नर्म्समा उल्लेख भएभन्दा बढी मोटाई नापजाँच गरी भुक्तानी दिएको नियमित नदेखिएको रू.

| क्र.सं. | ठेक्का नं | योजनाको नाम | निर्माण व्यवसायीको नाम | भुक्तानी दिएको परिमाण घ.मि. | भुक्तानी दिनुपर्ने परिमाण घ.मि. | बढी परिमाण घ.मि. | दर प्रति घ.मि. | रकम | मूल्य अभिवृद्धि कर सहितको रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | SHM/MOR/NCB/W/24/2078/079 | चित्रेटोल कर्जुना पचाम सडक कालोपत्रे | सुमित निर्माण सेवा | ३३२.४४ | २२१.६२ | ११०.८१ | १०५०० | ११६३५४० | १३१४८०० |
| २ | SHM/MOR/NCB/W/46/2078/079 | मुनाल मार्ग कालोपत्रे निर्माण | सयपत्री मल्टिपर्पोज कम्पनी प्रा.लि. | १२९.७६ | ९१.४७ | ३८.२९ | १२५०० | ४७८६२५ | ५४०८४६ |
| ३ | SHM/MOR/NCB/W/26/2078/079 | शान्ति मार्ग(ढकाल चोक पश्चिम) र नमुना मार्ग सडक स्तरोन्नती | सुमित निर्माण सेवा | १४१.८९ | ९४.५९ | ४७.२९ | १०५०० | ४९६५४५ | ५६१०९६ |
| **जम्मा** | | | | | | | | | **२४१६७४२** |

| | |
|---|---|
| अनियमित भएको | २४,१६,७४२ |

७१ **लागत अनुमान भन्दा बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को को नियम १२३ (ख) मा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पन्नको आधारमा भुक्तानी गर्नु पर्ने उल्लेख छ । पालिकाले ठेक्का नं. SHM/MOR/NCB/W-12/2079/080 वडा नं ९, १० र १२ विभिन्न सडकमा कालोपत्रे तथा पेवल्स गर्ने कार्य (प्याकेज)को लागि निर्माण व्यवसायी माँ विन्धवासिनी कन्स्ट्रक्सन प्रा.लि.सँग मिति २०८०।४।१ मा रू.१,०७,७८,३४८।१४ को खरिद सम्झौता गरी कार्य गरेकोमा दोस्रो रनिङ बिलसम्मको भुक्तानी गर्दा प्रनाम मार्गमा कालोपत्रे गर्ने कार्यको लागि देहायबमोजिमको कार्यमा VO नगरीकन लागत अनुमानमा उल्लिखित परिमाणभन्दा बढी परिमाणको नापजाँच गरी भुक्तानी गरेको देखियो । लागत अनुमानभन्दा बढी परिमाणको कार्य भएको अवस्थामा भुक्तानी होल्ड गर्ने वा भेरिएसन गरेर मात्र भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ ।

| क्र.सं. | कार्य | लागत अनुमानमा भएको परिमाण | भुक्तानी परिमाण | बढी परिमाण | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | सब ग्रेड | १६२.६४ | १८७.२९ | २४.६५ | ३०० | ७३९५ |
| २ | सब बेस | १२३.१२ | १५३.५१ | ३०.३९ | १४०० | ४२५४६ |
| ३ | बेस | २०३.६८ | २३८.४६ | ३४.७८ | १९०० | ६६०८२ |
| ४ | प्राईम कोट | १६२६.४ | १८७२.९१ | २४६.५१ | १३५ | ३३२७८.८५ |
| ५ | ट्याक कोट | ८१३.२ | ९०६.६३ | ९३.४३ | १३० | १२१४५.९ |
| ६ | अस्फाल्ट | ६५.०६ | ७४.९२ | ९.८६ | २१००० | २०७०६० |
| | जम्मा | | | | | ३६८५०७.७५ |
| **भ्याट सहित रकम** | | | | | | **४१६४१३.७५** |

७२ **गुणस्तर परीक्षण खर्च**

पालिका र देहायबमोजिमको निर्माण व्यवसायीबीच भएको सम्झौताको जनरल कण्डिशन अफ कन्ट्राक्टको गुणस्तर नियन्त्रण खण्डमा प्रोजेक्ट मेनेजरले निर्माण व्यवसायीलाई निर्माण कार्यको स्पेशिफिकेशनमा उल्लेख नभएको कुनै कुराको गुणस्तर परीक्षण गर्न निर्देशन गरेमा र उक्त परीक्षण कार्यमा निर्माण व्यवसायीले गरेको कार्यको गुणस्तरमा कुनै कमजोरी नदेखिएको अवस्थामा गुणस्तर परीक्षण खर्च वापतको रकमको भुक्तानी निर्माण व्यवसायीलाई दिनुपर्ने उल्लेख छ। पालिकाले निर्माण व्यवसायीलाई स्पेशिफिकेशनमा उल्लेख भएको भन्दा फरक परीक्षणको आदेश गरेको तथा निर्माण व्यवसायीले त्यस्तो प्रकारको परीक्षण गरेको प्रमाण वेगर नियमित रूपमा निर्माण व्यवसायीले गर्नु पर्ने गुणस्तर परीक्षण वापत दावी गरेको रकम प्रोभिजनलसमबाट भुक्तानी दिएको देखियो । सम्झौताको सर्त विपरित भुक्तानी दिएको रकम असुल गर्नु पर्ने रू.

| क्र.सं. | गो.भौ.नं.-मिति | ठेक्का नं | योजनाको नाम | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | १३०-२०८०।७।१ | SHM/MOR/NCB/G-13/2079/080 | ओमशान्ती चोक देखि महेश्वर मार्ग कालोपत्रे वडा नं ६ | जगदम्बा विपिन निर्माण सेवा(६०७५४८८८) | ५०००० |
| २ | २०८-२०८०।१०।८ | SHM/MOR/NCB/W/24/2078/079 | चित्रेटोल कर्जुना पचाम सडक कालोपत्रे | सुमित निर्माण सेवा 107888376 | ३४९७७ |
| ३ | २५-२०८१।३।२३ | SHM/MOR/NCB/W/8/2080/081 | ओमशान्ती चोकदेखि महेश्वर मार्ग कालोपत्रे | तिनमुडे कन्स्ट्रक्सन प्रा.लि. 609614529 | ४४५२९ |
| ४ | १३६-२०८०।७।२ | SHM/MOR/NCB/W/46/2078/079 | मुनाल मार्ग कालोपत्रे | सयपत्री मल्टिपर्पोज कम्पनी प्रा.लि. (६०३५२०१८५) | ११११५० |
| ५ | २१२-२०८०।१०।१० | SHM/MOR/NCB/W-19/2079/080 | वडा नं २ भवन निर्माण | नानोकन इन्जिनियर्स एण्ड विल्डर्स (६०९९४५४५६) | २९२०० |
| ६ | २१६-२०८०।१०।९ | SHM/MOR/NCB/W-21/2079/080 | वडा नं ४, ५, ८ र २२ सडक मर्मत | गौरिनिलकण्ठ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (६१०४४१८२८) | ४०११५ |
| ७ | २९-२०८१।३।२४ | SHM/MOR/NCB/W-22/2080/081 | रणकाली मन्दिर सौन्दर्यीकरण | प्रकृति एण्ड प्रसन्न निर्माण सेवा | २८००० |
| ८ | ५६८-२०८१।३।१९ | SHM/MOR/NCB/W-18/2079/080 | १,५,६,९ र ११ को सडक कालोपत्रे | भिमाशंकर कन्स्ट्रक्सन (११९४०९६८४) | ४५४३७ |
| ९ | ३७६-२०८१।१।१० | SHM/MOR/NCB/W-12/2079/080 | ९,१० र १२ का विभिन्न सडकमा कालोपत्रे तथा पेवल्स जडान | माँ विन्धवासिनी कन्स्ट्रक्सन प्रा.लि. | ३०५१० |
| १० | १११-२०८०।६।२७ | SHM/MOR/NCB/W-7/2079/080 | वडा नं २,७,९ र १० सडक कालोपत्रे | अम्बर निर्माण सेवा (६००५३३१८८) | ९१०० |
| ११ | ४३७-२०८१।२।३ | SHM/MOR/NCB/W-17/2079/080 | आरसिसि कल्भर्ट निर्माण | तीनमुढे कन्स्ट्रक्सन प्रा.लि. (६०९६१४५२९) | २९१९० |
| १२ | १५२-२०८०।८।६ | SHM/MOR/NCB/W-10/2079/080 | श्री महेन्द्र माध्यमिक विद्यालय निर्माण | Guys Builders Pvt. Ltd. | २७७०० |
| १३ | ४-२०८१।०३।१९ | SHM/MOR/NCB/W-51/2077/078 | हसिना सिमसार पार्क | सिएम-महांकाल जे.भी. | ७८००० |
| **जम्मा** | | | | | **४५७९०८** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,५७,९०८ |

७३ **म्याद थप**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२० तथा ठेक्का सम्झौतामा म्याद थप गर्न सक्ने व्यवस्था छ । ठेक्का नं १९।२०८०।८१ वडा नं ३, ८, १० र १२ का ४ ठाउँमा (प्याकेज) अन्तर्गत सडकको निर्माण कार्यका निर्माण व्यवसायी मोरङ कन्स्ट्रक्नससँग मिति २०८१।१।१६ मा उक्त कार्यको लागि रू.१,१८,७५,५२९।१२ मा भएको सम्झौताको विशेष शर्त अन्तर्गत जीसीसी ५५ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको

म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । पालिकाले भौचर नं. ५८१-२०८१।३।२१ मा प्रथम रनिङ बिल रू.७६,०१,२६०।– भुक्तानी दिएकोमा सडक निर्माण योजनाको निर्माण कार्यको म्याद २०८१।३।१५ मा समाप्त भएको र मिति २०८१।२।२५ मा म्याद थपका लागि निवेदन पेश गरेकोमा कार्यालयबाट कार्यसम्पादन जमानत र बिमाको म्याद थपको लागि विभिन्न समयमा पत्राचार गरेको देखिन्छ । निर्माण व्यवसायीले कार्यसम्पादन जमानत र कार्यतालिका पेश गरेतापनी उक्त कार्यतालिका अनुसारको कार्य सम्पन्न गर्ने समयावधिमा समेत कार्य सुचारु नगरेकोले पालिकाले मिति २०८१।७।१४ मा कार्यसम्पादन जमानत जफत गरेको तथा उक्त खरिद सम्झौताको म्याद थप गरेको देखिएन । निर्माण व्यवसायीसँग भएको सम्झौताको सर्त र खरिद ऐन तथा नियमावलीको उपर्युक्त व्यवस्था अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति रकम असुल गरी कार्यसम्पन्न गराउनु पर्दछ ।

७४ **स्वीकृत ड्रइङ्ग डिजाइनभन्दा बढी परिमाण भुक्तानी**

पालिकाले ठेक्का नं १७।२०७९।८० का निर्माण व्यवसायी तीनमुढे कन्स्ट्रक्सन प्रा.लि.(६०९६१४५२९)लाई RCC Slab Culvert निर्माण कार्यको बटम स्लाबमा RCC M20/40 को परिमाण 7*7*0.49 नापजाँच गरी भुक्तानी दिएको छ । उक्त निर्माण कार्यको ड्रइङ्गमा ग्राउण्ड लेभल देखि बटमस्लाबको माथिल्लो भागसम्मको उचाई 2.350m रहेकोमा स्टोन मेसनरी वालको उचाई 1.5m, सोलिङ 0.20m, पिसिसि 0.20m मोटाईको भुक्तानी दिएकोले RCC M20/40 को मोटाई 0.45m हुने देखिएकोले 0.04m बढी परिमाण नापजाँच गरी सोही बमोजिम भुक्तानी दिएको देखिन्छ । बढी परिमाण 1.96 m3 (7*7*0.04) नापजाँच गरी प्रति घनमिटर रू.१०,२९७।- का दरले भुक्तानी दिएकोले रू.२०,१८२।१२ र सोको मूल्य अभिवृद्धि कर रकम रू.२,६२३।६७ समेत रू.२२,८०५।- असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,८०५ |

७५ **ठेक्का नं SHM/MOR/NCB/W-7/2079/2080 (वडा नं २,७,९ र १० मा सडक कालोपत्रे)**

पालिकाले वडा नं २, ७, ९ र १० मा सडक कालोपत्रे निर्माण कार्यको लागि निर्माण व्यवसायी अम्बर निर्माण सेवा (६००५३३१८८) सँग मिति २०८०।१।३१ मा २०८०।६।३० सम्म कार्यसम्पन्न गर्ने गरी रू.६७,५१,९७६।८१ को सम्झौता भएको छ । सडक निर्माण कार्यको मिति २०८०।३।२२ मा नापी गरी भौचर नं १११-२०८०।६।२७ बाट प्रथम रनिङ बिल रू.१६,८५,२१५।- भुक्तानी दिएको देखिन्छ । उक्त खरिद सम्झौता सम्बन्धमा देखिएका थप व्यहोराहरू निम्नानुसार छन्:

७५.१ **म्याद थप** - वर्षाको कारण देखाई २०८०।९।१५ सम्म म्याद थप भएको उक्त कार्यको २०८०।६।२७ पश्चात काममा उदासिनता देखाई कार्य प्रगति नगरेकोले लेखापरीक्षण अवधि २०८१ मार्गसम्म पनि नगरपालिकाले निर्माण कार्यको म्याद थप गरेको देखिँदैन । सो अवधिमा निर्माण व्यवसायीले भुक्तानीको लागि बिल पेस गरेकोसमेत देखिएन । खरिद सम्झौता अनुसार कार्य नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐनको दफा ५९ र खरिद सम्झौताबमोजिमको कारवाही गरी कार्यसम्पादन जमानत रोक्का गर्नु पर्दछ ।

७५.२ **बेसकोर्स गरी छाडेको** - सडक निर्माण कार्यको प्रथम रनिङ बिलको नापी किताब परीक्षण गर्दा उक्त निर्माण व्यवसायीले बेस कोर्सको कार्य गराई कालोपत्रे नगरी छाडेको पाइयो । बेस कोर्सको कार्यको लागि रू.५,७४,०२०।- भुक्तानी भएको छ । यसरी तत्काल कालोपत्रे नहुने अवस्थामा गराइएको बेस कोर्स कालोपत्रेको लागि उपयुक्त नहुने हुँदा कालोपत्रे गर्दा गुणस्तरिय निर्माण कार्य गराई सो को प्रमाण पेश गर्नु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,७४,०२० |

७६ **ठेक्का नं. SHM।MOR।NCB।TDF।W।३३।२०७८।०७९**

नगर विकास कोषको ऋण सापटी र पालिकाको समपूरक कोषबाट खर्च गर्ने गरी पालिकाले रू.१३,१५,८५,१०६।३३ लागत अनुमानमा बुधबारे कृषि बजार भवन तथा अन्य संरचना निर्माण कार्य २०८१।११।२४ भित्र सम्पन्न गर्ने गरी निर्माण व्यवसायी ए एम कन्सट्रक्सनसँग २०७९।११।२५ मा रू.११,८२,०२,६१०।६० को खरिद सम्झौता गरेको छ । निर्माण कार्यमा यो वर्ष तस्रो रनिङ बिलसम्म रू.५,०५,५२,७३८।३० भुक्तानी भएको छ । उक्त खरिद सम्झौता सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन् –

७६.१ **लाभ लागत विश्लेषण** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तदायित्व नियमावली, २०७७ को नियम २६ (६) मा प्रदेश तथा स्थानीय तहमा कार्यन्वयन गरिने योजनाको पहिचान वर्गीकरण, छनौट तथा प्राथमिकीकरण गरी योजना स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ। विकास आयोजनाको बजेट तर्जुमा गर्दा सम्भाव्यता अध्ययन र आर्थिक प्राविधिक वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत बिचार गरी त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने उल्लेख छ । पालिकाले बुधवारे कृषि बजार भवन तथा अन्य संरचना निर्माण गर्न नगर विकास कोषसँग रू.११,४१,५०,४००।- ऋण सम्झौता गरेको छ। सम्झौता मितिले २ वर्षको सहुलियत अवधि सहित नगरपालिकाले मञ्जुर गरे अनुसारको किस्ता दरबाट ३६ अर्धवार्षिक किस्तामा जम्मा २० वर्षभित्र साँवा र व्याजसहित कोषलाई भुक्तानी गर्नु पर्ने, कोषसँग ऋण सम्झौता गरेको मितिदेखि सहुलियत अवधिको गणना हुने र ऋण रकम निकासा भएको मितिबाट ८ प्रतिशत व्याज लाग्ने सर्त सहित २०७८।९।५ मा उक्त ऋण सम्झौता गरेको देखिन्छ । उक्त सर्त अनुसार २०८०।९।५ मा सहुलियत अवधि समाप्त भैसकेकोमा निर्माण कार्यमा ४२.३६ प्रतिशतमात्र वित्तीय प्रगति भएको देखिन्छ । कृषि बजार भवनको संभावित न्यूनतम आय खुलाई योजनाको लाभ लागत विष्लेषण सहितको सम्भाव्यता अध्ययन प्रतिवेदन पेस हुन नसकेकोले नगर विकास कोषको ८ प्रतिशत व्याजदर र निर्माण लागतमा उक्त योजना सम्भाव्य रहेको छ भन्न सक्ने अवस्था देखिएन । आयोजनाबाट हुने प्रतिफलसमेत विचार गरी ऋण रकम लगानी गर्नुपर्दछ ।

७६.२ **साँवा तथा व्याज भुक्तानी** - नगरपालिकाले प्राप्त ऋण र भुक्तानी तालिका सहितको ऋण खाता राखेको छैन । पालिका र नगर विकास कोषबीच सम्पन्न ऋण सम्झौताको भुक्तानी तालिका अनुसार यस नगरपालिकाले २०८० पौषमा साँवा रू.३३,२१,७७७।- र ब्याज रू.४४,४०,९०७।- समेत रू.७७,६२,६८४।- र २०८१ असारको साँवा रू.३३,२१,७७७।- र ब्याज रू.४६,५०,४८७।- समेत रू.७९,७२,२६४।- गरी यो आर्थिक वर्षमा जम्मा दायित्व रू.१,५७,३४,९४८।- भुक्तानी गर्नु पर्ने देखिन्छ । कार्यालयको स्रेस्ता परीक्षण गर्दा ब्याज रू.९,१८,६१६।- र साँवा रू.२०,००,०००।- समेत जम्मा रू.२९,१८,६१६।- मात्र भुक्तानी दिएको देखियो । नियमित रुपमा दायित्व भुक्तानी गर्नु पर्दछ ।

७६.३ **गुणस्तर परीक्षण खर्च** - कार्यालय र निर्माण व्यवसायीबीच भएको सम्झौताको जनरल कण्डिशन अफ कन्ट्राक्टको गुणस्तर नियन्त्रण खण्डमा प्रोजेक्ट मेनेजरले निर्माण व्यवसायीलाई निर्माण कार्यको स्पेशिफिकेशनमा उल्लेख नभएको कुनै कुराको गुणस्तर परीक्षण गर्न निर्देशन गरेमा र उक्त परीक्षण कार्यमा निर्माण व्यवसायीले गरेको कार्यको गुणस्तरमा कुनै कमजोरी नदेखिएको अवस्थामा गुणस्तर परीक्षण खर्च वापतको रकमको भुक्तानी निर्माण व्यवसायीलाई दिनुपर्ने उल्लेख छ । निर्माण व्यवसायीलाई स्पेशिफिकेशनमा उल्लेख भएको भन्दा फरक परीक्षणको आदेश गरेको तथा निर्माण व्यवसायीले त्यस्तो प्रकारको परीक्षण गरेको प्रमाण वेगर स्पेशिफिकेशन अनुसार निर्माण व्यवसायीलेनै गर्नु पर्ने परीक्षणको प्रतिवेदन सम्लग्न गरी गोश्वारा भौचर नं. ५०४।२०८१।३।४ बाट भुक्तानी दिएको तेस्रो रनिङ बिलसम्ममा गुणस्तर परीक्षण वापत दावी गरेको रू.५२,५५३।- प्रोभिजनल समबाट भुक्तानी दिएको देखियो । सम्झौताको सर्त विपरित भुक्तानी दिएको रकम असुल गर्नु पर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५२,५५३ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : सुन्दरहरैंचा नगरपालिका, मोरङ , सुन्दरहरैंचा नगरपालिका , मोरङ्ग

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Binod Kumar Neupane | २०८०-११-१६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Ambika Prasad Chaulagain | २०७९-१२-२९ | २०८०-११-१५ |
| लेखा प्रमुख | Shaligram Dahal | २०८०-११-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Punya Prasad Dhakal | २०८०-३-२४ | २०८०-११-२ |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,६०९,०६०.६ | २१,७५३,२२३ | १८,८६१,८०७ | ० | ० | ४२०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४३,६४४,०९०.६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ६,५१६,९४२.२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३७,१२७,१४८.४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २१४०८४८०२.६२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५९४२०८२०६.७१ | **चालु खर्च** | ५९९१५६१३१.९२ |
| **प्रदेश सरकारबाट अनुदान** | ३०२३०३७२ | **पूँजीगत खर्च** | ४४८९८९०४० |
| **राजश्व बाँडफाँट** | २४६५५००५२.९८ | **वित्तीय/अन्य व्यवस्था** | ५०६७६११९६.४९ |
| **आन्तरिक आय** | १३६६६८८२१.३५ | | |
| **अन्य आय** | ६७२०१०५४७.७२ | | |
| **कुल आय** | १६७९६६८०००.७६ | **कुल खर्च** | १५५४९०६३६८.४१ |
| **बाँकी मौज्दात** | | ३३८८४६४३४.९७ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा यस स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेस्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेस्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- भारी यन्त्र उपकरणहरू निःशुल्क रूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- नगरपालिकामा निर्माणाधीन शीतभण्डार, वडा कार्यालय भवन लगायतका संरचनाहरु समयमै सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।